CC-0. In Public Domain. Digitization by eGangotri

किराती सभ्यताको केन्द्रबिन्दु

खुवालुङ

डा. भक्त राई

नेपाल प्रज्ञा-प्रतिष्ठान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

किराती सभ्यताको केन्द्रबिन्दु खुवालुङ

डा. भक्त राई

नेपाल प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

किराती सभ्यताको केन्द्रविन्दु : खुवालुङ

लेखक : डा. भक्त राई
प्रकाशक : नेपाल प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौँ

सर्वाधिकार : प्रकाशकमा

संस्करण : प्रथम, वि.सं. २०८१ (१२०० प्रति)
आवरणसज्जा/लेआउट : वसन्तराज अज्ञात
मुद्रक : प्रज्ञा छापाखाना
कमलादी, काठमाडौँ
मूल्य : रु.१७५।-

ISBN : 978-9937-781-92-3

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुलपतिको मन्तव्य

नेपालका सबै भाषा, साहित्य, संस्कृति, दर्शन तथा सामाजिक शास्त्रको संरक्षण, संवर्धन, अनुसन्धान र विकास नेपाल प्रज्ञा-प्रतिष्ठानको मूल जिम्मेवारी हो। 'रोयल नेपाल एकेडेमी', 'नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान' हुँदै हालको स्वरूपमा विकसित नेपाल प्रज्ञा-प्रतिष्ठान वि.सं. २०१४ मा स्थापित 'नेपाल एकेडेमी'को अविच्छिन्न उत्तराधिकारीवाला संस्था त हुँदै हो, साथसाथै नेपाली जनताका पटकपटकका सङ्घर्ष, बलिदान र परिवर्तनका मूल्य, मान्यता र उपलब्धिलाई प्राज्ञिक रूपमा स्थापित गर्नुपर्ने गहन अभिभारा बोकेको संस्था पनि हो।

नेपाली जनताका विभिन्न सङ्घर्ष, जनयुद्ध तथा २०६२/६३ को जनआन्दोलनको उपलब्धिका रूपमा स्थापित सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालका उपलब्धि र जनभावनाको सम्बोधनका लागि प्राज्ञिक क्षेत्रबाट पूरा गर्नुपर्ने दायित्वलाई आत्मसात् गरेर अघि बढ्नुपर्छ भन्ने विषयमा नेपाल प्रज्ञा-प्रतिष्ठान पूर्णतः प्रतिबद्ध रहेको छ। त्यसैले यस गरिमामय प्राज्ञिक संस्थाको वर्तमान नेतृत्वमा रहेका हामी 'सबै भाषा सबै ज्ञान, सबैको प्रज्ञा-प्रतिष्ठान' भन्ने मूल मन्त्रलाई आत्मसात् गर्दै अघि बढेका छौँ।

भाषा, साहित्य, संस्कृति, दर्शन र सामाजिक शास्त्रका क्षेत्रमा गोष्ठी, सेमिनार, अध्ययन, अनुसन्धान, अनुवाद, सिर्जना तथा प्रकाशन हाम्रो मूल कार्यक्षेत्र हो। यसैको शृङ्खलास्वरूप प्रस्तुत कृतिको प्रकाशन हुन गएको छ। डा. भक्त राईद्वारा लिखित प्रस्तुत कृति 'किराती सभ्यताको केन्द्रविन्दु : खुवालुङ' ले नेपालको सर्वाधिक प्राचीन जाति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

किरातीहरूको मौखिक रूपमा बाँचिरहेको सभ्यता र संस्कृतिको धरोहरलाई लेखीकरण गरेको छ । नेपाल प्रज्ञा-प्रतिष्ठानको 'संस्कृति, लोकवार्ता तथा मौखिक इतिहास' विभागअन्तर्गत प्रकाशनमा आएको यस कृतिले नेपाली सांस्कृतिक क्षेत्रमा आफ्नो विशिष्ट उपस्थितिसहित महत्त्वपूर्ण योगदान पुऱ्याउने छ भन्ने कुरामा म आशावादी छु ।

भूपाल राई
(कुलपति)
प्रमुख,
संस्कृति, लोकवार्ता
तथा
मौखिक इतिहास
नेपाल प्रज्ञा-प्रतिष्ठान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकीय

नेपाल प्रज्ञा-प्रतिष्ठान प्राज्ञ-कर्मको केन्द्रीय स्थल हो। वि.सं.२०१४ सालमा साहित्य-कला एकेडेमीका रूपमा स्थापना भएको यस प्रतिष्ठानले परिवर्तित सन्दर्भसँगै आफ्ना कर्म र स्वरूपलाई समेत परिमार्जन र विकास गर्दै आएको छ। नेपालको संविधान २०७२ को मर्म र भावना अनि प्रज्ञा-प्रतिष्ठान ऐनले निर्दिष्ट गरेका कार्य र उद्देश्यलाई हृदयङ्गम गर्दै अगि बढ्न वर्तमान प्राज्ञ परिषद् प्रतिबद्ध रहेको छ। यसैले 'सबै भाषा सबै ज्ञान, सबैको प्रज्ञा-प्रतिष्ठान' भन्ने उद्घोषका साथ यसले नेपाली भाषा-साहित्यका साथै नेपालमा बोलिने सबै मातृभाषा र तिनका साहित्यको संरक्षण र विकासलाई पनि आफ्नो दायित्व सम्झेको छ। यस प्रतिष्ठानले विभिन्न एघारओटा विभागहरूमार्फत भाषा, साहित्य, संस्कृति, समाजशास्त्र र दर्शनशास्त्रका विविध विषयमा गोष्ठी, प्रवचन, अनुसन्धान र प्रकाशनहरू गर्दै आइरहेको छ।

यसै सिलसिलामा 'किराती सभ्यताको केन्द्रबिन्दु खुवालुङ' ग्रन्थ प्रकाशन हुन लाग्दै छ। आठ अध्यायमा किराती सभ्यताको परिचय निर्माण, संस्कृति, प्रभाव, भौगोलिक बनोट आदि विषयमा केन्द्रित भई किरात जातिको मुन्दुमबारे दृष्टिकोण, यसको प्राचीनताबारे तर्क दिँदै विद्वान् लेखक डा. भक्त राईज्यूले प्रस्तुत ग्रन्थमा खुवालुङबारे विहङ्गम अनुसन्धान गर्नुभएको छ। खुवालुङबारे किरात जातिका विभिन्न मत र प्रचलित मिथकलाई उदाहरणसहित प्रस्तुत गर्दै लेखकले यसको क्षेत्र पनि खुट्याउनुभएको छ। यसरी किरात जाति र खुवालुङको सम्बन्धलाई विविध विचार, दृष्टिकोणबाट पर्गेल्दै ग्रन्थ तयार गर्नुभएकाले डा. राईको यस ग्रन्थमा निकै परिश्रमपूर्ण अनुसन्धान रहेको छ। यसैले ग्रन्थकार डा. भक्त राईज्यूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ। साथै यस ग्रन्थको प्रकाशनमा सहयोग गर्ने भाषा-सम्पादक, साजसज्जा प्राविधिक र सम्बद्ध सम्पूर्ण कर्मचारी सबैमा हार्दिक धन्यवाद।

नेपाल प्रज्ञा-प्रतिष्ठान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लेखकीय

'खुवालुङ' किरातीहरूको प्रागैतिहासिक एवं सांस्कृतिक स्थल हो। त्यसैले खुवालुङ किरातीहरूको संस्कृति र सभ्यताको आधारस्तम्भ पनि हो।

किरात अत्यन्त प्राचीन जाति हो भन्ने कुरा त प्राचीन संस्कृत वाङ्मयहरू र स्वयं किरातीहरूका मुन्दुमी विवरणहरूबाटै प्रस्ट हुन्छ। भारतीय उपमहाद्वीपका विभिन्न क्षेत्रहरूमा फैलिएर बसोबास गर्ने प्राचीन किरातीहरू वर्तमान समयमा भने अन्य विभिन्न जाति, उपजाति, वंश, थर, गोत्र, पाछा, सामाई आदिमा विभाजित भइसकेका हुनाले किराती भन्नाले मूलतः राई, लिम्बू, सुनुवार, याक्खा, जिरेल आदिलाई मात्र चिनिन्छ। प्रस्तुत अनुसन्धान यिनै किराती जातिका महत्त्वपूर्ण ऐतिहासिक-सांस्कृतिक केन्द्र खुवालुङका विषयमा केन्द्रित छ। खुवालुङको शाब्दिक अर्थ पानीमा रहेको ढुङ्गा भन्ने लाग्दछ। तर प्रस्तुत अनुसन्धान जुनसुकै ढुङ्गाको नभई किरातीहरूको संस्कृति र सभ्यताको केन्द्र भनिएको खुवालुङका बारेमा केन्द्रित छ। यो खुवालुङ नेपालको हालको एक नम्बर प्रदेशमा पर्ने धनकुटा र उदयपुर जिल्लाको सिमानामा बहने सप्तकोसीको सङ्गमस्थलमा पर्दछ।

खुवालुङबारे अनुसन्धान गर्दा प्रत्यक्ष रूपमा सम्बन्धित स्थलमा पुगी स्थानीय जानकार व्यक्ति, किराती जाति र योसँग सम्बन्धित सांस्कृतिक अध्येताहरू, लेखक, अन्वेषकहरू, धामी, झाँक्री, माङ्पा, फेदाङ्वाहरूसँग आवश्यक जानकारी लिइएको छ। यसका अतिरिक्त खुवालुङसँग सम्बन्धित पूर्वप्रकाशित पुस्तक, पत्रपत्रिका, जर्नल, स्मारिका, वृत्तचित्र, चलचित्र, नाटक, गीत, शिलालेख, ताम्रपत्र आदिको पनि अध्ययन-अनुसन्धान गरिएको छ। यसै गरी प्राचीन संस्कृत वाङ्मयहरू वेद, पुराण, महाभारत, मनुस्मृति आदिसँग सम्बन्धित सामग्रीहरूको पनि अध्ययन गरिएको छ। यसरी यी सम्पूर्ण प्राथमिक तथा द्वितीयक स्रोत सामग्रीहरूका आधारमा खुवालुङको ऐतिहासिक, सांस्कृतिक, पुरातात्त्विक विवेचना गरिएको छ। खुवालुङ सप्तकोसीका बिच भागमा अवस्थित भएकाले त्यहाँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुग्न मोटरबोट (स्टिमर) को प्रयोग गरिएको छ भने प्रस्तुत अनुसन्धानमा क्यामेरा रेकर्डर आदि सामग्रीको पनि प्रयोग गरिएको छ ।

किरातीहरूको अत्यन्तै महत्त्वपूर्ण सांस्कतिक तथा ऐतिहासिक स्थल खुवालुङबारेमा शीर्षक नै तोकेर मलाई अनुसन्धान गर्न प्रेरित गर्नुहुने नेपालका प्रकाण्ड विद्वान् नेपाल प्रज्ञा-प्रतिष्ठानका पूर्वउपकुलपति आदरणीय डा. जगमान गुरुङज्यूलाई कृतज्ञता प्रकट गर्ने शब्द मसँग छैन । उहाँले मलाई मात्र होइन, सम्पूर्ण किरातीहरूलाई नै अत्यन्त ठुलो गुन लाउनुभएको छ । उहाँकै सदाशयता र इच्छाकै कारण खुवालुङसम्बन्धीको यो अनुसन्धान र प्रकाशन हुन सकेको हो । हुन त खुवालुङसम्बन्धी थुप्रै अध्ययन, अनुसन्धान, प्रकाशनका कार्यहरू नभएका होइनन्, परन्तु सरकारीतर्फबाट र त्यसमा पनि नेपाल प्रज्ञा-प्रतिष्ठान जस्तो नेपालको आधिकारिक एवं सर्वोच्च प्राज्ञिक संस्थाबाट किराती जातिको महत्त्वपूर्ण ऐतिहासिक, सांस्कृतिक स्थलको अध्ययन, अनसन्धान तथा प्रकाशन हुनु सम्पूर्ण किरातीहरूकै महत्त्वपूर्ण उपलब्धि हो ।

यति महत्त्वपूर्ण कार्यका लागि मलाई योग्य ठानी अनुसन्धानको जिम्मेवारी प्रदान गर्नुभएकोमा इतिहास, संस्कृति र दर्शन क्षेत्रका स्वनामधन्य विराट व्यक्तित्त्व विशिष्ट विद्वान् नेपालऋषि डा. जगमान गुरुङज्यूप्रति अनुगृहीत छु । यसैगरी यस महत्त्वपूर्ण कृतिलाई प्रकाशनका लागि आवश्यक व्यवस्थापन गर्नुहुने नेपाल प्रज्ञा-प्रतिष्ठान संस्कृति, लोकवार्ता तथा मौखिक इतिहास विभागका प्रमुख माननीय कुलपति भूपाल राईज्यू, उपकुलपति विमलकृष्ण श्रेष्ठज्यू, सदस्य सचिव डा. धनप्रसाद सुवेदीज्यू तथा यस कृति प्रकाशनसँग सम्बन्धित सम्बद्ध सबैप्रति आभारी छु । यसरी नै मलाई खुवालुङबारे आवश्यक सूचना, जानकारी र सामग्री प्रदान गर्नुहुने सम्पूर्ण सहयोगीहरूलाई हार्दिक कृतज्ञता व्यक्त गर्दछु । यस अनुसन्धानका लागि तथा जीवनका हरपलमा साथ र माया दिने प्रिय जीवनसाथी सोनुलाई विशेष धन्यवाद र माया प्रकट गर्दछु ।

डा. भक्त राई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय सूची

अध्याय : एक

संस्कृतिको सङ्क्षिप्त परिचय — १

१.१ परिचय — १

१.२. संस्कृतिको अर्थ तथा परिभाषा — २

१.३ संस्कृतिको निर्माण — ४

१.४ संस्कृतिको विशेषता — ६

१.४.१ मानवनिर्मित वस्तु — ६

१.४.२ प्राचीनता — ६

१.४.३ परिवर्तनशील — ६

१.४.४ हस्तान्तरित — ६

१.४.५ परिष्कृत, परिमार्जित — ६

१.४.६ आध्यात्मिकता — ७

१.४.७ पृथक्ता — ७

१.५ संस्कृतिको वर्गीकरण — ७

१.६ निष्कर्ष — १०

अध्याय : दुई

किरात जातिको सङ्क्षिप्त परिचय — १२

२.१ विषय परिचय — १२

२.१.१ प्राचीन हिन्दु ग्रन्थहरूमा किरात — १४

२.२ निष्कर्ष — १९

अध्याय : तीन

मुन्दुमको सङ्क्षिप्त परिचय — २१

३.१ विषय परिचय — २१

३.२ मुन्दुम/मुन्धुमको अर्थ तथा परिभाषा — २२

३.३ मुन्दुमको विशेषता — २४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.४ मुन्दुमका तत्त्वहरू २५
३.५ मुन्दुमको प्राचीनता २७
३.६ निष्कर्ष ३०

अध्याय : चार

खुवालुङ्को सङ्क्षिप्त परिचय ३१
४.१ विषय परिचय ३१
४.२ खुवालुङ्को प्राचीनता ३१
४.३ खुवालुङ्को भौगोलिक अवस्था ३४
४.४ खुवालुङ्को बनोट तथा बुनोट ३६
४.५ खुवालुङ्मा किरातीहरू कहाँबाट आए ? ३८
४.६ निष्कर्ष ४५

अध्याय : पाँच

किराती मुन्दुम र मिथकमा खुवालुङ
५.१ विषय परिचय ४७
५.२ खुवालुङ्बारे बायुङ राई जातिमा प्रचलित मिथक ४७
५.३ खुवालुङ्बारे वाम्बुले राई जातिमा प्रचलित मिथक ४९
५.४ खुवालुङ्बारे कोयी राई जातिमा प्रचलित मिथक ५०
५.५ खुवालुङ्बारे थुलुङ राई जातिमा प्रचलित मिथक ५२
५.६ खुवालुङ्बारे पुमा राई जातिमा प्रचलित मिथक ५३
५.७ खुवालुङ्बारे खालिङ राई जातिमा प्रचलित मिथक ५४
५.८ खुवालुङ्बारे चाम्लिङ राई जातिमा प्रचलित मिथक ५५
५.९ खुवालुङ्बारे कुलुङ राई जातिमा प्रचलित मिथक ५७
५.१० खुवालुङ्बारे दुमी राई जातिमा प्रचलित मिथक ५८
५.११ खुवालुङ्बारे थामी जातिमा प्रचलित मिथक ६०
५.१२ खुवालुङ्बारेमा अन्य विचार ६२
५.१३ निष्कर्ष ६६

अध्याय : छ

खुवालुङ र वराह क्षेत्रको सम्बन्ध ६८
६.१ विषय परिचय ६८
६.२ प्राचीन संस्कृत वाङ्मयमा वराह क्षेत्र ६९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६.३ वराह क्षेत्रमा बसोबास गर्ने प्रथम मानव-समुदाय ७९
६.४ निष्कर्ष ८९

अध्याय : सात

किराती जाति र खुवालुङको सम्बन्ध ९१
७.१ विषय परिचय ९१
७.२ किराती मुन्दुम र खुवालुङ ९१
७.३ किरातीहरूको आस्था एवं विश्वासको रूपमा खुवालुङ ९५
७.४ माङ्पा, फेदाङ्मा र खुवालुङ ९६
७.५ किराती इतिहास र खुवालुङ ९७
७.६ किराती संस्कृति र खुवालुङ ९८
७.७ निष्कर्ष ९९

अध्याय : आठ

सारांश तथा निष्कर्ष १००
८.१ सारांश १००
८.२ निष्कर्ष १०१

सन्दर्भ ग्रन्थसूची

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय : एक

संस्कृतिको सङ्क्षिप्त परिचय

१.१ परिचय

वस्तुतः संस्कृति भनेको मानिसले जीविकोपार्जन गर्ने क्रममा परम्परागत रूपमा सिक्दै र भोग्दै आएको जीवनशैली हो। सामान्यतः रीतिथिति, परम्परा, वेशभूषा, खानपान, चाडपर्व आस्था, विश्वास, नाचगान, धर्मकर्म, शीपकला, कथा-गाथा आदिलाई मात्र संस्कृतिका रूपमा बुझ्ने गरिन्छ तर संस्कृति यति मात्र होइन। कुनै पनि जाति, वर्ग र समुदायले परापूर्वकालदेखि नै अनवरत रूपमा अवलम्बन गर्दै आएको, अङ्गीकार गर्दै आएको समग्र क्रियाकलापको समष्टि रूप नै वास्तवमा संस्कृति हो। संस्कृति दुई प्रकारका छन्- मूर्त तथा अमूर्त संस्कृति, जसलाई भौतिक तथा अभौतिक पनि भन्न सकिन्छ। मूर्त संस्कृतिभित्र भौतिक वस्तुहरू (देख्न र छुन सकिने) मस्जिद, मन्दिर, गुम्बा, विहार, घर, मेसिन, हातहतियार, पाटी, पोखरी, खेलमैदान आदि मानवनिर्मित वस्तुहरू पर्दछन् भने अमूर्त संस्कृतिभित्र अभौतिक वस्तुहरू (देख्न र छुन नसकिने) भाषा, साहित्य, धर्म, दर्शन, विचार, आस्था, मूल्य, मान्यता, सिप, कला, खानपान, नाचगान, हाँसखेल, जात्रा/उत्सव, गीत-सङ्गीत, माया-प्रीति, रोदन-क्रन्दन, ज्ञान, विवेक, रुचि, स्वभाव आदि अमूर्त वा अभौतिक वस्तुहरू पर्दछन् (राई : २०७८)।

विश्वमा हरेक जाति, वर्ग र समुदायले आ-आफ्नो तरिकाले जीवनयापन गर्ने भएकाले सोहीअनुरूपको संस्कृति निर्माण हुने गर्दछ। त्यसैले संसारमा विभिन्न प्रकारको संस्कृतिको जन्म र विकास हुन पुगेको हो। ती संस्कृतिहरूलाई अलग-अलग ढङ्गले चिन्ने र बुझ्ने गरिन्छ। जस्तैः धर्मका आधारमा किराती संस्कृति, बौद्ध संस्कृति, हिन्दु संस्कृति, इस्लाम संस्कृति आदि। यसै गरी जातका आधारमा थकाली संस्कृति, राई संस्कृति, नेवार संस्कृति, तामाङ संस्कृति, क्षत्री संस्कृति, बाहुन संस्कृति, थारू संस्कृति आदि। यसरी नै देशअनुसारको, भूगोलअनुसारको जस्तै :नेपाली संस्कृति, भारतीय संस्कृति, जर्मनी संस्कृति, पूर्वीय संस्कृति,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाश्चात्य संस्कृति आदि । यसरी मानिसद्वारा निर्मित संस्कृतिको अनेक रूप र प्रकार हुने गर्दछन् । संस्कृति मानिसको पहिचान हो । अन्य पशुपक्षी, जीवजन्तुहरूभन्दा मानिस पृथक् हुनाको प्रमुख कारण संस्कृति नै हो । यस अध्यायमा संस्कृतिको परिचय, अर्थ तथा परिभाषा, संस्कृतिको निर्माण, संस्कृतिको विशेषता, संस्कृतिको वर्गीकरण आदि विषयमा चर्चा गरिएको छ ।

१.२. संस्कृतिको अर्थ तथा परिभाषा

'संस्कृति' को शाब्दिक अर्थ परिष्कार, परिमार्जन, शुद्ध, व्यवस्थित, सुधारिएको, सुसंस्कृत भन्ने लाग्दछ । अङ्ग्रेजीमा संस्कृतिलाई (Culture) भनिन्छ । यो ल्याटिन भाषाको Cultura बाट आएको हो र यसको अर्थ पनि मानिसको सभ्यता वा परिष्कार भन्ने नै लाग्दछ । तर वर्तमान समयमा र आजका सन्दर्भमा भने संस्कृतिको अर्थ परिष्कार, शुद्धभन्दा पनि यसलाई सामाजिकताको रूपमा बुझ्नु वाञ्छनीय देखिन्छ (राई : २०७८) ।

संस्कृति मानवद्वारा निर्मित मानिसकै आन्तरिक विश्वास हो । हरेक व्यक्तिमा आफ्नो संस्कृतिको अमिट छाप परेको हुन्छ । जतिसुकै, अवैज्ञानिक, असुन्दर वा अनुपयोगी भए पनि मानिसलाई आफ्नो संस्कृति प्यारो लाग्दछ । त्यसैले संस्कृतिलाई एक्कासि परिवर्तन गर्न वा छाड्न मानिसलाई कठिन हुन्छ । त्यसैले संस्कृतिको अर्थ परिष्कार, उन्नत, सुधारिएको, शुद्ध, पवित्र नभई आस्था एवम् विश्वासमूलक जीवनपद्धति वा शैलीको अर्थमा बुझिनु उपयुक्त हुन्छ । तर संस्कृति समय, आवश्यकता र परिस्थितिअनुसार निरन्तर रूपमा परिष्कृत, परिवर्तन भइरहने तत्त्व हो (राई : २०७८) ।

संस्कृति के हो ? भन्ने सबालमा विभिन्न समयमा विभिन्न लेखक, अनुसन्धाताहरूले आ-आफ्नै ढङ्गले परिभाषित गर्ने गरेको पाइन्छ । ती विभिन्न परिभाषाहरूमध्ये मुख्य केही परिभाषाहरू देहायअनुसारका छन् :

बाबुराम आचार्य (२०५४) का अनुसार देश, समाज वा जातिहरूमा रहेको चालचलन, रीतिरिवाज, वेशभूषा, आमोद-प्रमोद, शिल्प व्यवसाय, धार्मिक मान्यता र भाषा एवम् साहित्य आदि मानसिक चिन्तनका उपजको समष्टि नै त्यस देश, समाज वा जातिको संस्कृति हो ।

यसरी नै रेशराज अधिकारी र हरिहर घिमिरे (२०५६) का अनुसार सारांशमा भन्ने हो भने संस्कृति मानवले एक समाजको सदस्यका हैसियतले आर्जन गरेको ती सम्पूर्ण कुराहरूको योग हो, जसमा ज्ञान, विश्वास, मूल्य, मान्यता, भाषा, कानुन, प्रथा आदि कुराहरूको समावेश भएको हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृतिसम्बन्धी नेपाली शब्दसागर (२०५८) मा यस्तो उल्लेख गरिएको छ - कुनै चीजलाई परिमार्जन गरी निस्खोट दिने काम, परिष्कार, संस्कार, कुनै राष्ट्र वा जातिको सर्वाङ्गीण प्रतिबिम्ब देखिने शिल्प-विचार, दर्शन आदि क्रियाकलापको परिष्कृत रूप, अनन्त पूर्वदेखि आचार-विचार, आदिमा विकसित हुँदै आएको समाजको यथार्थ स्वरूप देखिने अभिव्यक्ति आदिसमेतको समूह वा साधन, कला-साहित्य-भाषा-धर्म आदि मूल्य परम्पराको समष्टि नाम नै संस्कृति हो भनेको पाइन्छ।

निंनु चापागाई (२०५९) का अनुसार संस्कृति, सामाजिक, आर्थिक संरचनाको प्रतिबिम्ब भएको हुँदा यसको परिधि एकदमै व्यापक छ। मानव जातिले भौतिक र मानसिक श्रमबाट सिर्जना गरेका सबै मूल्यवान् वस्तुहरू संस्कृति हुन्।

भरतप्रसाद लामिछाने (२०६३) का अनुसार वैयक्तिक, सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक व्यवस्था र कलाकौशल, रहनसहन, भाषा, वेशभूषा, उपासना र परम्परागत संस्कार आदि समस्त हलचल नै संस्कृति हो। अमर गिरी (२०६७) भन्छन् - संस्कृति भन्नाले भौतिक र आत्मिक संस्कृतिको योग भन्ने बुझिन्छ।

भक्त राई (२०७१) का अनुसार संस्कृति भनेको मानिसले प्राचीन समयदेखि आस्थापूर्वक एवम् विश्वासपूर्वक अवलम्बन गर्दै आएको जीवनशैली हो। टायलर (Tylor, 1871) का अनुसार संस्कृति त्यो जटिल समग्रता हो, जसमा ज्ञान, विश्वास, कला, नैतिकता, कानुन, प्रथा र कुनै अन्य क्षमताहरू एवम् आदतहरू समावेश हुन्छ, जसलाई मानिसले समाजको सदस्य भएको नाताले आर्जित गर्दछ।

अमूर्त सांस्कृतिक सम्पदा संरक्षणसम्बन्धी महासन्धि सन् २००३ को धारा २ ले 'अमूर्त सांस्कृतिक सम्पदा भन्नाले प्रचलनहरू, प्रतिनिधिहरू, अभिव्यक्तिहरू, ज्ञानसिपहरूका साथसाथै साधनहरू, वस्तुहरू, कलावस्तुहरू र त्यससँग जोडिएका सांस्कृतिक स्थलहरू जसलाई ती समुदायहरू, समूहहरू तथा कतिपय अवस्थामा व्यक्तिहरूसमेतले सांस्कृतिक सम्पदाको अङ्गका रूपमा चिनारी गरिरहेका हुन्छन्, तिनलाई बुझ्नुपर्छ भनिएको छ।

यसरी संस्कृतिसम्बन्धी विभिन्न समयमा विभिन्न लेखक, अनुसन्धाताहरूले आ-आफ्ना विचारहरू व्यक्त गरेका भेटिन्छ। यी विभिन्न परिभाषाहरूको सार के हो भने संस्कृति भनेको मानिसद्वारा निर्मित मानिसले नै अवलम्बन गर्ने समग्र क्रियाकलाप हो। मानिसले जीविकोपार्जन गर्ने क्रममा आवश्यकता र आनन्द परिपूर्ति गर्नका निम्ति गरिने विभिन्न प्रकारका क्रियाकलापहरू जुन निरन्तर रूपमा प्रयोग र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परीक्षण गर्ने क्रममा मानिसको जीवनशैली, वा जीवनपद्धति बन्न पुग्दछ, त्यही निरन्तरताको समष्टि रूप नै वास्तवमा संस्कृति हो । यसरी हेर्दा के देखिन्छ भने संस्कृति भनेको मानिसले जीवन यापनका क्रममा परम्परागत रूपमा अनि अनवरत रूपमा अपनाउँदै आएको जीवनशैली वा पद्धति नै संस्कृति हो जुन मानिसको अभिन्न अङ्गको रूपमा रहेको हुन्छ (राई : २०७५) ।

१.३ संस्कृतिको निर्माण

संस्कृति के हो र यसको निर्माण कसरी हुन्छ ? भन्ने सन्दर्भमा भक्त राई (२०७५) ले यसरी प्रकाश पारेका छन् :

मानिस सामाजिक प्राणी हो । ऊ समाजमै जन्मन्छ, हुर्कन्छ र समाजमै जीवनयापन गर्दछ । त्यसैले मानिसले समाजबाटै सम्पूर्ण ज्ञानहरू सिक्दछ । मानिसले सृष्टिकालदेखि आफ्नो जीवनयापन गर्ने क्रममा अनेकौं समस्या र आवश्यकतासँग मुकाबिला गर्न बाध्य भए । मानिस आफू बाँच्न र आफ्ना सन्ततिहरूलाई बचाउनका निम्ति विभिन्न किसिमका क्रियाकलापहरू अपनाउनुपर्ने भयो । यसरी विभिन्न कार्यहरू एक दिन मात्र गरेर मानिसलाई पुगेन । त्यो काम उसले वारम्बार गर्नुपर्ने भयो । मानिसलाई बाँच्नका निम्ति खानाको बन्दोबस्त गर्नुपर्‍यो, हावा, पानी, हुरी, जाडो, गर्मी तथा वन्य जन्तुबाट बच्नका निम्ति आवासको निर्माण गर्नुपर्ने भयो । यसरी जीविकोपार्जन गर्ने क्रममा मानिसले निरन्तर रूपमा अनेकौं कार्यहरू गर्नुपर्ने भयो । यो क्रियाकलाप वा दिनचर्या मानिसको अभिन्न अङ्ग बन्न पुग्यो । यसरी निरन्तर रूपमा बाँच्नका निम्ति अपनाइने जीवनशैली वा जीवनपद्धति नै कालान्तरमा मानिसको संस्कृति बन्न पुग्यो । यसरी मानिसद्वारा निर्मित संस्कृति उसले बाँच्ने आधार, तरिका, समय, भूगोल र परिस्थितिअनुसार फरक-फरक हुँदै जाने गर्दछ । आजभन्दा एक हजार वर्षअगाडिको मानिसको संस्कृति अथवा जीवनशैली र वर्तमान समयको मानिसको संस्कृति वा जीवनशैली फरक हुनको कारण यही नै हो । त्यसैले मानिसको चेतना आवश्यकता र समय अनुसारको संस्कृतिको निर्माण र विकास हुँदै जाने गर्दछ ।

मानिस जुन संस्कृतिमा हुर्कन्छ सोहीअनुसारको उसको सोचाइ, बुझाइ तथा आचरण हुने गर्दछ । त्यसैले संस्कृतिलाई मानिसले आफ्नो अभिन्न अङ्गका रूपमा अङ्गीकार गर्दै आएको हुन्छ । मानिसले राम्रो-नराम्रो, सही-गलत केही नहेरी आफ्नो परम्परागत संस्कृतिलाई पछ्याइरहेको हुन्छ । त्यसैले मानवशास्त्रमा संस्कृति र व्यक्तिबिचको अन्तर्सम्बन्धलाई केलाउने कार्य गरिन्छ, जसलाई मनोवैज्ञानिक मानवशास्त्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
(Psychological Anthropology) भनिन्छ । किनभने संस्कृति सामाजिक वस्तु हो, परन्तु संस्कृतिमा व्यक्तिको पनि महत्त्वपूर्ण भूमिका रहन्छ । यसरी नै व्यक्तिमा पनि संस्कृतिको गहिरो छाप परेको हुन्छ । संस्कृति कसरी व्यक्तिको चरित्रमा हाबी भएर बसेको हुन्छ भन्ने सन्दर्भमा मानवशास्त्री भिक्टर बार्नो (Victor Barnouw, 1973) भन्छन्– संस्कृति र व्यक्तिको अध्ययनले खास खालको सामाजिक वातावरणभित्र रहने व्यक्तिगत वा सामाजिक चिनारीको वृद्धि र विकासलाई बुझ्ने प्रयत्न गर्छ । त्यसैले मानिस जुन सांस्कृतिक धरातलमा बाँचेको हुन्छ, सोहीअनुरूपको उसको व्यक्तित्व निर्माण भएको हुन्छ । यसै गरी कतिपय लोकप्रिय तथा सामाजिक अगुवा व्यक्तिको कारण पनि सांस्कृतिक अवयवमा पनि परिवर्तन देखा पर्न सक्दछ । त्यसैले व्यक्ति, समाज र संस्कृति एकअर्काको अभिन्न अङ्ग हुन् । यसरी संस्कृतिको निर्माण मानिसको आवश्यकता आस्था र आनन्दका लागि व्यक्ति, परिवार, समाज र समग्र राष्ट्रले थाहै नपाई गरिरहेको हुन्छ ।

प्राणी जगत्मा मानिसलाई सर्वश्रेष्ठ प्राणी किन पनि भनिन्छ भने मानिससँग अन्य प्राणीभन्दा फरक ज्ञान, विवेक, विचार, अनुभव, अनुभूति, जिज्ञासा, कौतूहल, चिन्तन, चेतना जस्ता मानसिक विशिष्ट गुण विद्यमान हुन्छ । मानिस सृष्टिकालदेखि नै बिस्तारैबिस्तारै विकसित अवस्थामा लम्किरहेको हुन्छ । मानवसभ्यताको प्रारम्भ अवस्थादेखि वर्तमान समयसम्म आइपुग्दा मानिसले जेजति विकास र उन्नति गर्न सफल भएको छ त्यो कल्पनाभन्दा बाहिरको विषय हो । यही रफ्तारमा मानिस अगाडि बढ्दै जाने हो भने अबको सय वर्षपछिका मानिसहरूको जीवनशैली कल्पनै गर्न कठिन छ । यसबाट के देखिन्छ भने मानिसको समग्र क्रियाकलाप, जीवनशैली या जीवनपद्धति परिवर्तनशील छ । मानिसको समग्र जीवनशैली नै उसको संस्कृति भएकाले संस्कृति स्वतः परिवर्तनशील छ ।

कुनै पनि जाति, वर्ग, समुदाय वा राष्ट्रको संस्कृतिको निर्माण र विकास तुरुन्तै नभएर हजारौँ वर्षको निरन्तरताबाट मात्र भएको हुन्छ । त्यसैले संस्कृति हजारौँहजार वर्षको त्याग र तपस्याको क्रमबद्ध इतिहास पनि हो । संस्कृतिको निर्माण कुनै एक व्यक्तिको प्रयासले मात्र सम्भव हुँदैन । वास्तवमा संस्कृति त्यस्तो तत्त्व हो जसले मानिसलाई एक जैविक प्राणी (Biological Being) बाट सामाजिक प्राणी (Social Being) मा परिवर्तन गरिदिन्छ । त्यसैले संस्कृतिको निर्माण मानिसले जीवनभोगाइका क्रममा निरन्तर-निरन्तर रूपमा थाहै नपाई गरिरहेको हुन्छ जो आवश्यकता, समय, सन्दर्भ र परिस्थितिअनुसार गतिशील र थपघट हुँदै जान्छ (राई : २०७५) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१.४ संस्कृतिको विशेषता

संस्कृति मानवनिर्मित वस्तु हो र यसलाई मानवले नै अवलम्बन गर्दछन् । संस्कृतिको आफ्नै प्रकारको विशेषता हुन्छ, यसका प्रमुख विशेषताहरू लाई (राई : २०७५) ले यसरी प्रस्तुत गरेका छन् :

१.४.१ मानवनिर्मित वस्तु

मानिसले आफ्ना आवश्यकता (गाँस, बास, कपास) र आनन्द (मनोरञ्जन तथा विरह, दुःख, कष्ट) प्राप्त गर्नका वा अभिव्यक्त गर्नका लागि निर्माण गरेको क्रियाकलापको समष्टि योग नै वास्तवमा संस्कृति हो । त्यसैले संस्कृतिको प्रमुख विशेषता यो मानवनिर्मित वस्तु हो ।

१.४.२ प्राचीनता

संस्कृतिको महत्त्वपूर्ण विशेषता प्राचीनता हो । मानिस जति नै सभ्य र आधुनिक बन्न पुगे पनि उसको व्यवहारमा प्राचीन संस्कृति कतै न कतै झल्केकै हुन्छ । मानिसले सृष्टिकालदेखि नै आफ्नै प्रकारको संस्कृति निर्माण गरेको हुन्छ, जसले मानिसलाई पछ्याइरहेको हुन्छ । त्यसैले संस्कृति रातारात तुरुन्तै निर्माण नभई प्राचीन समयदेखि नै निरन्तर रूपमा हस्तान्तरण हुँदै आएको वस्तु हो ।

१.४.३ परिवर्तनशील

संस्कृति परिवर्तनशील वस्तु हो । प्राचीन समयदेखि वर्तमान युगसम्म फड्को मार्दा मानिसले अनेकौं संस्कृतिको निर्माण गर्दै तथा छाड्दै आएका छन् र ती परम्परित संस्कृतिहरू समय, परिस्थिति, सन्दर्भ तथा आवश्यकताअनुसार क्रमशः गतिशील, थपघट एवम् परिवर्तित हुँदै जान्छन् । त्यसैले संस्कृति परिवर्तनशील वस्तु हो ।

१.४.४ हस्तान्तरित

आज हामी जुन सांस्कृतिक धरातलमा बाँचेका छौं, त्यो अघिल्लो पुस्ताबाटै हामीलाई प्राप्त भएको हो । संस्कृति एक व्यक्तिबाट अर्को व्यक्ति, एक समाजबाट अर्को समाज तथा एक पुस्ताबाट अर्को पुस्तासामु हस्तान्तरण हुँदै जाने वस्तु हो । त्यसैले यो हस्तान्तरित हुँदै जाने वस्तु हो ।

१.४.५ परिष्कृत, परिमार्जित

संस्कृति गतिशील हुँदै जाने क्रममा परिवर्तन हुने क्रममा परिष्कृत परिमार्जित एवम् थपघट हुँदै जाने गर्दछ । कुनै पनि जाति, वर्ग वा समुदायमा प्रचलित कतिपय नराम्रा परम्पराहरू बिस्तारै छाड्दै जाने,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हराउँदै जाने गर्दछ । जस्तै : नेपालमा प्रचलित बालविवाह, बहुविवाह, सतीप्रथा, दासप्रथा, छाउपडी प्रथा, दाइजो (दहेज) प्रथा आदि नराम्रा परम्परित संस्कृतिहरू विस्तारै परिमार्जन हुँदै जानु यसको विशेषता हो ।

१.४.६ आध्यात्मिकता

संस्कृति मानिसको आस्था, आसा, भरोसा, विश्वास पनि हो । त्यसैले संस्कृतिभित्र आध्यात्मिक भावना र चिन्तन विद्यमान हुन्छ । संस्कृति एउटा व्यापक एवम् समष्टि प्रक्रिया हो । यसभित्र धर्म, दर्शन, संस्कार, आस्था जस्ता आध्यात्मिक ज्ञान तथा चिन्तनसमेत रहेको हुन्छ । संस्कृतिलाई अत्यन्त श्रद्धापूर्वक अवलम्बन गर्ने कारण पनि मानिसको यसप्रतिको आस्था एवम् विश्वास नै हो ।

१.४.७ पृथक्ता

संस्कृतिको अर्को महत्त्वपूर्ण विशेषता भनेको यसको पृथक्ता हो । मानिस जीविकोपार्जनका लागि संसारका विभिन्न क्षेत्रमा विस्तारित हुने क्रममा विभिन्न प्रकारका संस्कृतिहरूको निर्माण हुन पुग्यो । त्यसैले संस्कृति जाति, धर्म, भूगोल, देशअनुसार फरक-फरक खालका हुन्छन् । त्यसैले संस्कृति समय, समाज र समुदायअनुसार पृथक् हुन जान्छ ।

यसरी हेर्दा के देखिन्छ भने संस्कृति मानवनिर्मित हुनु, प्राचीन तथा परिवर्तनशील हुनु, परिष्कृत, आध्यात्मिकता, हस्तान्तरित एवम् पृथक् हुनु यसको महत्त्वपूर्ण विशेषता हो ।

१.५ संस्कृतिको वर्गीकरण

संस्कृति मूलतः दुई प्रकारका हुन्छन् । देख्न र छुन सकिने संस्कृति जसलाई भौतिक वा मूर्त संस्कृति भनिन्छ र देख्न र छुन नसकिने संस्कृति जसलाई अभौतिक वा अमूर्त संस्कृति भनिन्छ । अमूर्त सांस्कृतिक सम्पदा संरक्षणसम्बन्धी महासन्धि सन् २००३ मा : 'अमूर्त सांस्कृतिक सम्पदा' भन्नाले 'प्रचलनहरू, प्रतिनिधिहरू, अभिव्यक्तिहरू, ज्ञान, सिपहरूका साथसाथै साधनहरू, वस्तुहरू, कला वस्तुहरू र त्यससँग जोडिएका सांस्कृतिक स्थलहरू, जसलाई ती समुदायहरू, समूहहरू तथा कतिपय अवस्थामा व्यक्तिहरूसमेतले सांस्कृतिक सम्पदाको अङ्गका रूपमा चिनारी गरिरहेका हुन्छन्, तिनलाई बुझ्नुपर्दछ ।' भनी परिभाषित गरिएको छ ।

यसरी नै अमूर्त संस्कृति सम्पदा संरक्षणसम्बन्धी महासन्धि सन् २००३ ले देहायअनुसारको महासन्धि ऐनको तर्जुमा गरेका छन् :

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन यसपछि युनेस्को भनिएको, २९ सेप्टेम्बरदेखि १७ अक्टोबर २००३ सम्म पेरिसमा सम्पन्न ३२ औं साधारण सभाले, प्रचलित अन्तर्राष्ट्रिय मानवअधिकार संयन्त्रहरू, खास गरी मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणा, १९४८, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को सन्दर्भमा, १९८९ को परम्परागत संस्कृति तथा लोकवार्ताहरूको संरक्षणसम्बन्धी युनेस्कोको सिफारिस २००१ को सांस्कृतिक विविधतासम्बन्धी युनेस्को विश्वव्यापी घोषणा र संस्कृति मन्त्रीहरूको तेस्रो गोलमेच बैठकद्वारा पारित २००२ को इस्तानबुल घोषणामा आत्मसात् भएअनुरूप सांस्कृतिक विविधताको मूल प्रवाह तथा दिगो विकासको सुनिश्चितताको रूपमा अमूर्त सांस्कृतिक सम्पदाको महत्त्वलाई विचार गर्दै, भूमण्डलीकरण तथा सामाजिक रूपान्तरणका प्रक्रियाहरूका साथै यस समुदायहरूबिचमा संवादको नवीकरणका लागि सिर्जना गर्ने अवस्थाहरूले असहिष्णुताको प्रक्रियाले जस्तै, अमूर्त सांस्कृतिक सम्पदाको क्षयीकरण, लोप र विनाशमा, खास गरी त्यस्ता सम्पदाको सुरक्षणका लागि आर्थिक स्रोतहरूको अभावलाई निम्त्याएर, गम्भीर आँच पुऱ्याउनमा प्रोत्साहन दिने कुरा स्वीकार गर्दै, मानवताको अमूर्त सांस्कृतिक सम्पदाको संरक्षणमा विश्वव्यापी चासो तथा साझा सरोकारका बारेमा जागरूक रही, अमूर्त सांस्कृतिक सम्पदाको उत्पन्न, सुरक्षा, जगेर्ना तथा पुनरुत्पादनमा त्यस्ता समुदायहरू, खास गरी आदिवासी समुदायहरू, समूहहरू एवम् केही प्रश्नहरूमा व्यक्तिहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछन्, यसरी सांस्कृतिक विविधता एवम् मानव सिर्जनात्मकतालाई समृद्ध गर्न सहयोग पुऱ्याइरहेका छन् भन्ने कुरालाई स्वीकार गर्दै, सांस्कृतिक सम्पदाको संरक्षणका निमित्त अनुकरणीय संयन्त्रहरू स्थापना युनेस्कोको क्रियाकलापको दूरगामी प्रभाव, खास गरी १९७२ को विश्व सांस्कृतिक एवम् प्राकृतिक सम्पदा संरक्षणसम्बन्धी महासन्धिको स्मरण गर्दै, यस अमूर्त सांस्कृतिक सम्पदाको संरक्षणका लागि अन्य कुनै बन्धनकारी बहुपक्षीय संयन्त्रहरू अस्तित्वमा नरहेको परिप्रेक्ष्यलाई स्मरण गर्दै, सांस्कृतिक तथा प्राकृतिक सम्पदासँग सम्बन्धित विद्यमान अन्तर्राष्ट्रिय सम्झौताहरू, सिफारिसहरू तथा सङ्कल्प प्रस्तावहरू सांस्कृतिक सम्पदासँग सम्बन्धित नयाँ प्रावधानहरूद्वारा प्रभावकारी ढङ्गले समृद्ध एवम् पूरा गर्नुपर्ने आवश्यकतालाई महसुस गर्दै, अमूर्त साँस्कृतिक सम्पदाको महत्त्व तथा यसको संरक्षणको, नयाँ पुस्ताहरूका बिचमा, व्यापक जनचेतना स्थापित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्नुपर्ने आवश्यकतालाई विचार गर्दै, अन्तर्राष्ट्रिय समुदायले यस महासन्धिको पक्ष राज्यहरूसँग मिलेर त्यस्ता सम्पदाको संरक्षण गर्न सहयोगात्मक र आपसी मदतको भावनाले योगदान पुऱ्याउनुपर्दछ भन्ने कुरालाई मनन गर्दै, अमूर्त सांस्कृतिक सम्पदासँग सम्बन्धित युनेस्कोका कार्यक्रमहरू, खास गरी मावनताका मौखिक एवम् अमूर्त सम्पदाको उत्कृष्टतम रचनाहरूको घोषणालाई स्मरण गर्दै, मानवहरूलाई नजिक ल्याउन र तिनीहरूबिच आदान-प्रदान एवम् समझदारी सुनिश्चित गर्नमा अमूर्त सांस्कृतिक सम्पदाको अमूल्य भूमिका एक कारक रहेको कुरालाई विचार गर्दै अक्टुबर १७ तारेख २००३ मा यो महासन्धि अङ्गीकार गरिन्छ ।

एक सामान्य व्यवस्थाहरू

धारा १ : महासन्धिका उद्देश्यहरू

यस महासन्धिका उद्देश्यहरू निम्न छन् :

(क) अमूर्त सांस्कृतिक सम्पदा संरक्षण गर्नु,

(ख) सम्बद्ध समुदाय, समूह तथा व्यक्तिहरूको अमूर्त सांस्कृतिक सम्पदाप्रतिको सम्मान सुनिश्चित गर्नु,

(ग) स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा अमूर्त सांस्कृतिक सम्पदाको महत्त्वका बारेमा जनचेतना जगाउनु तथा तिनका एकआपसमा कदरको सुनिश्चितता गर्नु,

(घ) अन्तर्राष्ट्रिय सहयोग तथा सहायता उपलब्ध गराउनु ।

धारा २ : परिभाषाहरू

यस महासन्धिको प्रयोजनका लागि,

१. 'अमूर्त सांस्कृतिक सम्पदा' भन्नाले प्रचलनहरू, प्रतिनिधित्वहरू, अभिव्यक्तिहरू, ज्ञान, सिपहरू, साथसाथै साधनहरू, कला वस्तुहरू र त्यससँग जोडिएका सांस्कृतिक स्थलहरू, जसलाई ती समुदायहरू, समूहहरू तथा कतिपय अवस्थामा व्यक्तिहरूसंमेतले सांस्कृतिक सम्पदाको अङ्गका रूपमा चिनारी गरिरहेका हुन्छन्, तिनलाई बुझ्नुपर्दछ । यो अमूर्त सांस्कृतिक सम्पदा, एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै, समुदायहरू र समूहहरूद्वारा तिनीहरूको वातावरण, प्रकृति तथा तिनका इतिहाससँगको अन्तर्क्रियाको प्रत्युत्तरमा निरन्तर रूपमा पुनरुत्पादन हुन्छ तथा तिनीहरूलाई परिचय र निरन्तरताको एउटा अनुभूति प्रदान गर्दछ, यसरी सांस्कृतिक विविधता तथा मानव सिर्जनात्मकताप्रतिको सम्मानलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रवर्धन गरिहेको हुन्छ । यस महासन्धिको प्रयोजनका लागि त्यस्ता अमूर्त सांस्कृतिक सम्पदाहरूलाई मात्र ध्यान दिइने छ, जो विद्यमान अन्तर्राष्ट्रिय मानवअधिकार संयन्त्रहरूसँग, साथसाथै समुदायहरू, समूहहरू तथा व्यक्तिहरूका बिचमा आपसी सम्मान तथा दिगो विकासका आवश्यकतासँग मेल खान्छन् ।

२. माथि परिच्छेद १ मा परिभाषित गरिएअनुसार, 'अमूर्त सांस्कृतिक सम्पदा' लाई अरूमध्ये निम्न विधाहरूअन्तर्गत समेट्न सकिन्छ :
   (क) अमूर्त सांस्कृतिक सम्पदाको संवाहकका रूपमा भाषासहितका मौखिक परम्पराहरू तथा अभिव्यक्तिहरू,
   (ख) अभिनय कलाहरू,
   (ग) सामाजिक व्यवहारहरू, अनुष्ठानहरू तथा चाडपर्वका उत्सवहरू,
   (घ) प्रकृति र ब्रह्माण्डसँग सम्बन्धित ज्ञान तथा व्यवहारहरू,
   (ङ) परम्परागत कलाकौशलता ।

३. 'संरक्षण' भन्नाले अमूर्त सांस्कृतिक सम्पदाको जीवन्ततालाई सुनिश्चित गर्न लक्षित उपायहरू, खास गरी औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमद्वारा तिनको चिनारी, अभिलेखीकरण, अनुसन्धान, संरक्षण, सुरक्षा, प्रवर्धन, अभिवृद्धीकरण, हस्तान्तरणलगायत त्यस्तो सम्पदाको विविध पक्षहरूको पुनर्जीवनीकरणलाई समेत सम्झनुपर्दछ ।

४. 'पक्ष राज्यहरू' भन्नाले यस महासन्धिद्वारा अनुबन्धित राज्यहरू तथा जहाँ यो महासन्धि धारा ३३ मा उल्लेख गरिएको त्यस्ता महासन्धिको पक्ष बन्न पुगेको हुन्छ । त्यस सीमासम्ममा 'पक्ष राज्यहरू' भन्नाले अभिव्यक्तिले त्यस्ता भू-भागहरूसमेतलाई जनाउने छ ।

संसारमा संस्कृति यी दुई प्रकारका हुन्छन् । यी भौतिक तथा अभौतिक संस्कृतिभित्र मूलतः तीन प्रकारका संस्कृतिका प्रशाखाहरू रहेका हुन्छन् - आस्था एवम् अनुष्ठानमूलक संस्कृति, जीविकोपार्जनमूलक संस्कृति र मनोरञ्जनमूलक संस्कृति (राई : २०७५) ।

१.६ निष्कर्ष

संस्कृति मानवद्वारा निर्मित मानव मात्रले अवलम्बन गर्ने भौतिक तथा अभौतिक क्रियाकलाप हो । संस्कृति मानिसको पहिचान हो । मनुष्यलाई उसको संस्कृतिबाट अलग गर्नु भनेको मनुष्यलाई मनुष्यबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अलग गर्नु हो । त्यसैले मानिस जहाँ-जहाँ पुग्दछ त्यहाँ-त्यहाँ उसले आफ्नो प्राचीन संस्कृतिलाई पनि सँगसँगै लगेको हुन्छ । जसरी संस्कृतिको निर्माण हजारौं वर्षको निरन्तरताबाट हुन्छ, त्यसरी नै पुरानो संस्कृतिलाई परित्याग गर्दै नवसंस्कृतिको निर्माण र अबलम्बन गर्नु पनि लामो समय लाग्छ । समय आवश्यकता, परिस्थिति र सन्दर्भअनुसार संस्कृति परिवर्तन हुँदै जान्छ तर यसको परिवर्तन पूर्णरूपमा र तीव्र गतिमा भने हुँदैन । संस्कृति जाति, वर्ग, समुदाय, भूगोल र राष्ट्रअनुसारका अलग-अलग प्रकारका हुन्छन् ।

किरात राई जातिको संस्कृति त्यो जातिको मौखिक वाङ्मय मुन्धुम/मुन्दुममा आधारित छन् । मुन्दुममा किरातीहरूको इतिहास, भूगोल, खानपान, वेशभूषा, चाडपर्व, आस्था-अनुष्ठान, गीतसङ्गीत, आदि मूर्त तथा अमूर्त संस्कृति प्रतिबिम्बित भएका हुन्छन् । मुन्दुमभित्र किरातीहरू कहाँबाट कहाँकहाँ सर्दै गए अथवा बसाइँ सर्दै गए, फैलँदै गए भन्ने ऐतिहासिक विवरणहरूमध्ये खुवालुङ र खुवालुङबाट कसरी किरातीहरू विभिन्न क्षेत्रमा खास गरेर हालको ओल्लोकिरात, माझकिरात र पल्लोकिरातमा फैलिए भन्ने मुन्दुमको पनि किराती जातिको इतिहास पत्ता लगाउने महत्त्वपूर्ण मौखिक सामग्री हो । प्रस्तुत अध्ययनमा त्यही खुवालुङसम्बन्धीको मुन्दुमी विवरणका आधारमा किराती जाति र खुवालुङको ऐतिहासिक, सांस्कृतिक आधार नै मुन्दुम/मुन्धुम भएकाले मुन्दुमी मिथकका आधारमा किरात संस्कृति र खुवालुङको समीक्षा गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय : दुई

किरात जातिको सङ्क्षिप्त परिचय

२.१ विषय परिचय

'किरात' शब्द अत्यन्त प्राचीन हो। हालसम्मको खोजअनुसार विश्वकै प्राचीन लिखित ग्रन्थ मानिएको 'वेद' देखि उत्तरवर्त्ती संस्कृत ग्रन्थहरू पुराण, महाभारत, मनुस्मृति, रामायण आदि प्राचीन संस्कृत ग्रन्थहरूमा किरातबारे प्रशस्त चर्चा भएको पाइन्छ। यसबाट के पुष्टि हुन्छ भने ती प्राचीन ग्रन्थहरू लेखिनुपूर्व नै किराती संस्कृति र सभ्यताको निर्माण भइसकेको थियो। ती प्राचीन संस्कृत ग्रन्थहरूमा किरातलाई एउटा प्राचीन रैथाने जातिका रूपमा चर्चा हुनुले के पनि प्रस्ट हुन्छ भने किरात अनादिकालदेखि एउटा प्राचीन जातीय समुदाय हो।

'किरात' शब्दको व्युत्पत्तिबारे विभिन्न समयमा विभिन्न प्रकारका विचारहरू पाइन्छन्। 'किरात' शब्दको अर्थ र यो शब्दको व्युत्पन्नबारेमा इन्द्रदेव राई (२०७८) ले विभिन्न व्यक्तिहरूको धारणालाई समेट्दै निम्नानुसारको विवरण प्रस्तुत गरेका छन् :

किरात शब्द धेरै प्राचीन भएको कुरा विभिन्न धार्मिक ग्रन्थहरूमा उल्लेख भएबाट प्रमाणित हुन्छ। यो प्राचीन शब्द 'किरात' मुन्दुमी भाषामा, काइ भनेको नाता-सम्बन्ध र लाशो भनेको पवित्र आसन हुन्छ त्यसैले हिमाललाई सर्वोच्च आत्मा-परमात्मा बस्ने पवित्र स्थान भनी काइलाशो भनेका हुन्। पछि काइलाशोको अपभ्रंश रूप नै काईलाशी, काईलातीवा कैराती हुँदै किराती भएको हो (राई,२०५३ :२०१)। यसरी हिमालय क्षेत्रमा बसोबास गर्दै आएका ती मानव समुदायलाई किराती वा किरात भनियो। कसैले पारसी भाषाको कोहलात शब्दका अपभ्रंश रूप कोलात, कलात हुँदै किरात भएको हुन सक्छ भनेका छन् किनकि पारसी भाषामा कोहको अर्थ पर्वत वा पहाड हुन्छ, त्यसै गरी लता वा लतिकाको अर्थ हुन्छ माला वा लहरा त्यसैले एकपछि अर्को उभिएका असङ्ख्य पर्वतहरूको मालालाई एकै शब्दमा पारसी भाषामा भन्दा कोहलात भनिन्छ। त्यसैले सिन्धु नदीदेखि लिएर ब्रह्मपुत्र नदीसम्मको पर्वत मालालाई कलात भनिन्थ्यो। यिनै कलातबासीलाई कलाती भन्दै किराती वा किरात भनियो (ऐ.,ऐ .)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्को शब्द 'किर' र 'अत' मिलेर बनेको हो। 'किर' को अर्थ समुद्रपर्यन्त भूभाग हो र 'अत' को अर्थ निरन्तर गमन गर्नु हो। त्यसैले 'किर'- समुद्र पर्यन्त भूभागम-अतन्ति साततेन - गच्छन्ति ये, ते किरात अर्थात् नेपालदेखि लिएर समुद्रसम्मको भूभागमा निरन्तर गएर जसले आफ्नो पराक्रमले जितेर शासन गर्छन्, ती किरात हुन् अर्थात् आफ्नो बल, बुद्धिले समुद्रसम्मको भूमिलाई जितेर आफ्नो अधीन गर्ने भएका त्यो जनसमुदायलाई नै किरात भनेर भनिएको हो भनी स्व. डा. स्वामी प्रपन्नाचार्यले आफ्नो पुस्तक प्राचीन किरात इतिहासको पृ.५१९-५२० मा उल्लेख गरेका छन्। यसरी प्रस्ट रूपमा संस्कृत भाषाबाट नै किरात नामको नामकरण भएको सप्रमाण डा. स्वामी प्रपन्नाचार्यले दाबी गरेका छन्। लिखित हिन्दु धर्मग्रन्थहरूमध्ये सबैभन्दा पहिले लेखिएको ग्रन्थ ऋग्वेद हो भनी मानिएको छ। ऋग्वेदमा किरातहरूका बारेमा प्रशस्त वर्णन गरिएको छ भनी डा. प्रपन्नाचार्यले आफ्नो पुस्तक 'प्राचीन किरात इतिहास' मा उल्लेख गरेका छन्। यसले किरातहरूमाथि उल्लेख गरिएको भूभागमा ऋग्वेद लेखिनुभन्दा धेरै अगाडिदेखि नै बसोबास गरेका कुरा प्रमाणित हुन्छ। ती किरातहरूको बसोबास पनि सभ्य र व्यवस्थित ढङ्गको थियो भन्ने कुरा 'अथर्ववेद' मा 'किरातिकाकुमारिका सका खनति, भेषजम् .... गिरीणामुपसानुष' अर्थात् एउटी किरात युवती सुनले बनेको खुर्पाले ठुलोठुलो पर्वतका सानासाना टाकुराहरूमा जडीबुटी, औषधी खनिराखेकी छे, (प्रपन्नाचार्य, (२०५७ : ५५) भन्ने कुरा उल्लेख गरिनुले स्पष्ट हुन्छ। त्यस समयमा किरातहरू धेरै सभ्य भइसकेका कुरा पनि प्रमाणित हुन्छ।

त्यसैले किरात शब्द, ऋग्वेदकालभन्दा धेरैपछि प्रतिपादित जातजातिभित्रको कुनै जातिविशेष नभई अनादिकालदेखिको एउटा सभ्यताको प्रचलित नाम किरात हो। यसै सन्दर्भमा किरात नाम आजभोलि हराउँदै गएजस्तो देखिन्छ तर यो किरात नाम भनौं वा शब्द कुनै हालतमा नहराउने देखिन्छ किनभने यो किरात शब्द अनादिकालदेखि नै मानव-सभ्यता र मानव-इतिहाससँग गाँसिएर आएको देखिन्छ। डा.स्वामी प्रपन्नाचार्यको पुस्तक (प्राचीन किरात इतिहास,२०५७) का आधारमा भन्ने हो भने त किरात इतिहास र किरात नाम भनौं वा शब्द भनौं पूर्णरूपमा हराउनुका लागि त सम्पूर्ण हिन्दु धार्मिक ग्रन्थहरूलगायत केही बौद्ध, इस्लामलगायंत चिनियाँ र तिब्बती ग्रन्थहरू नै लोप हुनुपर्दछ। त्यसैले वर्तमान हाम्रो समाज, हाम्रो इतिहासको प्राचीनताबारे ज्ञानार्जन गर्नका लागि किरात इतिहासको अध्ययनबिना अधुरो रहने देखिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२.१.१ प्राचीन हिन्दु ग्रन्थहरूमा किरात

किरात जातिका बारेमा प्राचीन हिन्दु ग्रन्थहरूमा प्रशस्त मात्रामा उल्लेख भएका छन् । वेद, ब्राह्मण, उपनिषद्, रामायण, महाभारत, पुराण जस्ता वैदिक, लौकिक तथा पौराणिक ग्रन्थहरूमा किरातबारे प्रशस्त चर्चा भएको पाइन्छ । त्यसैले किरात जातिको अस्तित्व ती प्राचीन ग्रन्थहरू लेखिनुअगावै देखा परिसकेको यथार्थ प्रस्ट हुन्छ । यजुर्वेद ३०/१६ मा किरातबारे यस प्रकार उल्लेख भएको छ जस्तै :

यथा: सरोभ्यो धैवरमुपस्थावराभ्यो दाशं वैशन्ताभ्यो वैन्दं नड्वलाम्य: शौष्कंल पाराय
मांर्गारमवाराय कैवर्तं तीर्थेभ्यऽ आनन्दं विषमेभ्यो मैनालं स्वनेभ्य : पर्णकं गुहाभ्य: किरातं सानुभ्यो जम्भकं पर्वतेभ्य : किम्पूरुषम् ॥१६॥

(अर्थ : सरोवरका लागि धीवरहरूलाई, उपवनका लागि सेवकहरूलाई, ससाना जलाशयका लागि निषदलाई, नर्कटले भरिएका ठाउँमा माछा मारेर जीविका गर्नेलाई, ध्वनि उत्पन्न गर्नका लागि नर्सिङ्ग बजाउन जान्नेलाई, गुफाका लागि कोल किरातलाई, पर्वतका लागि प्रचण्ड पुरुषलाई नियुक्त गर्नु पर्दछ ।)

किरात जातिबारे मनुस्मृतिमा पनि चर्चा गरिएको छ ।

यथा : पौण्ड्रकाश्चौडंद्रविडा : काम्बोज यवना : शका : ।
पारदा : पह्णवाश्चीना : किराता दरदा : खशा : ॥४४॥
मनुस्मृति १०/४४ ।

(अर्थ : पौण्ड्रक, औण्ड द्रविड, काम्बोज, यवन, शक, पारद, पह्ण, चीन, किराँत, दरद र खस यिनीहरूका कर्म लोप भएका कारणले शूद्रत्वमा पुगेका हुन् ।)

रामायणका विभिन्न काण्डमा पनि किरात जातिबारे चर्चा गरिएको छ । जस्तै :

अहं पुरा किरातेषु किरातैस्सह वर्धित: ।
जन्ममात्र द्विजत्वं मे शूद्राचाररत: सदा ॥ (वा.रा.आदि १/२२/३-४)

(अर्थ : म पहिले किरातहरूमा किरातहरूसँग पालो, पोसी, कुदी बढेको हुँ । वस्तुत: मेरो जन्म मात्रै द्विजकुलमा भएको हो । अनि शूद्राचारमा सधै रत भएको हुनाले आज मेरो यो गति भएको छ ।)

महाभारत कर्ण पर्व अध्याय ५ श्लोक १५ मा भनिएको छ :

किरातानामधिपति: सागारानूपवासिनाम् ।
भगदत्तो महीपाल : क्षात्रधर्मरत सदा: ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(अर्थ : समुद्रको निकट भूमिमा बस्ने किरातका राजा भगदत्त क्षेत्रीय धर्मको पालनामा तत्पर रहेका छन् ।)

महाभारत द्रोण पर्व ४/७ मा भनिएको छ :

हिमवद्दुर्गनिलयाः किरातरणकर्कशाः ।
दुर्योधनस्य वशगास्त्वया कर्ण पुरा कृताः ॥
महाभारत, द्रोणपर्व, ४/७

(अर्थ : हे कर्ण हिमालयको कठिन किल्लामा बस्ने एवम् युद्धमा कठोर किरातहरूलाई पनि तिमीले जितेर दुर्योधनको अधिनमा गरायौ ।)

यसरी महाभारतका विभिन्न पर्व र अध्यायमा प्राचीन किरात जातिका बारेमा प्रशस्त उल्लेख भएको छ ।

यसरी किरात जातिबारे ब्रह्मा पुराणमा उल्लेख भएका छन् ।

ब्रह्माण्डपुराणमा पनि किरात बारे भनिएको छ :

सूर्च्यारका : कलिवना दुर्गला : कुन्तलैस्सह ।
पौलेयाश्च किरातश्च खपकास्तापकैस्सह ॥

वसन्तकुमार शर्मा (२०६४) का अनुसार महाभारतकै कर्ण पर्वको अध्याय पाँचमा पनि किरातको चर्चा पाइन्छ । दुर्योधनको रणदुर्भद वेगशाली पुत्र सदा पित्राज्ञापालक लक्ष्मणलाई अभिमन्युले मारिदिए । आफ्नै षाडबलले सुशोभित रहने रणोन्यतसर दुःसासन कुमार द्रौपदी पुत्रसित टक्कर लिई यमलोक पुगे । सागर तटवर्ती किरातहरूका स्वामी र देवराज इन्द्रका अत्यन्त आदरणीय प्रियशखा र क्षेत्रीय धर्ममा तत्पर रहने धर्मात्मा राजा भगदत्त पनि अर्जुनसित पराक्रम देखाएर यमराज लोकमा गइसके ।

शर्मा (२०६४) का अनुसार महाभारतको अश्वमेधिक पर्वको त्रिहत्तरौं अध्यायमा श्लोक सङ्ख्या २०-२५ मा पनि किरातबारे चर्चा गरिएको छ । जस्तै : राजन् ! महाभारत युद्धमा भाइबन्धु मारिएका क्षेत्रीय वीरहरू अर्जुनसँग मारामारी गर्नेहरूको गिन्ती गर्नै सकिन्नथ्यो । तरबार र धनुषधारी किरात, यवन र म्लेच्छहरू पहिले महाभारतका बखत परास्त भएकाहरू सबै अर्जुनसँग भिड्न आउने नै भए ।

शर्मा (२०६४) का अनुसार महाभारतकै वनपर्वको १७७/९-१३॥ मा पनि किरातबारे उल्लेख गरिएको पाइन्छ । बदारिकाश्रममा एक महिनासम्म सुखसाथ बसेर विहार गरीवरी उनीहरूले किरात नरेश सुबाहुको राज्यतिर प्रस्थान गरी कुलिन्दको तुषार, दरत आदि धन्यान्य भएका र प्रचुर रत्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पन्न देशहरू नाघेर हिमालयका दुर्गम स्थान प्राप्त गरेर ती नरवीरले सुबाहुको सदर देखे । यसरी नेपालका प्राचीन जाति किरातका बारेमा पुराण (वायुपुराण उ.पा. ४५अ.), स्कन्दपुराण महेश्वर खण्ड ३९/४७, ब्रह्मपुराण २७ अ., हरिवंशपुराण १७८ अ. आदि अध्यायमा किरात जातिबारे प्रशस्त चर्चा गरिएका छन् ।

स्वामी प्रपन्नाचार्य (२०५७) ले किरातीहरू लाखौं वर्षदेखि यहाँ आर्यवत् भूमिमा रहँदैबस्दै आएको हो । यो जाति मङ्गोलियाबाट आएको या फैलिएको होइन भन्दै किरातीका बारेमा प्राचीन संस्कृत ग्रन्थहरूमा उल्लेख भएका विभिन्न प्रसङ्गको उदाहरणहरू पेस गरेका छन् ।

किरात के हो भन्ने विषयमा स्वामी प्रपन्नाचार्य (२०५७ : ११२) पुन: भन्दछन् :

आधुनिक युगको इतिहासले नेपालको वास्तविक इतिहासलाई सारै अँध्यारो वोइरोमा पुऱ्याएको छ । पहिलो कुरा पाषाण युग, काठको युग, फलामको युग, ताँवाको युग अनि सुनको युग विभाजन गर्ने इतिहास नै गलत छ । त्यसपछि आर्यहरू बाहिरबाट आउने इतिहास या युक्ति पनि राम्रो घतपर्दो छैन । फेरि किरातीहरू मङ्गोलियाबाट आएको इतिहास त सरासर आफ्नो सही इतिहासमाथि विश्वासघात गर्न मात्र सिद्ध भएको छ । हाम्रो मूल इतिहास आर्यावत्को मूल सम्पत्ति वेदहरूबाट थालिन्छ । त्यसपछि ब्राह्मण ग्रन्थहरूमाथि दृष्टि गएपछि बल्ल आरण्यक, उपनिषद्, पुराण, महाभारत, रामायण, स्मृति, कल्पसूत्र, तन्त्र, ज्योतिष आदिमा वर्णित हाम्रो इतिहासको यथार्थ छेउ र भेउ पाउन सकिन्छ । प्रकृतिमा पनि आधुनिक पाश्चात्य इतिहासको कुइरो लागेको हुनाले किरातहरू मङ्गोलियाबाट आएका हुन् भन्छन् । तर विचार गर्दा आपातत: स्मरणीय छ । वस्तुत : सत्य लेश मात्र पनि छैन । फेरि यो कुरा तितो अथवा कटुसत्य पनि छ । अब सबैभन्दा पहिले महाभारतको किरातपर्वलाई राम्ररी हेरौं । महाभारत एक विशाल आर्य इतिहासको ग्रन्थ हो । त्यसैलाई हिन्दु इतिहास पनि भन्दछन् । त्यही महाभारतको किरातपर्वमा किरातीहरूको उल्लेख छ । त्यसैको नाम वनपर्व पनि हो । किरातपर्वको २८ देखि ३१ सम्मका यी चार अध्यायमा शिवजीले किरातरूप धारण गरेको वर्णन छ । यसै प्रकारले शिवपुराण ज्ञानसंहिता अध्याय ६५ देखि ६७ सम्म किरातहरूले सम्बन्धित कथाको साथै भगवान् शङ्कर पनि किरात रूपमा नै हुनुहुन्छ । महाकवि भारविले पनि यसै मूललाई लिएर 'किरातार्जुनीय' काव्य लेख्नुभयो । त्यसमा पनि किरातकै प्राधान्य छ । यहाँसम्म कि स्वयम् भगवान् शङ्कर र पार्वती दुवैले किरातीहरूको वेषभूषा बनाएर लीला

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरेको इतिहास पनि प्रस्ट छ। त्यसो हुँदा 'कैरातं वेशमास्थाय योधयामास फाल्गुनम्' (महाभारत आ. १।१६२, १५०।२) यी इतिहासको साक्षीलाई हामी ओझेलमा पार्न सक्दैनौं। फेरि वनपर्वमा (३९।१-४) पनि 'कैरातं वेशमास्थाय काञ्चनद्रुमसन्निभंम्' भनी वर्णन गरेको छ। यसै रीतिले अग्निपुराणमा पनि -अध्याय : १४७, ३०९। ६-१० र अध्याय ३१० - ३१४ सम्म) किरातीहरूकै मूल स्वरूपको वर्णन मिल्छ। शारदातिलक आदि तन्त्रहरूमा पनि भगवतीले किराती वेश बनाएको प्रमाण छ। त्यसो हुँदा 'कैराती वरदाभयोद्यतकरां देवी त्रिनेत्रां भजे' भनेको छ। त्योबाहेक श्रीनारायणकृत तन्त्रसारसङ्ग्रह (विषनारायणीय तन्त्र) आदिमा धेरै किरातीहरूको वर्णन आएको इतिहासमा पाइन्छ।

किरात जातिका बारेमा नेपाली सांस्कृतिक अध्येता दाहाल (२०३७ : १३,१७) लेख्छन्- 'किरातहरू नेपालकै हिमालयका आदिवासी हुन्। किरातको उल्लेख ऋग्वेद, रामायण, महाभारत, श्रीमद्भागवत आदि ग्रन्थहरूमा प्रशस्त पाइन्छ। ऋग्वेदमा 'क्रिंकट', वा 'किरकिट' शब्दको उल्लेख छ, यो शब्दले कुनै एक देश विशेषलाई जनाउँदछ। भाषाशास्त्रीय दृष्टिकोणले किरकिट र किरात शब्दको साम्य हुन सक्दछ। किरिकट-किरिटक-किरीत- किरात। श्रीमद्भागवत्मा किरात, हुँण, आन्ध्र, पुलिन्द, पुल्कस, आभीर, कङ्क, यवन, खस आदिको उल्लेख छ र यी जाति म्लेच्छ समूहमा गनिएका छन्।

नेपाली समाज र संस्कृतिका अर्का अध्येता शर्मा (२०४८:२४) का अनुसार प्राचीन संस्कृत वाङ्मयमा नेपाल शब्दको पर्यायका रूपमा किरात शब्द यत्रतत्र प्रयोग भएको दृष्टिगोचर हुन्छ।

किरातबारे रामचन्द्र राई (२०६६ : १) अनुसार : किरातहरू प्राचीन भारतीय उपमहाद्वीप र नेपालको अति नै प्राचीन जनगण हो। ऋग्वेददेखि लिएर पुराण, स्मृति, काव्य, कथा, कविता, प्रशस्ति र अभिलेखहरूमा पनि किरात जातिको उल्लेख पाइन्छ। प्रस्तुतिमा जेजस्तो भए पनि बौद्ध, ब्राह्मण, जैन, साहित्यदेखि लिएर लोकसाहित्य अनि इसाई र इस्लामको धर्मग्रन्थमा समेत किरातहरूलाई छुटाउन सकेको पाईंदैन। किरातहरू प्राचीन वास्तुकला, शिल्पकला, लोककला, चित्रकलामा पनि चित्रित छ।

किरात जातिका बारेमा शर्मा (२०५८ : २५१-२५२) का अनुसार किरात जातिको चर्चा गर्नासाथ ऋग्वैदिक साहित्यको स्मरण हुन्छ। हिन्दुकुश पार गरेर तलतिर झरेका आर्यहरू जब सातसिन्धुमा फैलिए, त्यस समय उनीहरूको सङ्घर्ष किरात जातिसँग पनि भएको थियो। किरात

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जातिको निवास 'त्रिगर्त' अर्थात् भारतको काँगडा थियो र यिनका नेताहरू शम्बरको नाम बारबार आउँछ ।

किरातका बारेमा सुनीति कुमार चटर्जी (सन् १९५१ : १४३-२५३) ले भारतको उत्तरपूर्वी क्षेत्र र नेपालको आदिवासी किरातहरूको भाषा, धर्म, संस्कार, मुखाकृति, वर्तमान स्थिति र प्राचीन साहित्यको तुलनात्मक अध्ययन गरेका छन् । उनका अनुसार किरातहरू Indo Mongoloid जनगण हुन् । किरातहरूले वैदिक समयदेखि हिन्दु धर्म र संस्कृतिमा योगदान गरेका छन् । वैदिक आर्यहरूको जीवन र धर्ममा किरातहरूले ठुलो प्रभाव पारेका छन् । चटर्जीले बङ्गाली भाषामा किरातको अर्थ फोहोरी किरा, लोभी, निर्दयी हुन्छ भनेका छन् ।

किरात जातिका बारेमा जी.पी. सिंह (सन् १९९० : १) ले प्राचीन भारतीय, ग्रीक तथा रोमन साहित्यमा उल्लेख गरिएको आदिम जातिमा किरात जातिले मुख्य स्थान ओगटेको छ । प्राचीन समयका भारतीय लेखकहरू अनि उहिलेका भूगोलशास्त्रीहरू तथा इतिहासकारहरूले भारतका प्राचीनकालीन जातिहरूका विषयमा जे लेखेका छन् भारतका पर्वतीय इलाका, जङ्गल तथा गङ्गा नदीको तट, मुहान, उपत्यका, हिमाली तथा निम्न हिमाली क्षेत्रमा बसोबास गर्ने आदिवासी जातिहरूमध्ये किरातहरू मुख्य छन् भनी लेखेका छन् ।

प्राचीन किरात जातिका बारेमा रामचन्द्र राई (२०६६ : १९६) पुनः लेख्छन् : मङ्गोलोयड जनगणको सर्वप्रथम उत्पत्ति कहाँ भयो सो कुरा विद्वान्हरूले निकाल्ने नै छन् । हालसम्मको अन्वेषण अनुसन्धानबाट जाँदा मानव (१० देखि ५ लाख वर्षपूर्व) र पेकिङ मानव (पाँच लाख वर्षपूर्वको) जस्ता अति प्राचीन मानव जातिको अवशेष जावा र पेकिङ मानवको दाँत र गालाको हड्डीसमेतलाई अध्ययन गर्दा आधुनिक मङ्गोल वा जनगणहरूको दाँत र गालाको हड्डीसँग समानता रहेको पाइयो । त्यसैले मङ्गोल वा जनगणभित्र पर्ने जातिहरूको उत्पत्तिस्थल ऐडेलबर्ग, जर्मनीको नियण्डस्थल र फ्रान्सको मुस्तरमा पनि पाइयो त्यस मानवको संस्कृति र हातहतियार मङ्गोलिया र चीनको (संसी) र मध्यएसियामा पनि पाइयो । यो मानवको मूल स्थान एसिया नै मानिएको छ ।

किरातीहरू चीनको ह्वाङ्हो सभ्यताबाट विकसित भएको हो भन्ने कतिपय समीक्षकहरूका विचारमा कुनै खास आधिकारिक तथ्य भेट्न सकिँदैन । बरु यही भारतीय उपमहाद्वीपका किरातीहरू विभिन्न क्षेत्रमा फैलने क्रममा कुनैकुनै समूहहरू उत्तरपूर्व फैलँदै तिब्बत, चीनतर्फसमेत पुगेको अनुमान गर्न सकिन्छ । मानिसको बसाइँसराइको अवस्थालाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नियाल्ने हो भने पनि यही कुरा पुष्टि हुन्छ। काठमाडौं उपत्यकामा किरातीहरूले शाासन गर्ने समयमा उपत्यकाका मानिसहरू व्यापार गर्ने सिलसिलामा पनि त्यहीतर्फ जाने गर्दथे। पछि लिच्छवि शासनका बेलामा पनि कलाकार अरनिकोसहित सयौं नेपालीहरू तिब्बतमै बसोबास गरेको इतिहास पाइन्छ। बुद्ध धर्मको प्रचार गर्दै बौद्ध भिक्षु पद्मसम्भव पनि नेपाल हुँदै उत्तर तिब्बततर्फ गएका थिए। यसरी हेर्दा के देखिन्छ भने विश्वकै प्राचीन जातिभित्र पर्ने किराती वैदिक काल आसपासमा उत्तरी क्षेत्र र गङ्गाको मैदान, सिन्धुघाटीतर्फ आबाद भएको देखिन्छ भने बिस्तारैबिस्तारै ती किरातीहरू वर्तमान भारतका विभिन्न क्षेत्रमा र नेपालमा समेत छरिएर आदिम कालदेखि नै बसोबास गर्दै आएको देखिन्छ।

२.२ निष्कर्ष

यसरी हेर्दा के देखिन्छ भने किरात शब्द एउटा प्राचीन जातिलाई बुझाउने शब्द हो जसको उत्पत्ति र विस्तार यिनै भारतीय उपमहाद्वीप अर्थात् पूर्वीय क्षेत्रमा नै भएको हो। तिनै प्राचीन किराती जाति वर्तमान समयमा विभिन्न नामले चिनिएका छन् भने कतिपय जातिहरू किरातबाट अलग भई अन्य छुट्टै जातिका रूपमा विलय भइसकेको देखिन्छ। किरातीबारे हालसम्मको विश्वकै लिखित प्राचीन ग्रन्थ मानिएको ऋग्वेददेखि अन्य अधिकांश प्राचीन संस्कृत वाङ्मयहरूमा चर्चा भएको पाइन्छ। यसबाट के प्रस्ट हुन्छ भने भारतीय उपमहाद्वीपमा आर्यहरू आउनुपूर्व नै अथवा ती प्राचीन संस्कृत ग्रन्थहरू लेखिनुपूर्व नै किरातीहरूको बसोबास भएको प्रस्ट हुन्छ। जब आर्यहरूको प्रवेश भारतीय उपमहाद्वीपमा भयो उनीहरू आउनुपूर्व नै यस क्षेत्रमा किरातीहरू रैथाने जातिका रूपमा प्राचीन समयदेखि नै बसोबास गरेको तथ्य तिनै प्राचीन ग्रन्थहरूले पुष्टि गर्दछ। त्यसैले वैदिक आर्यहरूले आफ्ना संस्कृत ग्रन्थहरू लेख्दा किरातबारे प्रशस्त चर्चा गर्न पुगेका छन। यसबाट के बुझिन्छ भने भारतीय उपमहाद्वीपमा आर्यहरूको उपस्थित हुनासाथ यहाँका रैथाने जाति किरातीहरूसँग साक्षात्कार हुन पुगे। मिलेर होस् वा नमिलेर एउटै भूमिमा बसोबास गर्न पुगे र कालान्तरमा आर्य र किरातीहरूका बिचमा जीवनभोगाइ, यात्रावृत्तान्त, शासन र जीविका बारेका वर्णन गर्ने क्रममा किराती र आर्यहरूको प्रसङ्ग सँगसँगै आउन पुगेका हुन्।

वैदिक कालमा चर्चा गरिएका प्राचीन किरातीहरू भारतवर्षमा विभिन्न ठाउँमा फैलँदै जाने क्रममा कतिपय किराती समूहहरूले आफूलाई किराती हुँ भन्नेसमेत भुल्न पुगे भने कतिपय प्राचीन किरातीहरू अन्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विभिन्न जातजातिका रूपमा रूपान्तरण भए। मानव जाति विश्वभर फैलने क्रममा अनेकौं जाति, उपजाति, वर्ण, थर, पाछा, गोत्र, सामाइ आदि बन्ने क्रम अद्यावधि पाइन्छ। यही प्रकारले प्राचीन किरातीहरू पनि विभिन्न ठाउँमा फैलने क्रममा, विस्तार हुने क्रममा, अनेकौं समूह, उपसमूह, जाति, उपजाति आदिमा रूपान्तरण हुँदै गएको देखिन्छ। समग्रमा भन्ने हो भने किरात अत्यन्तै प्राचीन मानव जाति हुन् भन्ने कुरा प्राचीन संस्कृत वाङ्मय र किराती जातिका मुन्दुम/मुन्धुमले समेत प्रमाणित गरेको छ। तिनै प्राचीन किरातीकै विभिन्न समूह, उपसमूहले कुनै एउटा समूह वर्तमान नेपालमा बसोबास गरेको र जुन किरातीहरू खुवालुङ क्षेत्रबाटै प्रवेश गरेर नेपालभर फैलिएको देखिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय तीन

मुन्दुमको सङ्क्षिप्त परिचय

३.१ विषय परिचय

मुन्दुम अघिल्लो पुस्ताबाट पछिल्लो पुस्तासम्म अनवरत रूपमा हस्तान्तरण हुँदै आएको मौखिक ज्ञानभण्डार हो। वस्तुतः किरात राईहरूको जीवनपद्धति तथा समग्र चिन्तन-मनन मुन्दुमद्वारा निर्देशित हुने गर्दछ, किनभने मुन्दुम भनेको प्राचीन किराती पुर्खाहरूले देखेर, सुनेर, भोगेर प्राप्त गरेको अनुभवजन्य ज्ञानभण्डार हो। कुन कार्य गर्न हुने, कुन कार्य गर्न नहुने, कुन वस्तु खान हुने, कुन वस्तु खान नहुने, किन गर्ने, किन नगर्ने, कसरी गर्ने, कहिले गर्ने, कुन राम्रो, कुन नराम्रो जस्ता जीवनभोगाइका क्रममा प्राप्त अनुभव र अनुभूतिजन्य ज्ञानभण्डार नै वास्तवमा मुन्दुम हो। यी अनुभवजन्य ज्ञानहरू धामी-झाँक्री, बुढापाका, पितापुर्खा, कथावाचक, गायक आदि जानकार अघिल्लो पुस्तामार्फत पछिल्लो पुस्तासम्म गीतको (रिसिया होप्माछाम आदि) माध्यमबाट, कथाको माध्यमबाट, मिथकको माध्यमबाट, पितृपूजन-प्रकृतिपूजनको माध्यमबाट तथा धार्मिक, सांस्कृतिक अनुष्ठानहरूमार्फत हस्तान्तरण हुँदै आएको छ। मुन्दुम किरात राई जातिको जीवनदर्शन पनि हो। मुन्दुमभित्र किरात राईहरूको विचार, अनुभव र अनुभूतिका आधारमा सिर्जित वा निर्मित दर्शन, चिन्तनसमेत प्राप्त गर्न सकिन्छ। त्यसैले मुन्दुम किरातीहरूको दर्शनको स्रोत हो। किरात राई जातिको दार्शनिक आधार मुन्दुम हो।

किरात राई जातिमा बहुभाषिक प्रचलन पाइन्छ। त्यसैले उनीहरूले मुन्दुम/मुन्धुमलाई आ-आफ्नै भाषाअनुसार सम्बोधन गर्ने गर्दछन्। मुन्दुमलाई सुनुवारले मुन्दुम/मुक्दुम, याक्खाले मुक्तुम भन्दछन् भने कुलुङले रिद्दुम, चाम्लिङले मुन्दुम/मुदुम; दुमी, मेवाहाङ, साम्पाङले मुद्दुम, पुमाले मुन्दुम, बान्तावाले मुन्दुम, याम्फूले मिन्दुम भन्दछन्। यसरी नै लोहोरुङले मुन्दुम/पेल्लाम र वाम्बुलेले मुक्तुम/मुक्दुम भन्ने गर्दछन्।

यी विभिन्न शब्दहरूका पूर्णतः फरक अर्थ नलाग्ने भए पनि सामान्य फरक अर्थ लाग्ने देखिन्छ। चाम्लिङ (२०७३ : ७०) भन्छन् - *यी*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शब्दहरूका भाषिक विविधताअनुसार फरकफरक रूपमा अर्थ्याइने गरेको छ । जस्तो कि पुमा भाषामा 'मुन' को अर्थ हुन्छ झारफुक गर्नु र 'दुम' को अर्थ शास्त्र, बोली आदि । पुमा भाषिकाअनुसार झारफुक गर्दा बोलिने बोली नै मुन्दुम हो । लिम्बू भाषामा चाहिँ मुनको अर्थ गति वा गतिमय स्थिति हुन्छ भने 'धुम' को अर्थ कठिन, शक्ति वा बल हुन्छ (काइँला, १९९९: २५२) । बान्तावा भाषामा मुन्दुमलाई मान्छे (मिन्) को बोली (दुम) का रूपमा अर्थ्याउने गरिएको छ । चाम्लिङ भाषामा चाहिँ 'मुन' को अर्थ रच्नु, उत्पन्न गर्नु जन्मनु हुन्छ (राई र अन्य, २००७ : २००) भने 'दुम' को अर्थ हुन्छ 'बोली' । बोलीको रचना नै मुन्दुम हो । अर्को हिसाबले पनि मुन्दुमको अर्थ खुट्याउने गरिएको पाइन्छ, जसअनुसार 'मिना' (मान्छे) को दुम् (बोली) नै मुन्दुम हो । यी व्युत्पत्तिका आधारमा के देखिन्छ भने मुन्दुम भनेको बोली हो अर्थात् मौखिक ज्ञान हो ।

यसरी नाम फरक-फरक भए तापनि मुन्दुम किरातीहरूको मौखिक वाङ्मय हो । मुन्दुमभित्र किरातीहरूको भाषा, संस्कार, संस्कृति, इतिहास, भूगोल, कला, साहित्य, दर्शन, चिन्तन तथा सामाजिक मूल्य र मान्यताहरू मुखरित भएका हुन्छन् । त्यसैले मुन्दुम किरातीहरूको आस्था एवं विश्वासको धरोहर हो । मुन्दुम एक मुखबाट अर्को मुख, एक समाजबाट अर्को समाज हुँदै एक पुस्ताबाट अर्को पुस्तासम्म मौखिक तथा श्रुति परम्परामा हस्तान्तरण हुँदै वर्तमानसम्म आइपुगेको हो । मुन्दुमभित्र सामाजिक, धार्मिक, सांस्कृतिक मूल्य र मान्यताहरूका अतिरिक्त विशेषतः मानिसको उत्पत्ति, जीवजन्तुको उत्पत्ति, पञ्चतत्त्वको उत्पत्ति तथा समग्र जीवन र जगत्‌को उत्पत्ति कथाका वर्णनहरूसमेत पाइन्छ ।

३.२ मुन्दुम/मुन्धुमको अर्थ तथा परिभाषा

मुन्दुम/मुन्धुम आफैंमा विशाल तथा बृहत् ज्ञानभण्डार हो। यसलाई परिभाषित गर्नु वा चिनाउनु अत्यन्तै कठिन कार्य हो, यद्यपि मुन्धुमलाई विभिन्न लेखक, अनुसन्धाताहरूले विभिन्न समयमा आ-आफ्नै ढङ्गले परिभाषित गर्ने प्रयास गरेका छन् ।

स्वामी प्रपन्नाचार्य (२०५७ : ४२४) का अनुसार किरातीहरूका धामी, बिजुवा, माङ्पा, फेदाङ्माहरूले सृष्टिको उत्पत्ति भएको कथा-कहानी बताउँछन् तर ती धामी-झाँक्रीहरूले आ-आफ्नो मुन्धुम कुन सत्य र कुन असत्य हो भनी छुट्याउन नै सक्दैनन् ।

दुर्गाहाङ याक्खा राई (२०५८ : ७०) का अनुसार मुन्धुम भनेको प्राचीन किरात पुस्ता-दरपुस्ताबिच मुखौली सुन्दै कण्ठस्थ पार्दै ल्याइएका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सृष्टि र धार्मिक रहनसहनसम्बन्धी कवितामय प्राचीन वचनहरू हो ।

अतीत मुखिया (२०६७ : १३) का अनुसार मुन्धुमले किरातीहरूको आफ्नै छुट्टै विशिष्ट धर्म, संस्कृति, भाषा, सामाजिक चालचलन र संस्कार, संस्कृति छ भन्ने पुष्टि गर्दछ । यति मात्र होइन मुन्धुमले उनीहरूको पुर्ख्यौली थलोको समेत किटान गरेको पाइन्छ ।

यसै गरी मुन्दुमलाई चिनाउने क्रममा जे.पी. राई (२०६१ : १२) भन्छन् : 'मुन्धुम' शब्द दुईओटा शब्दहरूको गठजोरबाट निर्माण भएको देखिन्छ । मुना + दुम = मुन्धुम । यसको सोझो अर्थ मानवसृष्टिको पहिचानमा ल्याउने मानव उत्पत्ति साथै ऐतिहासिक विकासक्रमको पहिचान गर्नुका साथै मानव जातिको असल र खराब पक्षको खोजी गर्नु हुन्छ ।

किराती मुन्दुमलाई चिनाउने क्रममा अञ्जनी लगुन र अन्य (२०६८ : ६१) का अनुसार ब्रह्माण्ड सिद्धान्त, मूलभूत धार्मिक दर्शन, विज्ञान र विश्वास भनेको नै मुन्धुम हो ।

ओमप्रसाद सुवेदी (२०६५ : २०७) का अनुसार प्रकृतिपूजक किरातीहरूको प्रकृति पूजन गर्ने विधिलाई व्याख्या वा निर्देशित गर्ने र सामाजिक संस्कारहरूका विधिहरू सगृहीत अलिखित वा मौखिक रूपमा कण्ठाग्र गरी वाचन गरिने वा धार्मिक, सामाजिक संस्कार आदिमा परम्परागत तवरले मौलिक कर्मकाण्ड सम्पन्न गर्दा, गराउँदा किरातका आफ्नै पुजारी (नछुङ, नाक्सो, नाक्छोङ, साम्बा, फेदाङमा) ले वाचन गर्ने शास्त्र मुन्धुम हो ।

यसरी नै मुन्दुमलाई चिनाउने क्रममा हिमालधन राई (ललितपुर निवासी) का अनुसार माना दुम . मुन्धुम । यसको अर्थ मान्छेको विचार वा विषय भन्ने हुन्छ । यो किरात जातिको जीवनदर्शन हो । यसै गरी मुन्धुमका बारे भोजपुर भैसीपङ्खा ३ निवासी नीरकुमार राईका अनुसार मुन्धुम भनेको किराती जातिको मौखिक दर्शन हो । किराती जातिको सम्पूर्ण जीवनभोगाइ र सोचाइ मुन्धुमद्वारा निर्देशित हुन्छ ।

यसरी उपर्युक्त विभिन्न मुन्दुमसम्बन्धी धारणाहरूलाई हेर्दा के देखिन्छ भने मुन्दुम भनेको किराती जातिको सर्वोच्च आस्थाको केन्द्र हो । किरातहरूको जीवनभोगाइ र सोचाइ मुन्दुममा आधारित हुने गर्दछ । मुन्धुमको अर्थ मान्छेको भनाइ भन्ने देखिन्छ । प्राचीन पुर्खाहरूले देखेको सत्य, भोगेको सत्य र सोचेको सत्य नै वर्तमानसम्म मुन्दुम/मुन्धुमका रूपमा एक पुस्ताबाट अर्को पुस्तासामु हस्तान्तरण हुँदै वर्तमानसम्म मौखिक रूपमा बाँच्न सकेका छन् । यिनै मौखिक आस्था र विश्वासका अलिखित शास्त्र नै वास्तवमा मुन्दुम हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.३ मुन्दुमको विशेषता

डा. भक्त राई (२०७४) का अनुसार मुन्दुम मौखिक शास्त्र हो। यसका आफ्नै प्रकारका विशेषताहरू रहेका छन् जुन देहायअनुसार छन् :

क) मौखिक तथा गेयात्मक परम्परा

मुन्दुम मौखिक परम्परामा जीवित रहँदै आएका छन्। मुन्दुम धामी, झाँक्री, कुबी, बुढापाका जानकार व्यक्तिहरू, विज्ञ तथा संस्कृतिविद् जस्ता व्यक्तिद्वारा मौखिक रूपमा हस्तान्तरण हुँदै एक व्यक्तिबाट अर्को व्यक्ति, एक समाजबाट अर्को समाज तथा एक पुस्ताबाट अर्को पुस्तासामु मौखिक रूपमा हस्तान्तरण हुँदै आएको मौखिक शास्त्र हो। मुन्दुम वस्तुतः गेयात्मक प्रस्तुति हो र यो गायन परम्परामा जीवित हुँदै आएको छ। रिसिया, होप्माछ्राम् जस्ता गेयात्मक शैलीको माध्यमले एक पुस्ताबाट अर्को पुस्तासम्म मौखिक रूपमा सर्दै आएको छ।

ख) धार्मिकता

मुन्दुम किरातीहरूको धार्मिक तथा दार्शनिक आधार हो। किरातीहरू मुन्दुमी दर्शनअनुसार आफ्ना जीवनयापन गर्ने गर्दछन्। कुन कार्य गर्न हुने, कुन कार्य गर्न नहुने, कुन कार्य कसरी गर्ने, किन गर्नेजस्ता जीवनभोगाइका मार्गनिर्देशहरू मुन्दुममा पाइन्छ। खास गरेर धर्मकर्मसम्बन्धी विवरण मुन्दुममा हुने गर्दछ। किरातीहरूले मान्दै आएको किरात धर्मको धार्मिक मौखिक ग्रन्थ नै वास्तवमा मुन्दुम हो। त्यसैले मुन्दुमभित्र धर्मसम्बन्धी मार्ग निर्देशन व्यक्त भएका हुन्छन्।

ग) ऐतिहासिकता/प्राचीनता

मुन्दुम किराती जातिको इतिहास पनि हो। मुन्दुमभित्र सृष्टिको उत्पत्ति, मानिसको उत्पत्ति, जीवजन्तुको उत्पत्ति, वनस्पतिको उत्पत्ति तथा सम्पूर्ण जीवन र जगत्को उत्पत्तिको कथाका साथै सम्पूर्ण चराचर जगत्को ऐतिहासिक विवरण पाइन्छ। किरातीहरूको उत्पत्ति कसरी, कहिले, कहाँबाट भयो ? भन्ने विवरणदेखि किरातीहरूको संस्कार, संस्कृतिको निर्माण तथा प्रचलन कसरी र कहिलेदेखि भयो ? भन्ने दार्शनिक विवरणसमेत मुन्दुमभित्र उल्लेख भएका हुन्छन्। त्यसैले मुन्दुम किरातीहरूको इतिहास पनि हो।

घ) भाषिक विविधता

किरात राई जातिमा विभिन्न थरअनुसारका भाषाहरू हुन्छन्। किरात राई जातिका मुन्दुम पनि आ-आफ्नै थरअनुसारका, भाषिक प्रयोग भएका हुन्छन्। जुन मातृभाषीको व्यक्तिले मुन्दुम वाचन गर्ने हो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सोहीअनुसारको भाषिक प्रयोग मुन्दुममा भएको हुन्छ। त्यसैले मुन्दुममा भाषिक विविधता पाइन्छ।

ङ) आख्यान विविधता

मुन्दुममा वर्णित विभिन्न प्रकारका आख्यानहरू तथा पात्रहरूबिच विविधता भेटिन्छ। मुन्दुम मौखिक परम्परामा हस्तान्तरित हुँदै आएको श्रव्य काव्य भएकाले पनि फरक-फरक पुस्ताबिच आख्यानात्मक ढाँचामा विविधता भेटिएको हो। एक व्यक्तिबाट अर्को व्यक्तिसम्म, एक ठाउँबाट अर्को ठाउँसम्म तथा एक पुस्ताबाट अर्को पुस्तासम्म पुग्दा मुन्दुमी कथाहरू, विवरणहरू फरक-फरक हुन पुगेको देखिन्छ।

च) सीमितता

किरात राई जातिको मुन्दुमको अर्को महत्त्वपूर्ण विशेषता भनेको यो ज्ञान सीमित व्यक्तिमा मात्र हुनु हो। मुन्दुमको ज्ञान सबैमा हुँदैन। धामी, झाँक्री, कुबी, बुढापाका व्यक्तिहरू, संस्कृतिविद्, धार्मिक अगुवा आदि निश्चित व्यक्तिहरूमा मात्र हुने हुँदा मुन्दुमी ज्ञान सीमित व्यक्तिमा मात्र हुने गर्दछ।

छ) हस्तान्तरणीय

मन्दुम एक मुखबाट अर्को मुख, एक समाजबाट अर्को समाज हुँदै एक पुस्ताबाट अर्को पुस्ता सामु हस्तान्तरित हुँदै आएको मौखिक ज्ञान हो। यसको महत्त्वपूर्ण विशेषता हस्तान्तरणीयता पनि हो।

३.४ मुन्दुमका तत्त्वहरू

मुन्दुम विभिन्न तत्त्वहरू मिलेर संरचित भएको छ। यो मौखिक परम्परामा जीवित मौलिक धर्मशास्त्र हो। मुन्दुमका मुख्य तत्त्वहरू निम्नानुसार रहेका छन् :

क) विषयवस्तु

मुन्दुम किरातीहरूको जीवनदर्शन हो। यसमा अनेकौं विषयवस्तु छन्। जीवन र जगत्को उत्पत्तिदेखि विभिन्न, भाषा, संस्कार, संस्कृति, कला, साहित्य, दर्शन, अर्थशास्त्र, भूगोल आदि अनेकन् विषयको वर्णन मुन्दुमका विषयवस्तु हुन्। यद्यपि मूल रूपमा मुन्दुममा दुईओटा विषयवस्तुको उठान गरिएका हुन्छन्। ज्ञानसम्बन्धीका विषय ज्ञानकाण्ड र कर्मसम्बन्धीका विषय कार्मकाण्ड गरी मुख्य दुईओटा विषयवस्तुको उल्लेख मुन्दुममा पाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ख) गेयात्मकता तथा श्रुतिपरम्परा

मुन्दुम मौखिक शास्त्र हो। यो गेयात्मक रूपमा प्रस्तुत गरिन्छ। मुन्दुमविद्‌हरूले रागात्मक लय वा रागात्मक रूपमा मुन्दुम गाउने गर्दछन्। मुन्दुम गेयात्मक तथा श्रुतिपरम्परामा एक पुस्ताबाट अर्को पुस्तासम्म हस्तान्तरित हुँदै आएका छन्।

ग) कथनपद्धति

कथनपद्धति भनेको कुनै पनि विषय वा सन्दर्भको वर्णन गर्ने, व्याख्या गर्ने ढाँचा, पद्धति वा प्रणाली हो। किरातीको मुन्दुम गायन परम्परामा जीवित रहँदै आएको छ। मुन्दुम गेयात्मक रूपमा धामी, झाँक्री वा अन्य विज्ञहरूद्वारा वाचन गरिन्छ। यसको कथन पद्धति वर्णनात्मक तथा व्याख्यात्मक किसिमको हुन्छ। मुन्दुम गाउँदै कुनै पनि विषयको वर्णन र व्याख्या गर्ने गरिन्छ। त्यसैले मुन्दुमको कथनपद्धति वर्णनात्मक तथा व्याख्यात्मक किसिमको हुन्छ।

घ) लय वा भाका

मुन्दुमको प्राण भनेकै लय हो। मुन्दुम गेयात्मक मौखिक शास्त्र हो। यसको आफ्नो छुट्टै विशिष्ट लय ढाँचा रहेको हुन्छ। मुन्दुममा शास्त्रीय सङ्गीतमा आधारित लय ढाँचा रहेको हुन्छ। मुन्दुम जुनसुकै व्यक्तिले गाउन सक्दैन। आह्लादित र विरेचित पार्न सक्ने रागात्मक लय मुन्दुमको हुनाले मुन्दुम गाउँदा पशुपक्षीहरू भेला हुने, रुखबिरुवाहरू एकआपसमा जोल्टिने, छुट्टिने पनि गर्दछन् भन्ने भनाइ किरात राई जातिमा रहेको छ। त्यसैले मुन्दुमको प्राण भनेको यसको लय हो। लयकै माध्यमबाट मुन्दुम एक पुस्ताबाट अर्को पुस्तासामु अनवरत रूपमा हस्तान्तरित हुँदै आएका छन्। त्यसैले 'लय' मुन्दुमको प्राणभूत तत्त्व हो।

ङ) प्रस्तोता

मुन्दुम सर्वसाधारण जोसुकैले गाउन सक्ने मौखिक शास्त्र नभई निश्चित व्यक्तिले, निश्चित समयमा मात्र गाउने मौखिक गेयात्मक शास्त्र हो। मुन्दुमको प्रस्तोता (गायक/गायिका) का रूपमा विज्ञ धामी, झाँक्रीहरू, संस्कृतिविद् आदि विज्ञ व्यक्तिहरू रहेका हुन्छन्। समग्रमा भन्दा मुन्दुमका प्रस्तोता निश्चित जानकार व्यक्तिहरू मात्र हुने गर्दछन्।

च) विचार र दर्शन

मुन्दुम किरातीहरूको विचार, अनुभव र अनुभूतिजन्य ज्ञान हो। त्यही अनुभव र अनुभूतिका आधारमा सिर्जित दर्शन पनि हो। त्यसैले मुन्दुम विचार, अनुभव, अनुभूति र दर्शन पनि हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ) भाषा

मुन्दुमको भाषा आफ्नै छुट्टै प्रकारको हुन्छ । किरात राई जातिका व्यक्तिहरू थरअनुसारका भाषाहरू बोल्ने गर्दछन् । किरात राई मुन्दुममा पनि तिनै थरअनुसारको भाषिक प्रयोग पाइन्छ । मुन्दुम वाचक जुन राई हुन्छ उसले सोही भाषाको प्रयोग गर्ने गर्दछ । तर मुन्दुममा प्रयोग हुने भाषा बोलीचालीका भाषाभन्दा बेग्लै प्रकारको हुने गर्दछ । यसको कारण मुन्दुममा प्रयोग गरिने भाषा निकै प्राचीन भाषा हो । मूल भाषा नै मुन्दुमी भाषा भएको हुँदा मुन्दुमी भाषा एउटै भएको हो (राई : २०७४) ।

यिनै तत्त्वहरू मुन्दुमभित्र पाउन सकिन्छ अर्थात् यिनै तत्त्वहरूको मेलबाट मुन्दुम निर्माण भएका हुन्छन् ।

३.५ मुन्दुमको प्राचीनता

मुन्दुम किरातीहरूको इतिहास, धर्म, संस्कृति र सभ्यताको ऐना हो । मुन्दुमको प्राचीनताका बारेमा (भक्त राई : २०७४) ले यसरी उल्लेख गरेका छन् :

मुन्दुम किरातीहरूको इतिहास हो, सभ्यता र संस्कृति हो । किरातीहरू प्राचीन समयदेखि कहाँबाट कसरी फैलँदै यो अवस्थासम्म आइपुगे ? भन्ने छनक मुन्दुममा पाइन्छ । मुन्दुममा वर्णित विषयहरूलाई हेर्दा के देखिन्छ भने किराती समाजमा प्राचीन समयमा मातृसत्तात्मक व्यवस्था थियो । यसको प्रमाण वर्तमान समयसम्म पनि यो जातिमा पूर्णतः पुरुषप्रधान वा पितृसत्तात्मक पारिवारिक व्यवस्था पाइँदैन । सभ्यताको लगभग प्रारम्भिक चरणतिर सिकार युगमा पुरुषहरूले सिकार गरेर ल्याउने अनि ती सिकारबाट प्राप्त सामग्रीहरू महिलाले नै सबैलाई बराबरी बाँडेर दिने गर्दथे । यसरी नै को-कहाँ जाने ? कसले के काम गर्ने ? जस्ता कामको बाँडफाँडको जिम्मा र अधिकार महिलाहरूमा नै थियो । चाम्लिङ (२०७३ : ७१) अनुसार किराती मुन्दुममा प्रारम्भिक चरणमा माङ जसलाई कोकुमा पिरिमा, युमा आदि थुप्रै नामले चिनिन्छ, उनीहरूको प्रधानता पाइन्छ, तर पछिल्लो चरणमा माङ्का सट्टामा पितृ (पुर्खा)हरू प्रधान हुन पुगेका छन् । मुन्दुमअनुसार किरातीहरूका सर्वप्रथम मुन्दुमी गुरु चराहरू थिए । निश्चय नै यो किरातीहरूको (टोटेम) गण चिन्ह थियो । अनि कोकुमा-पिरिमा (माङ) भए, त्यसपछि मात्र पुरुषहरू मुन्दुमी (नछुङ) निस्किए । यसरी हेर्दा के देखिन्छ भने मुन्दुमअनुसार प्राचीन किराती सभ्यतामा, समाजमा अगुवाका रूपमा महिलाहरू नै थिए । पछिल्लो समयमा एउटा पुरुषले धेरैओटा श्रीमती बिहे गरेजस्तै सुरुसुरुमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महिलाहरूले नै पुरुष छान्ने अथवा बहुपतिप्रथा स्विकारेको देखिन्छ । त्यति बेला को-कसको सन्तान हो भनेर छुट्याइदिने वा देखाइदिने कार्य पनि महिलाहरूले नै गर्ने गर्दथे । किराती सभ्यतामा मात्र होइन, मातृसतात्मक व्यवस्था भएका लगभग सबै जाति वा मानव समुदायमा नै यस प्रकारको प्राचीन इतिहास भेटिन्छ ।

किरात राई मुन्दुममा सिकार युग र त्यसपछि अर्थात् सिकार युगपछि कृषियुगमा प्रवेश गरेपछिका कथाहरू प्रशस्त पाइन्छन् । मुन्दुम भनेको मानिसको मौखिक अभिव्यक्ति भएको हुँदा यसमा कुन समयदेखिका भनाइहरू, कथनहरू, मिथकहरू हस्तान्तरण हुँदै आएका छन् भन्ने विषयमा ठ्याक्कै भन्न सकिने अवस्था छैन तैपनि ती मुन्दुमहरूको भाषा, विषयवस्तु तथा वर्णन ढाँचाका आधारमा हेर्दा मुन्दुम सामूहिक रूपमा मानिसले जीवनयापन गर्न थालेदेखि, सामूहिक सिकार तथा घरजम गर्न थालेपछि मुन्दुम निर्माण, सङ्कलन तथा हस्तान्तरण हुन थालेको देखिन्छ । जीवनमा नयाँ-नयाँ भोगाइ, ज्ञान, अनुभव र अनुभूतिहरू प्राप्त गर्दै जाने क्रममा आफ्ना पुस्ताले भोगेका अनुभवहरू, अनुभूतिहरू पछिल्लो पुस्तालाई सुनाउँदै जाने क्रममा नै मुन्दुमको निर्माण हुन पुग्यो । यसरी हेर्दा के देखिन्छ भने विशेषतः जङ्गली सिकार युग, कृषियुगदेखिको विवरण मुन्दुममा प्राप्त गर्न सकिन्छ ।

भोटबर्मेली मूलका वा वर्तमान समयमा मङ्गोल भनेर चिनिएका जातिहरूको उद्गम स्थल चीनको ह्वाङ्हो (यलोरिभर) र याङ्जी (याङत्से) नदीको उपत्यकालाई मानिन्छ । भाषागत सामीप्य, पूजनविधि, पूजनसामग्री, स्थानको नाम र आदिम परम्परा आदि मुन्दुममा वर्णन भएका वस्तुहरू तथा विवरणहरूका आधारमा किरातीहरू त्यही ह्वाङ्हो उपत्यकाबाटै अन्यत्र फैलिएको हुन सक्ने आधार भने भेटिँदैन । मुन्दुममा वर्णित नियामा/निवामा त्यही याङ्जी नदीको समथर उब्जाउ भूमि हो भन्ने धारणा पनि कतिपय समीक्षकहरूले व्यक्त गर्दै आएका छन् । यसरी हेर्दा किरातीहरूले चुलापूजा, कृषि व्यवसायको थालनी चीनको ह्वाङ्हो सभ्यताबाटै थालेका हुन् वा सिकेका हुन् भन्ने एक थरीको कथन छ भने अर्का थरीले किरातीहरूको उत्पत्ति र विकास यही हालको भारतीय उपमहाद्वीपमा नै भएको ठान्दछन् । त्यही किरातीहरू विभिन्न क्षेत्रमा फैलने क्रममा केही समूह किरातीहरूको सभ्यताको विकास खोटाङ जिल्लामा पर्ने तुवाचुङ डाँडाबाट र उक्त कामको थालनी तायामा खियामा (भाषाअनुसारको फरक-फरक नाम) दिदीबहिनी र हेत्छाकुप्पा नामक भाइबाट सुरु भएको ठान्दछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

किरात राई जातिको मुन्दुमले प्राचीन इतिहासलाई वर्णन गर्ने भए तापनि संस्कृत वाङ्मयहरूमा उल्लेख गरेका किरातीहरूको विवरण, उपत्यकामा शासन गरेका किरातीहरूको विवरणहरू भने वर्तमान समयमा प्राप्त मुन्दुममा भेटिँदैन। यसबाट के अनुमान गर्न सकिन्छ भने ह्वाङ्हो सभ्यताबाट फैलिएका किरातीहरू विस्तार हुने क्रममा कुनैकुनै समूह तिब्बतको हिमालय शृङ्खला पार गरेर नेपाल प्रवेश गरे, कुनै समूह कस्मिर हुँदै गङ्गाको मैदान सिन्धु घाँटीमा प्रवेश गरे। वास्तवमा भन्ने हो भने हिन्दु संस्कृत वाङ्मयहरूमा (वेद, उपनिषद्, मनुस्मृति, पुराण, रामायण, महाभारत आदि) वर्णित किराती जाति र वर्तमान समयका किराती भनिने राई, लिम्बू, सुनुवार र याक्खा जाति एउटै हुन् कि फरक हुन् ? भन्ने विषयमा समेत ठोस आधार भेटिँदैन।

यसरी उपत्यकामा शासन गर्ने किरातीहरू पूर्वबाट आएर राज्य शासन चलाएका हुन् कि अन्य ठाउँबाट प्रवेश गरेर काठमाडौँ उपत्यकामा शासन गरेका हुन्। यस विषयमा पनि स्पष्ट इतिहास भेटिँदैन। किरात राईहरूले खोटाङ जिल्लाको तुवाचुङ डाँडालाई आफ्नो प्राचीन सभ्यताको सुरुवात भएको स्थान मान्दै आएका छन्। किराती चेलीहरूले त्यहाँस्थित तान ढुङ्गामा तान बुनेर वेशभूषा सभ्यताका सुरुवात गरेको मानिन्छ। मुन्दुमले समेत यही विवरण प्रस्तुत गरेको भेटिन्छ। यता इतिहासले के भन्छ भने नेपालको काठमाडौँ उपत्यकामा लामो समयसम्म शासन गरेका किरातीहरू बज्जी गणराज्यका राजधानी वैशालीबाट आएका लिच्छविहरूसँगको हारपछि उनीहरू नेपालका पूर्व दिशा हाल किरातीहरू बसोबास गरेको क्षेत्रतिर लागेको हो। यहाँ विचारणीय कुरा के छ भने काठमाडौँ उपत्यकामा हजारौँ वर्ष शासन गर्ने, नेपालकै सभ्यताको स्वर्णयुग मानिएको किरात शासकहरू अन्तर्राष्ट्रिय व्यापारमा (चीन आदि देशमा) प्रसिद्धि पाएका सभ्य किराती जाति कसरी हालको भूभागमा नाङ्गै पुगे र तुवाचुङ डाँडामा तान बुन्न सिके ? यसबाट के देखिन्छ भने कि त उपत्यकामा शासन गर्ने किराती, पूर्वमा खोटाङ जिल्लाको तुवाचुङमा सभ्यताको सुरुवात गर्ने किराती र सिन्धु घाटीको सभ्यता सुरु गर्ने संस्कृत वाङ्मयहरूमा वर्णित किरातीहरू फरक-फरक हुन्। कि त पूर्वबाटै हाल किरातीहरू बसोबास गर्ने क्षेत्रहरूबाटै उपत्यकामा प्रवेश गरेर शासन सञ्चालन गरेका किरातीहरू लिच्छविहरूसँगको हारपछि पुनः पूर्वतर्फ लागेका हुन्। किराती जातिमा प्रचलित वर्तमान समयमा प्राप्त मुन्दुममा भने यी विषयहरूको उल्लेख पाइँदैन। यसरी हेर्दा के देखिन्छ भने किरात राई मुन्दुमको इतिहास धेरै परसम्म पुग्न सकेको देखिँदैन। मौखिक परम्परामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रहेको हुँदा मुन्दुम बिस्तारै हराउँदै र मेटिँदै गएको हुन सक्दछ। मुन्दुमले सिकारीयुग र कृषियुगको समयदेखिको विवरण मात्र प्रस्ट रूपमा चित्रित गरेको पाइन्छ तर त्यो कुन समयदेखि सुरु भयो भन्ने विषयमा भने वैज्ञानिक आधार भेटिँदैन परन्तु मुन्दुमी विवरण र भाषालाई आधार मान्दा सिकारीयुगदेखि अर्थात् प्राचीन घुमन्ते समयदेखि किरातीहरूको ऐतिहासिक विवरण र मुन्दुमी ज्ञान हस्तान्तरण हुँदै आएको देखिन्छ।

३.६ निष्कर्ष

निष्कर्षतः के भन्न सकिन्छ भने मुन्दुम/मुन्धुम भनेको किरातीहरूको पुर्खाहरूबाट प्राप्त अनुभवजन्य ज्ञानको विरासत हो। मुन्दुम/मुन्धुम किरातीहरू ऐतिहासिकं एवं संस्कृति र सदस्यको जग हो। प्रस्तुत अनुसन्धान किरातीहरूको सांस्कृतिक केन्द्र मानिँदै आएको खुवालुङबारेमा केन्द्रित छ। यस अध्ययनमा खुवालुङबारे किराती मिथक, मुन्दुम/मुन्धुम, कथा, गाथा आदि मौखिक अभिव्यक्तिहरूमा केकस्तो विवरणहरू उल्लेख भएका छन्, त्यसको विवेचना गरिएको छ। ती मौखिक साहित्य तथा अन्य विभिन्न तथ्यहरूको आधारमा खुवालुङ र किरातीहरूबिच केकस्तो सम्बन्ध रहेको छ त्यसको निरूपण गरिएको छ। मुन्दुम किरातीहरूको ऐतिहासिक विवरण पनि हो। मुन्दुमभित्र प्राचीन किरातीहरूको बसाइँसराइ, भूगोल, खानपान, वेशभूषा, धर्मकर्म आदिको समेत विवरण प्राप्त गर्न सकिने हुनाले प्रस्तुत अध्ययनमा किरातीहरूको मुन्दुमी विवरणका आधारमा खुवालुङबारेको समीक्षा गरिएको छ। खुवालुङ र किरातीबिच केकस्तो सम्बन्ध छ यहाँ त्यसको खोजी गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय : चार

खुवालुङको सङ्क्षिप्त परिचय

४.१ विषय परिचय

'खु' खोला/नदी, 'वा' पानी र 'लुङ' ढुङ्गा यी तीनओटा शब्द मिलेर बनेको खुवालुङको अर्थ नदीमा भएको ढुङ्गा भन्ने हुन्छ। खुवालुङलाई किरात भाषामा विविध नामले चिनिन्छ- खुवालुङ, खवालुङ, ख्वालुङ, खोवालुङ, खोक्वालुङ, खो ? वालुङ, खोवालु, खोलु, खुवोलु, खुक्वालुङ, खुवालु, खुनलुङ, खुङलुङ, खुलु आदि। यीमध्ये यहाँ 'खुवालुङ' शब्दलाई नै आधार मानेर अध्ययन र विश्लेषण गरिएको छ। तर यहाँ चर्चा गरिएको जुनसुकै नदी वा खोलामा भएको सामान्य ढुङ्गा नभई किरातीहरूले आफ्ना धार्मिक, सांस्कृतिक एवं भौगोलिक केन्द्रका रूपमा मान्दै आएको खुवालुङबारेको हो। यो खुवालुङ पूर्वी नेपालको १ नं. प्रदेशमा पर्ने सुनसरी, धनकुटा र उदयपुर जिल्लाको सिमाना भएर बग्ने अरुण, तमोर र दुधकोसीको सङ्गमस्थल त्रिवेणीमा पर्दछ। अरुण र तमोरसँग मिसिने दुधकोसी नदीमा भने अन्य नदीहरू भोटेकोसी, तामाकोसी, इन्द्रावती र लिखु नदी मिसिएर आएको हुनाले त्रिवेणीदेखि उँधो बग्ने कोसी नदीलाई सप्तकोसी नदी भनिन्छ जुन नेपालको सबैभन्दा ठुलो नदी पनि हो। यही सप्तकोसीका बिच भागमा रहेको र वर्षाको बेला पानीभित्र र हिउँद महिनामा आधा भाग पानीबाहिर र अन्य भाग पानीभित्र डुबेर बसेको हल्का कालो तामा जस्तो रङ भएको केही भाग चुच्चो र केही भाग ओरालो रूपमा रहेको ढुङ्गा जसलाई किरातीहरूले प्राचीन समयदेखि खुवालुङ भन्दै आएको पाइन्छ। प्रस्तुत अनुसन्धानमा यही खुवालुङ र किरातीबिचको अन्तर्सम्बन्धलाई विवेचना गरिएको छ।

४.२ खुवालुङको प्राचीनता

खुवालुङ किरातीहरूको प्राचीन इतिहाससँग सम्बन्धित सांस्कृतिक स्थल हो। यसको सम्बन्ध किरातीहरूसँग कसरी र कहिलेदेखि जोडियो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने विषयमा तथ्यगत आधार र समय निर्धारण त भेटिँदैन परन्तु मुन्दुमी मिथकहरूका आधारमा भने खुवालुङको प्राचीनताबारे नियाल्न सकिन्छ। किरात समुदायको विभिन्न भाषिक समूहहरूमा प्रचलित मिथकहरूमा लगभग एकै प्रकारका प्रसङ्गहरू पाइन्छन्। ती विभिन्न मिथकहरूमा सबैको सार भनेको के छ भने त्यही खुवालुङबाटै हाल बसोबास गरेको मुख्य किरात भूमिहरू ओल्लोकिरात, माझकिरात र पल्लोकिरातमा पुगेका हुन्। यस सम्बन्धमा इन्द्रहाङ खम्बू (२०७८ : ५) लेख्छन् : भारतीय उपमहाद्वीपमा मङ्गोलोइड नश्लका मानवसमूहको बसाइँसराइ नेपालको पूर्वोत्तर र उत्तर पश्चिम गरी दुईतिरबाट भएको देखिन्छ। सामान्यतः मानिसहरूको हुलका हुल बसाइँसराइ तीन कारणले गर्दा हुने गर्दछन्।

(१) युद्धको स्थितिबाट बच्नका लागि,

(२) बृहत् रूपका प्राकृतिक विपत्तिहरू जस्तै भूकम्प, बाढीपहिरो, महामारी र रोगव्याधि आदिबाट बच्नका लागि र

(३) उपयुक्त बासस्थानको खोजी। मानवसमूहको यस्तो बसाइँसराइ प्राचीन युगदेखि नै भएको देखिन्छ।

एसियाको हिमालय क्षेत्रदेखि पूर्वी/एसिया तथा पूर्वी-दक्षिण एसियाबिचका क्षेत्रमा करिब ५२,००० वर्षपहिले एक मानव-सभ्यताको सुरु भयो। यो मानव-सभ्यतालाई सबैभन्दा पुरानो मानव- सभ्यता भएको जेनेटिक्स अध्ययनकर्ताहरूको भनाइ रहेको पाइन्छ। यही (समूहको जेनेटिक्स mutation (चुपचाप परिवर्तन) प्रक्रिया भई अन्य विभिन्न समूहहरूको विकास भएको मानिन्छ। पूर्वीएसिया तथा पूर्वीदक्षिण एसिया क्षेत्रमा मानव-सभ्यताको सुरु भई लगभग इसापूर्व ६,००० वर्षमा नवपाषाणयुग अर्थात् कृषि जीवनमा विकसित भयो। कृषि जीवनको विकास भइसकेकाले इ.पू. ६,०००-५,००० वर्ष सम्ममा समूहगत रूपमा बसाइँसराइको क्रम पनि सुरु भइसकेको थियो। परस्पर युद्ध तथा दैवी विपत्तिको कारण पूर्वी तथा पूर्वी दक्षिण एसियाबाट करिब इ.पू. ५,००० (पूर्वी) को आसपासमा हुलका हुल मानिसहरू साङ्पो (ब्रह्मपुत्र) पछ्याउँदै भारतीय उपमहाद्वीपको उत्तर-पूर्व थाइल्यान्ड, बर्मा, आसाम हुँदै गङ्गाको मैदानमा बसाइँ सर्न गयो। उक्त कुरा ती मानवसमूहमा रहेको जेनेटिक ह्वाप्लो ग्रुप र परिवर्तन भई विकास भएको ह्वाप्लो ग्रुपहरूले पुष्टि गर्दछ।

किरात मुन्धुमले पनि ठिक यसै कुरालाई दोहोऱ्याउँदछ। किरात मुन्धुमअनुसार किरातीहरू नियामाबाट ब्रह्मपुत्र नदी पछ्याउँदै आई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मपुत्रबाट पुनः सप्तकोसी नदी पछ्याउँदै पश्चिम लागेको बताइन्छ। पहिले सप्तकोसी नदी अहिलेको जस्तो गंगा नदीसँग गई नमिसिएर सीधै ब्रह्मपुत्र नदीसँग गएर मिसिएको देखिन्छ। यस कुरामा भूगर्भविदहरू पनि सहमत भएको पाइन्छ। किराती धामीहरू जस्तै होमे, बिजुवा, नछुङ, माङतङ्पा, येवा, साम्बा, फेदाङ्वा, न्वासो, पैव, ग्यामी, येटाङ्वा आदिले आफ्नो मुन्धुम र रिसियाहरू गाउँदा आज पनि सोही मुन्धुमी बाटो नै हिँड्ने गरेको पाउन सकिन्छ। सप्तकोसीको मैदानी भू-भागहरू छिचोल्दै आई महाभारत पर्वत शृङ्खलाको खोंच रदम्भा/ बाराहाङ (हाल हिन्दुकृत नाम वराहक्षेत्र) बाट उँभो लागी खुवालुङ (त्रिवेणी) आइपुगे। खुवालुङबाट तीनओटा नदीहरू याङ्वा (दुधकोसी), रुइयुवा (अरुण) र थावा (तमोर) नदी पछ्याउँदै गई उक्त नदीहरूको किनार आसपासमा बस्तीहरू बसाली बसोबास गर्न थाले तिनीहरूका दरसन्तानहरू नै आजका किरातीहरू हुन्।

खुवालुङसम्बन्धीको विभिन्न मिथकहरू त्यसले उठाएको विषय र प्रसङ्ग, मानवविकासको गति आदिबारे नियाल्ने हो भने किरातीहरू सप्तकोसीको आसपासमा लगभग सिकारी युग अर्थात् घुमन्ते युगमा नै आइपुगेको देखिन्छ। मिथकमा लाँचे चरा वा अन्य पशुपक्षीको भोग दिने प्रसङ्ग आउनु उनीहरू जसरी पनि त्यस ठाउँबाट पार गर्ने वा अन्यत्र जाने प्रयास गर्नु, खेतीपाती, अन्नपात, आदिको प्रसङ्ग नआउनुले के प्रस्ट हुन्छ भने कृषियुगमा प्रवेश गर्नुपूर्वकै समयमा किरातीहरू यस क्षेत्रमा आइपुगेका हुन्। सायद यही सप्तकोसीमा अवस्थित खुवालुङबाट सप्तकोसीको सहायक नदीहरू दुधकोसी, अरुण पछ्याउँदै जाने किराती पुर्खाहरूले नै हालको खोटाङ जिल्लामा पर्ने तुवाचुङ डाँडामा पुगेर मात्र कपडा बुन्न वा तान बुनेर कपडा लाउने सभ्यताको विकास गरेको हो कि ? तायामा खियामा र हेत्छाकुप्पा (यिनीहरूको नाम फरकफरक) को मिथक प्रायः सबै राई किरातीहरूमा पाइन्छ जुन मिथकीय पात्रको पुर्खाहरू त्यही खुवालुङबाटै यस क्षेत्रमा प्रवेश गरेको हुन सक्छ। यसरी हेर्ने हो भने खुवालुङमा किराती मानवसभ्यताको लगभग प्रारम्भिक चरणमै प्रवेश गरेका हुन्। सिकारीयुगमा खुवालुङ क्षेत्रबाट प्रवेश गरेका किरातीहरूले कपडा लगाउन, खेतीपाती गर्न र सामाजिक रूपमा स्थायी बसोबास गर्न हालको ओल्लोकिरात, माझकिरात र पल्लोकिरात क्षेत्रमा पुगेर मात्र थालेका हुन् भन्ने अनुमान गर्न सकिन्छ। यसरी हेर्दा खुवालुङ किरातीहरूको प्रागैतिहासिक भौगोलिक, सांस्कृतिक स्थल हो भन्न सकिन्छ।

खुवालुङ र यस क्षेत्र आसपास हालको वराहक्षेत्र, चतरा, मैनामैनी, सप्तकोसी आदिका बारेमा लेखिएको प्राचीन संस्कृत वाङ्मयहरू खास गरेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महाभारत, पुराण आदिका आधारमा पनि के प्रस्ट हुन्छ भने यी क्षेत्रमा आर्यहरूको आगमन र प्राचीन संस्कृत वाङ्मयहरू खास गरेर महाभारत, पुराण आदि लेखिनुपूर्व नै किरातीहरूको बसोबास भइसकेको थियो। ती प्राचीन वाङ्मयहरूमा किरातहरूबारे प्रशस्त मात्रामा चर्चा भएको पाइन्छ। यसबाट पनि के प्रस्ट हुन्छ भने किरातीहरू निकै प्राचीन समयमा नै खुवालुङमा आइपुगेका छन्। यसरी हेर्दा के देखिन्छ भने इसापूर्व बाह्रौं-तेह्रौं शताब्दीपूर्वको मानिएको महाभारत र इसाको दशौं शताब्दीदेखि लेखिएका मानिएका विभिन्न पुराणहरूमा किरातीहरूबारे चर्चा हुनु हो पनि किरातीहरू यस क्षेत्रमा लगभग इसापूर्व ३००० देखि १००० सम्ममा आइसकेको देखिन्छ। यता किराती मुन्दुमी मिथकीय स्रोतहरूका आधारमा पनि खुवालुङमा किरातीहरू निकै प्राचीन समयदेखि नै बसोबास गर्दै आएको पुष्टि हुन्छ। किरातीहरूका ती मौखिक वाङ्मयहरूमा उल्लेख भएका भाषा, विषयवस्तु, विषयवर्णन, स्थान, घटना, संवाद आदिलाई गम्भीर ढङ्गले विश्लेषण गर्ने हो भने पनि के देखिन्छ भने किरातीहरू खुवालुङ क्षेत्रमा प्रागैतिहासिक कालदेखि नै बसोबास गर्दै आएका हुन्। यही खुवालुङ क्षेत्रबाटै सप्तकोसीका नदीहरू पछ्याउँदै पुगेका किरातीहरूले वर्तमान समयका वल्लोकिरात, माझकिरात र पल्लोकिरात क्षेत्रमा किराती संस्कृति र सभ्यताको विकास गरेको देखिन्छ। यसबाट पनि के प्रस्ट हुन्छ भने किरातीहरू खुवालुङ क्षेत्रमा मानवविकासको प्रारम्भिक अवस्थादेखि नै बसोबास गर्दै आएका हुन्।

४.३ खुवालुङको भौगोलिक अवस्था

आज आम किरातीहरूले जुन ढुङ्गालाई उनीहरूको सांस्कृतिक, ऐतिहासिक स्थलका रूपमा खुवालुङ भनेर मान्दै आएका छन्, ठिक त्यही ढुङ्गा नै खुवालुङ हो भन्ने प्रामणिक विवरणहरू पाइँदैन। किरातीभित्रका विभिन्न भाषिक समुदायहरूमा प्रचलित मिथकहरूमा खुवालुङ सप्तकोसीको सङ्गमस्थल भएको त्रिवेणी क्षेत्रमा पर्दछ भन्ने सङ्केत गरे पनि ठ्याक्कै यही ठाउँमा र यही आकारको छ भनेर कतै पनि खुलाएको पाइँदैन। त्यसैले हालसम्म पनि खुवालुङ यही नै हो भन्ने विषयमा विभिन्न किसिमको अलग विचारहरूसमेत देखिन्छ। हाल भनिँदै आएको खुवालुङ सप्तकोसीका बिच भागमा पर्दछ। यता मिथकहरूले के भन्छ भने प्राचीन किरातीहरू खुवालुङ तरेर जान खोज्दा एकाएक ढोका बन्द भयो र उनीहरू अगि बढ्न सकेन। यहाँ विचारणीय कुरा के देखिन्छ तत्कालीन किरातीहरू सप्तकोसीका बिचमा अवस्थित ढुङ्गाबाट नभई नदीका किनारैकिनार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उकालो लाग्ने प्रयास गर्नुपर्ने हो, त्यसैले यहाँ कतै खुवालुङ ढुङ्गा अन्यत्र वा अन्य पो हो कि भन्ने आशङ्का उठ्न सक्छ जुन स्वाभाविकै पनि हो। अर्को पक्ष के पनि छ भने सप्तकोसीको पानीको सतह अहिलेभन्दा हजारौँ वर्षपहिले पक्कै पनि हालको भन्दा धेरै माथि थियो। किराती मिथकहरू निर्माण हुने वा निर्माण भएको समयमा त पक्कै पनि सप्तकोसीको सतह निकै माथि थियो। हाल मानिँदै आएको खुवालुङ वर्तमान सयमा त हिउँदमा मात्र देखिन्छ नत्र पानीभित्रै डुबेको वा छोपिएको हुन्छ।

सहिदभूमि गाउँपालिका अध्यक्ष मनोज राईका अनुसार खुवालुङ चतरा नजिकै पर्ने टाङ्केरा नजिकको चट्टानयुक्त भिरलाई पनि भनिन्छ तर यसको खोजी हुनु जरुरी छ। (चाम्लिङ २०७८: २४) भन्छन : कतिपय चाम्लिङ राईहरूले हलेसीथानलाई पनि खुवालुङ भन्ने गरेको पाइन्छ। यसरी नै खोटाङ वासपानी खोक्मास्थित साम्पाङ राईहरूको आदिम थलो मानिएको दुईओटा भालेपोथी ढुङ्गालाई पनि खुवालुङ, खकलुङ भन्ने गरिएको पाइन्छ। सुनकोसी र दुधकोसीको सङ्गमस्थललाई पनि स्थानीयहरूले खुवालुङ भन्ने गरेको देखिन्छ। यसरी हेर्दा के देखिन्छ भने किरातीहरूले हाल भन्दै र मान्दै आएको सप्तकोसी त्रिवेणीस्थित ढुङ्गा नै खुवालुङ हो त ? भन्ने सबाल उठ्न सक्छ। कतै वास्तविक खुवालुङ अर्थात् किरातीहरूले आफ्ना पुर्खाहरू छुट्टिएको भनिएको ढुङ्गा अन्यत्र वा अन्य त होइन ? यस विषयमा गम्भीर खोज-अनुसन्धान गर्नुपर्ने पनि देखिन्छ। तर विभिन्न मिथकीय आधार, मुन्दुमी कैरन, धामी-झाँक्रीहरूको भनाइ र भौगोलिक अवस्थिति हेर्दा किरातीहरूको सांस्कृतिक केन्द्र भनिएको खुवालुङ हाल भनिएकै ढुङ्गा हुन् भन्ने केही आधार भेटिन्छ।

किरातीभित्रका विभिन्न भाषिक समुदायहरूका मिथकमा सप्तकोसीको सङ्गमस्थलमा रहेको खुवालुङबारेको नै चर्चा गरिएको पाइन्छ। किरातीभित्र पर्ने साम्पाङ, थुलुङ, कुलुङ, वाम्बुले, बान्तावा, चाम्लिङ, सुनुवार, थामी, मेवाहाङ आदि विभिन्न भाषामा प्रचलित मिथकमा यही सप्तकोसीको सङ्गमस्थल त्रिवेणीमा अवस्थित ढुङ्गा नै खुवालुङ हो भन्ने सङ्केत गरेको देखिन्छ। यसरी नै कतिपय मिथकमा साना नदीहरू मिसिएको ठाउँलाई खुवालुङ भन्ने सङ्केत गरिएको र 'खुवालुङ' दुधकोसीमा मिसिएर आएको भोटेकोसी, तामाकोसी, सुनकोसी र लिखु गरी पाँच नदीहरूको मिलेर बनेको विशाल नदीमा अन्य दुईओटा साना नदीहरू अरुण र तमोर मिसिएको त्रिवेणीनजिकै पर्ने भएकाले पनि ती मिथकहरूले बताएको खुवालुङ यही त्रिवेणीको ढुङ्गा नै हो भन्ने आधार भेटिन्छ। यसरी नै अर्को आधार भनेको सप्तकोसी आसपास उदयपुरको मैनामैनी बेलका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्षेत्र, चतरा क्षेत्र, वराह क्षेत्र आदिमा प्राचीन समयदेखि नै किरातीहरूको बसोबास भएको इतिहास भेटिन्छ। त्यस क्षेत्रमा सबैभन्दा पहिले किरातीहरू नै पुगेको प्रस्ट छ त्यसैले पनि त्यहाँबाट विभिन्न क्षेत्रमा फैलने किरातीहरूसँग जोडिएको खुवालुङ त्यही हुन सक्ने देखिन्छ। यसरी नै खुवालुङ त्यही नै हुन सक्ने अर्को सम्भावना के हो भने हाल जसलाई किरातीहरूले खुवालुङ मान्दै र ठान्दै श्रद्धा गर्दछन् उक्त ढुङ्गा विशेष प्रकारको छ। न त त्यस ढुङ्गालाई हालसम्म कुनै बाढीले सार्न सकेको छ न त हल्लाउन। पुराना बुढापाकाहरूको भनाइअनुसार उक्त ढुङ्गा उहिले बाउबाजेको पालादेखि नै जस्ताको तस्तै छ। अर्को महत्त्वपूर्ण आधार भनेको प्राचीन समयदेखि नै यो खुवालुङ ढुङ्गालाई किरातीहरूले हरेक वर्ष पूजाअनुष्ठान गर्ने गरेको देखिन्छ भने धामी, झाँक्री, नाक्छोङ, फेदाङ्माहरूले आफ्ना शक्ति माग्ने क्रममा मृतकका आत्माहरूलाई प्रतिस्थापन गर्ने क्रममा यही खुवालुङमा आउने र ल्याउने गर्दछन्। यसरी विभिन्न आधारमा के भन्न सकिन्छ भने किरातीहरूले धार्मिक तथा सांस्कृतिक केन्द्र मान्दै आएको खुवालुङ यही नै हो अर्थात् हाल मानिँदै आएको ढुङ्गा नै हो।

४.४ खुवालुङको बनोट तथा बुनोट

कुनै पनि वस्तुको बाहिरी आवरण वा आकृतिलाई बनोट भनिन्छ भने आन्तरिक भित्री आकार वा आकृतिलाई बुनोट भनिन्छ। खुवालुङ उदयपुर, धनकुटा जिल्लाको सिमाना भएर बग्ने सप्तकोसीका बिच भागमा अवस्थित छ। उदयपुर जिल्लापट्टिको भाग बेलका नगरपालिका -७ मैनामैनी पर्दछ भने धनकुटा जिल्लापटी सहिदभूमि गाउँपालिका-१ पर्दछ। यसरी नै खुवालुङ रहेको केही माथि भोजपुर जिल्ला पर्दछ भने केही तल सुनसरी जिल्ला पर्दछ। यसरी हेर्दा के देखिन्छ भने खुवालुङ लगभग भोजपुर, उदयपुर, धनकुटा र सुनसरी जिल्लाको सिमाना सङ्गमस्थल नजिक सप्तकोसीका बिच भागमा अवस्थित छ। खुवालुङ भएको ठाउँलाई त्रिवेणी दोभान भनिन्छ। खुवालुङभन्दा ७/८ सय मिटरमाथि दुधकोसी - पाँचओटा नदी मिसिएर आएकोमा अरुण नदी मिसिएको छ त्यसलाई माइबेनी दोभान भनिन्छ भने तल छओटा नदी र तमोर मिसिएको ठाउँ अर्थात् खुवालुङ भएको ठाउँलाई त्रिवेणी दोभान भनिन्छ।

खुवालुङको बाहिरी आवरण हल्का कालो, खैरो तामे रङको देखिन्छ। सप्तकोसीका बिचभागमा थचक्क बसेको यो ढुङ्गामाथि १५/२० जनाजति मानिस बस्न सकिने आकारको छ। यो लगभग चुच्चो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आकारको माथिचाँहि केही छड्के तर सम्म छ। हिउँदमा ५-१० फिटजति पानीबाहिर देखिन्छ भने वर्षायाममा यसलाई पूरै पानीले ढाकेको हुन्छ। यस ढुङ्गाको माथिल्लो भागसम्म नभई विभिन्न सानाठुला खाल्डाखुल्डीहरू देखिन्छन्।

यो ढुङ्गा भएको क्षेत्रमा सप्तकोसी नदीको प्रवाह अत्यन्त तीव्र भएको हुनाले यस ढुङ्गामा पुग्न नाउ, मोटरबोट वा स्टिमर जेसुकैबाट पनि निकै कठिन छ। उदयपुर मैनामैनीका धेरै किसानहरूले यही सप्तकोसीबाट बाँसहरू बगाएर चतरा पुऱ्याएर विक्री गर्ने गर्दछन्। यसरी बाँस बगाउँदै त्यसैमाथि चढेर ल्याउँदा यही खुवालुङमा ठोक्किएर धेरै जनाको मृत्यु भएको कारण यस ढुङ्गालाई धेरैले ज्यानमारा ढुङ्गा पनि भन्ने गरेको देखियो। यही सप्तकोसी बग्ने क्षेत्र बेलका नगरपालिका वडा नम्बर ७ का तत्कालीन वडाध्यक्ष सुरेन्द्र राईका अनुसार बाँस विक्री गर्ने बाँसमाथि चढेर चतरासम्म जाने क्रममा यही खुवालुङमा ठोक्किएर मैनामैनी क्षेत्रको मात्र बिसौं जनाको मृत्यु भइसकेको छ। यो ढुङ्गा केही ओरालो भागमा ठडिएको हुनाले यहाँ नदीको रफ्तार अत्यन्त तीव्र भएकाले पनि यहाँ निकै जोखिम छ। त्यसैले स्टिमर, बोट, नाउ आदिबाट यात्रा गर्दा पनि खुवालुङलाई छलेर मात्र ओहोरदोहोर गर्ने गरिन्छ।

खुवालुङको आन्तरिक बनोट भने अत्यन्तै कडा चट्टानको देखिन्छ। यसको नजिक जान वा यसलाई छुन, नजिकबाट हेर्न नसके पनि स्टिमरबाट ओहोरदोहोर गर्दा यसलाई नियाल्न सकिन्छ। रातो र खैरो तामाको ढुङ्गा जस्तो देखिने यो खुवालुङ सामान्य ढुङ्गाभन्दा फरक खालको छ। सयौं वर्षदेखिको सप्तकोसीको निरन्तर छाललले पनि यसको आकार खिएको, चोइटिएको वा कतै सरेको देखिँदैन। ओरालो भागमा अवस्थित यस खुवालुङलाई सप्तकोसीको निरन्तर छालले र तीव्र वेगले पनि हलचल गर्न सकेको छैन।

त्यसैले के अनुमान गर्न सकिन्छ भने खुवालुङको पानीमाथिको भागभन्दा पानीमुनिको भाग अत्यन्त ठुलो छ। यसको अत्यन्त भीमकाय रूप र आकार भएकै कारण सयौं वर्षसम्मको सप्तकोसीको निरन्तर वेगले पनि यसलाई हलचल गर्न नसकेको हो। खुवालुङको रङ र विशेषता वराह क्षेत्रमा भएको तामाको धाउसँग प्रस्टसँग मिल्छ। वराह क्षेत्रमा भएको सानो जाँतो जस्तो ढुङ्गा तामाको धातुयुक्त प्रस्टसँग देखिन्छ। वराह क्षेत्रमा त्यस प्रकारको तामायुक्त ढुङ्गा दुईओटा भएकोमा हाल एउटा मात्र रहेको छ। उक्त तामायुक्त प्रस्तर ढुङ्गा एक जना जोगीले वि.सं. २०२२ सालमा धराननजिकै सर्दुखोलाबाट ल्याएको भन्ने भनाइ रहेको पाइन्छ। कसैले भने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विजयपुरबाट हातीलाई बोकाएर ल्याएको भन्ने गरेको पनि सुनिन्छ। ठिक यही तामायुक्त प्रस्तर जस्तै नै खुवालुङलाई पनि देखिन्छ। खुवालुङको विभिन्न तस्बिरहरू परिशिष्ट भागमा राखिएको छ।

४.५ खुवालुङमा किरातीहरू कहाँबाट आए ?

प्रस्तुत अनुसन्धानको प्रमुख ध्येय र प्राप्ति नै यही हो कि किरातीहरू खुवालुङमा कहाँबाट आए यसको निरूपण गर्नु हो। किराती भाषाहरूमा प्रचलित विभिन्न मिथकहरूमा हालको ओल्लोकिरात, माझकिरात र पल्लोकिरातका किरातीहरू खुवालुङबाट आएका हुन् भन्ने विवरण पाइन्छ। सप्तकोसीको सहायक नदीहरू : इन्द्रावती, दुधकोसी, भोटेकोसी, तामाकोसी, लिखु, अरुण र तमोर पछ्याउँदै गएका किरातीहरू नै सुनवार, थामी, जिरेल, हायु, वाम्बुले, चाम्लिङ, बान्तवा, दुमी, साम्पाङ, कोयी, जेरोङ, तिलुङ, बाहिङ/वायुङ, कुलुङ, थुलुङ, खालिङ, नाछिरिङ, पुमा, नेवाहाङ, मेवाहाङ, याक्खा, आठपहरिया, छिन्ताङ, लोहोरुङ, याम्फू, याक्थुम/लिम्बू आदि थर तथा भाषिक समूहहरूको विकास भएको पाइन्छ। तर खुवालुङमा चाहिँ ती किरातीहरू कहिले र कहाँबाट आए ? भन्ने विषयमा किरात मुन्दुम र मिथक त्यति प्रस्ट छैन।

हाल भनिँदै र मानिँदै आएको खुवालुङ नै वास्तविक खुवालुङ हो र यसका विभिन्न आधारहरू प्रस्तुत गर्ने क्रममा चाम्लिङ (२०७८ : २४) लेख्छन् : धामीले विभिन्न संस्कार गर्द गायन गर्ने मुन्दुममा किरातीको आदिम थलोदेखि हाल बसोबास गरिरहेका थातथलोसम्मको उल्लेख गर्छन्। यसरी गरिने सांस्कृतिक यात्राको थालनी नियामा भन्ने आदिम थलोबाट सुरु भएर पैतिप, जोजिला, खैबर, जम्मु, मोहनझोडो, योंला, थारुबाजी सारते, वराह चतरापछि खुवालुङको नाम लिनु, त्यस्तै खुवालुङ तरेपछि किरातीहरू पूर्वी पहाडमा यत्रतत्र फैलिए भन्नु हो वर्तमान त्रिवेणीमा रहेको विशाल ढुङ्गा नै खुवालुङ हो भन्न सकिने पहिलो आधार हो। यहाँ उनले एउटा महत्त्वपूर्ण विवरण के प्रस्तुत गरेका छन् भने किरातीहरू खुवालुङमा पैतिप, जोजिला, खैबर, जम्मु, मोहनझोडी, योंला आदि हुँदै हालको खुवालुङ क्षेत्रमा आइपुगेका छन्। यसमा वर्णित विभिन्न स्थानहरूमध्ये उनले नियामालाई आदिम थलो भनेर उल्लेख गरेका छन् तर यो ठाउँ हाल कहाँ पर्दछ भन्ने खुलाएको छैन। उनले उल्लेख गरेका अधिकांश ठाउँहरू हालको भारत र पाकिस्तानमा पर्ने देखिन्छ। जम्मु भारत र पाकिस्थानको विवादित क्षेत्र हो भने मोहनझोडी इन्डस नदीको काखमा केही उच्च भागमा अवस्थित उर्वम भूमि विश्वकै प्राचीन संस्कृति र सभ्यताको महत्त्वपूर्ण स्थल मानिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राचीन पूर्वीय संस्कृति र सभ्यताको केन्द्र मानिएको दुईओटा महत्त्वपूर्ण नगरहरू मोहेन्जोदारो र हडप्पा हाल पाकिस्तान पर्दछ। यसरी हेर्दा के देखिन्छ भने भोगीराज चाम्लिङका अनुसार नियामा भन्ने आदिम थलोबाट खैबर, जम्मु, मोहनझोडी, योंला हुँदै खुवालुङ क्षेत्रमा आइपुगेका छन्।

यसरी नै किरातीहरू खुवालुङमा कसरी र कहाँबाट आइपुगे त भन्ने सन्दर्भमा इन्द्रहाङ खम्बू (२०७ : ४) भन्छन् : किरात मुन्धुमले पनि ठिक यही कुरालाई दोहोऱ्याउँछ। किरात मुन्धुमअनुसार किरातीहरू नियामाबाट ब्रह्मपुत्र नदी पछ्याउँदै आई ब्रह्मपुत्रबाट पुनः सप्तकोसी नदी पछ्याउँदै पश्चिम लागेको बताइन्छ। पहिले सप्तकोसी नदी अहिलेको जस्तो गङ्गा नदीसँग गई नमिसिएर सीधै ब्रह्मपुत्र नदीसँग गएर मिसिएको देखिन्छ। यस कुरामा भूगर्भविद्हरू पनि सहमत भएको देखिन्छ। किराती धामीहरू जस्तै– होमे, विजुवा, नछुङ, माङ्तङ्पा, यवा, साम्बा, फेदाङ्वा, न्वासो, पैव, ज्ञामी, यटाङ्वा आदिले आफ्नो मुन्दुम र रिसियाहरू गाउँदा आज पनि सोही मुन्धुमी बाटो नै हिँड्ने गरेको पाउन सकिन्छ। सप्तकोसीको मैदानी भूभागहरू छिचोल्दै आई महाभारतपर्वत शृङ्खलाको खोंच रदम्भा/बाराहाङ (हाल हिन्दुकृत नाम वराह क्षेत्र) बाट उँभो लागि खुवालुङ त्रिवेणी आइपुगे। खुवालुङबाट तीनओटा नदीहरू याङ्वा (दुधकोसी) रुइयुवा (अरुण) र थावा (तमोर) नदी पछ्याउँदै गई उक्त नदीहरूको किनार आसपासमा बस्तीहरू बसाली बसोबास गर्न थाले तिनीहरू दरसन्तानहहरू नै आजमा किरातीहरू हुन्। यसरी हेर्दा के देखिन्छ भने इन्द्रहाङ खम्बूका अनुसार पनि किरातीहरू नियामाबाट नै विभिन्न स्थानमा फैलँदै, घुम्दै ब्रह्मपुत्र नदी हुँदै सप्तकोसी आइपुगेका र तिनै किरातीहरू नै सप्तकोसी नदीको सहायक नदीहरू अरुण, तमोर र दुधकोसी पछ्याउँदै गए र कालान्तरमा ओल्लोकिरात, माझकिरात र पल्लोकिरातमा बसोबास गर्न थालेका हुन्। यसरी उनका भनाइमा किरातीहरू नियामाबाटै फैलिएका हुन् तर उनले पनि नियामा भन्ने ठाउँ कहाँ पर्दछ भन्ने खुलाएका छैनन्। ब्रह्मपुत्र नदी कैलास मानसरोवरबाट तिब्बत हुँदै भारत र बङ्गलादेशसम्म पुग्दछ। तिब्बतमा यो नदीलाई स्थानीय भाषामा यरलुङ त्वसोङ्पो भनिन्छ। तिब्बतबाट यो नदी भारतको अरुणाचल प्रदेशमा आइपुग्छ। भारतको आसाम हुँदै बग्ने यो नदीलाई आसाममा ब्रह्मपुत्र भनिन्छ भने बङ्गलादेश पुगेपछि यसलाई जमुना नदी भनिन्छ। यसरी विभिन्न स्थानमा विभिन्न नामबाट चिनिने यो नदी अत्यन्तै लामो लगभग २९०० कि.मि.को यात्रा गर्दै बङ्गलाको खाडीमा गएर मिसिन्छ। यसरी हेर्दा के देखिन्छ भने ब्रह्मपुत्र नदी पछ्याउँदै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सप्तकोसीसम्म आइपुगेका किरातीहरू ब्रह्मपुत्रको मुहान तिब्बतको मानसरोवरको आसपास पर्ने राकस ताल भएको हुँदा त्यहीँबाटै आएका हुन् कि भारतीय भूमिबाट सप्तकोसी प्रवेश गरेका हुन् प्रस्ट उल्लेख छैन ।

किरातीहरू को हुन् र उनीहरू कुनकुन क्षेत्रमा फैलिएका थिए भन्ने सन्दर्भमा रामचन्द्र राई रूपाबुङ (२०६६ :) भन्छन् : शक्तिसङ्गम तन्त्रले पनि भारतको भूमि प्राचीन समयमा नेपालभित्र पर्ने कुराको प्रमाण दिन्छ । शक्तिसङ्गम तन्त्रले उल्लेख गरेको नेपाल पनि किरात देश खुम्चिन गएपछिको मात्र हो । किनभने मरुतन्त्र हिमवत्खण्डअनुसार किरात देशको सिमाना अझ विस्तृत रहेको बुझिन्छ । मरुतन्त्र हिमवत्खण्डमा "किरातदेशको विवरण निम्न प्रकार उल्लेख गरिएको छ ।" किरातदेशोदेवेशि विन्ध्ये शैले च तिष्ठति । काश्मिरन्तु समारभ्य कामरूपात्तु पश्चिमे भोटान्तदेशोदेवेशि, मानसेशाच्च दक्षिणे । मानसेशा पक्ष पूर्व चीनदेशः प्रकीर्तित । कैलालीश (तिरं) समारभ्य सरयूयोनितः परे । नगदेशे महेशानि महाचीनानीमिध्यो भवेत । नटेश्वर समारभ्य योगिन्यन्तं महेश्वरी ।"

मरुतन्त्र हिमवत्खण्डमा उल्लिखित श्लोकबाट काश्मिरदेखि पूर्व कामरूपदेखि पश्चिम, भुटानदेखि मानसरोवरको दक्षिण पश्चिमसम्म, कैलाली नदीको किनारदेखि सरयू नदीको किनारसम्म, मानसरोवरदेखि चीनसम्म जगदेशदेखि महाचीनसम्म किरातहरू विस्तारित थिए । त्यस क्षेत्रलाई "किरात देश" नामबाट पुकारिन्थ्यो भन्ने ज्ञात हुन्छ । मरुतन्त्र हिमवत्खण्ड ग्रन्थ पनि व्यासद्वारा नै रचित हो भनिन्छ । व्यासद्वारा नै रचित महाभारतमा नेपाल र भारत खण्डमा अनेक सम्प्रभु राष्ट्रहरू भएको थाहा लाग्छ । त्यसकारण हिमवत्खण्डमा उल्लिखित "किरात देश महाभारतकालभन्दा अघिको किरात देश हुनुपर्छ । यो किरात देशमा त नेपाल र भारतखण्ड सबै नै पर्ने देखिन्छ । यसबाट प्राचीन समयमा किरातहरू एसियाको ठुलो भूभागमा विशेष गरेर दक्षिण एसिया, दक्षिणपूर्व एसिया र मध्यएसियासम्म विस्तारित थिए भन्ने पुष्टि हुन्छ । त्यसकारण यही किरात देश टुक्रिएर महाभारतकालसम्ममा विभिन्न राष्ट्र राज्य र भुरे टाकुरे राजारजौटाहरूको जन्म भएको अनुमान गर्न सकिन्छ तर पनि सबै हिमाली भेगका राष्ट्रलाई सामूहिक रूपले नेपाल नामले नै पुकारिन्थ्यो होला त्यसैले महाभारत काव्यमा नेपालको थुप्रै किरात राज्य र राजारजौटाको उल्लेख भएको हुनुपर्छ ।

यसरी हेर्दा के देखिन्छ भने रामचन्द्र राईका अनुसार प्राचीन किरात क्षेत्र अत्यन्त विशाल थियो । काश्मीरदेखि भुटानसम्म र मानसरोवरदेखि सरयु नदीको किनारसम्म फैलिएको थियो । उनका अनुसार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पूर्ण भारतीय उपमहाद्वीपभरि किरातीहरू फैलिएको थियो। तिनै प्राचीन किरातीहरूको एक समूह सप्तकोसी नदीको काख खुवालुङमा आएका हुन्।

यसरी नै किरातहरूको फैलावटबारे स्वामी प्रपन्नाचार्य (२०५७) लेख्छन् : जनपदहरूको निर्माण राष्ट्र टुक्रिँदै जाँदा भएको हो त्यसैले जनपदहरूको विकास क्रमिक तथा गतिशील थियो भन्न सकिन्छ। प्राचीन कालमा पनि फुटाउने र जोडाउने राजनीति बराबर चलिरहन्थ्यो। इसाभन्दा तीन हजार वर्षपूर्वदेखि लाख वर्षपूर्वसम्ममा कैयौँ जनपद टुक्रिए होलान् तथा कैयौँ जोडिए होलान्, त्यसको लेखा-जोखा शोधखोज गरे पाइएला। यो अवश्य छ कि प्राचीन इतिहासका मूल स्रोतहरूलाई हृदयङ्गम नगरेसम्म प्राचीन किरातकालीन इतिहासको टुङ्गो लगाउन सकिन्न। यस्तै इसापूर्वका जैन र बौद्ध इतिहास तथा पालि-प्राकृत साहित्यको अवलोकन गर्नु पनि उति नै आवश्यक देखिन्छ। प्रमाणका लागि केय, गान्धार, विदेह, मद्र, उशीनर, कुरु, पाञ्चाल, मत्स्य, काशी, कोसल आदि जनपद राज्य पूर्वोत्तर वैदिक कालका पुराण, रामायण, महाभारत ग्रन्थहरूमा लेखिएका छन् यस्तै गरी बौद्ध साहित्यमा काशी, कोसल, अङ्ग, मगध, बज्जी, मल्ल, चेदीय, गुरु, पाश्चाल, बंदा, मच्छ, शूरसेन, अम्मक, अवन्ति, गान्धार र कम्बोज गरी सोह्र जनपद राज्यहरूको उल्लेख भएको छ। जनहरूको भगवती सूत्रमा पनि सोह्र जनपदको उल्लेख डा. सुदामा मिश्रले 'प्राचीन भारत में जनपद राज्य' भन्ने ग्रन्थमा गरको छन्। परन्तु नामहरूमा धेरै परिवर्तन भएको उल्लेख गर्छन्। यी उपर्युक्त जनपदहरूमध्ये कैयौँ जनपद राज्य किरातहरूका थिए। परन्तु लेख्नेहरूले 'किरात' छोड्दै गए। प्रसिद्धिमा आएका मल्ल, बज्जी, मगध आदिका नाम मात्र उल्लेख गरे। कौटिल्यको अर्थशास्त्रमा भने किरातहरूको उल्लेख भएको छ।

यसरी नै स्वामी प्रपन्नाचार्य पुनः लेख्छन् : *शक्तिसङ्गमिनी तन्त्रमा किरात देशको सिमाना भौगोलिक तरिकाले बताएको देखिन्छ। श्लोकमा स्पष्ट रूपले लेखेका आधारमा अनुसन्धेय विषय छँदै छ। मूल हेर्नुहोस्। यस श्लोकमा परेको भौगोलिक अनुसन्धान गर्दा हिमालय भेक र मैदान दुवैतर्फ किरातहरू फैलिएर बसेका थिए। परन्तु शक्तिसङ्गमिनी तन्त्रकालमा तप्तकुण्ड कहाँ पर्दथ्यो ? साथै रामक्षेत्र कहाँ छ ? त्यसको अन्त कहाँ छ ? भूगोल र इतिहासका विद्वान्हरूलाई यी प्रश्नहरूले कुतकुत्याइरहेका हुन्छन्। त्यसमा पनि विशेष किरात-इतिहासमाथि खोज गर्ने र जिज्ञासा राख्ने पाठक र विद्वान् दुवै वर्गलाई यस्तो अप्ठ्यारोमा पार्नु स्वाभाविकै हो। यस परिस्थितिमा जहाँसम्म खोज गरेअनुसार शक्तिसङ्गमिनी तन्त्रकालमा 'तप्तकुण्ड' काश्मीर श्रीनगरदेखि पश्चिम-*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दक्षिण वर्तमान पाकिस्तानभित्र पर्छ। तर त्यो 'तप्तकुण्ड' ऐले छैन, नष्ट भ्रष्ट भएको छ। पुञ्छ राज्यबाट पैदल हिँड्दा पाँच दिनमा पुग्ने कुरा त्यहाँबाट समय-समयमा ओहोरदोहोर गर्नेहरूले भनेको हो। लेखकले जाने प्रयास गरे पनि पाकिस्तान परेको हुनाले जान सकिएन। तर यो इतिहास भौगोलिक सीमाले सही सत्य हो, किनभने 'पुञ्छ' राज्यमा पर्ने बुढा अमरनाथ, रामवन आदि तीर्थस्थानहरू आज पनि उसै छन्। यीमध्ये 'तप्तकुण्ड' पाकिस्तानभित्र पर्छ र कुण्ड नष्ट भ्रष्ट भएर पनि असली 'तप्तकुण्ड', जुन तन्त्रमा लेखिएको छ, त्यो छैन। किरातकालमा 'सप्तकुण्ड' तन्त्रसाधनाका प्रमुखहरूमध्ये एक प्रधान पीठ थियो, किनभने किरातहरू स्वयं वैदिक र तान्त्रिक उपासक थिए। शासकहरू थिए कि थिएनन् भन्ने स्पष्टीकरण तन्त्रमा नदेखिए पनि धेरै सङ्ख्यामा किरातहरूको बसोबास थियो। साधनास्थल थियो। विद्वान्, धनी, साधक, कलाकारवादी किरातहरू 'तप्तकुण्ड' प्रदेशमा रहन्थे।

त्यो 'तप्तकुण्ड'देखि कामरूपदेश (आसाम) हुँदै रामक्षेत्र परशुरामकुण्ड र त्यसको अन्त आखेरी बमदिशासम्म 'तप्तकुण्ड' किरातहरूको सम्बन्ध र ओहोरदोहोर थियो। अब पाठकवृन्दले यस भूगोललाई गोडेर हेर्नुपर्छ। परशुरामकुण्डलाई नै 'रामक्षेत्र' भनेको हो, किनभने 'लोहित्यनदसंस्थिते' 'रामक्षेत्रे वाक्य तारावलीकल्प तन्त्रमा लेखेको छ। 'लोहित्यनद' भनेको आजको ब्रह्मपुत्र नदीलाई प्राचीन ग्रन्थहरूमा लोहित्य र लौहित्यनद र नदीको नामले उल्लेख भएको छ। यसले निर्विवाद सिद्ध छ कि 'रामक्षेत्र' आजको परशुरामकुण्डकै नाम हो। त्यो परशुरामकुण्ड यस बेला अरुणाचल प्रदेशभित्र पर्छ। प्राचीन किरातकालिक पुरातत्त्वको खानी परशुरामकुण्ड, भीष्मक (भीष्म) नगर र मालिनीस्थान आज पनि अरुणाचल प्रदेशको राष्ट्रिय पुरातत्त्व सम्पत्ति भएको छ। इटानगर अरुणाचलको राजधानी स्वयं पनि पुरातत्त्वको खानि नै हो। परन्तु सदिया, शिवसागर, नवगावँ, शोणितपुर, गौहाटी, कामरूप, भुवनपहाट र सूर्यपहाड आदि आसाम प्रदेशका किरातकालिक पुरातत्त्वको खानि हुन पुगेको छ। मेघालयको गारोहिल, मोसोनग्राम र चेरापुञ्जी पुरातत्त्वको महत्त्वपूर्ण स्थान छ भने मिजोरमको दुर्गावाडी, कपिलनदीको किनाराका जङ्गल र खोलाका किनारा किरातकालिक मूर्ति र अवशेष, खण्डहरू, गुफाहरू आज पनि छँदै छन्। त्रिपुराको उदयपुर, अमरपुर र उनकोटि प्राचीन महाभारतकालिक किरातहरूको पुरातत्त्वको निधि हुन पुगेका छन्। मणिपुरमा पनि विष्णुपुरको मन्दिर तथा कबूलेखा र माराम पहाडको गुफाहरूले किरातकालिक इतिहास र पुरातत्त्वहरूलाई प्रस्ट पारेको छ। बर्माको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
माण्डले र इरावती नदीको घाटीहरूमा भएको पुरातत्त्वको सामग्रीहरूले प्राचीन कालमा अर्थात् किरातकालमा त्यहाँ किरातहरू थिएनन् भन्न सकिँदैन । आराकानमा त धेरै पछिसम्म पनि विक्रमको पाँचौं शताब्दीदेखि वि. सं. १६ औं शताब्दीसम्म पनि किरातहरूको शासन थियो । त्रिपुरा र आराकानको किरातराजाहरूको सम्बन्ध भएको ऐतिहासिक तथ्य इतिहासकार चन्द्रसिंह अचीवाले लेखेका छन् ।

यसरी स्वामी प्रपन्नाचार्यका अनुसार के देखिन्छ भने किरातीहरू यही भारतीय उपमहाद्वीप क्षेत्रमै लाखौं वर्षदेखि बसोबास गर्दै आएका हुन् । त्यसैले किरातीहरू यहींका बासिन्दाहरू भएकाले अन्तबाट आएका होइनन् । यसरी स्वामीजीका भनाइअनुसार पनि पूर्वी नेपालका यही गङ्गाको तट र हिमाली क्षेत्रहरूमा बसोबास गर्ने किरातीहरूकै कुनै न कुनै समूह हुन् ।

यसरी के देखिन्छ भने किरातीहरू अत्यन्त प्राचीन जाति हुन् । यो प्राचीन जाति प्राचीन समयमा विशाल क्षेत्रमा फैलिएर बसोबास गर्दथे । लगभग पूरै भारतीय उपमहाद्वीपमा विस्तार भएर विभिन्न क्षेत्रहरूमा फैलिएका किरातीहरू वर्तमान समयमा भने अनेकौं जाति र उपजातिका रूपमा विकसित भएका छन् । आज ती विभिन्न जातिहरूले आफूलाई किराती हुँ भन्ने इतिहास नै बिर्सिसकेका छन् । तिनै प्राचीन किरातीहरू फैलने क्रममा एक हुल किरातीहरू सप्तकोसीको आसपास आई लामो समयसम्म बसोबास गर्न पुगे । त्यहाँ उनीहरूको जनसङ्ख्या वृद्धिको कारण गाँस, बास र कपासको अभाव हुन थाले फलतः ती किरातीहरू विभिन्न झुण्डझुण्ड सप्तकोसीको सहायक नदीहरू पछ्याउँदै-पछ्याउँदै पहाडी भूभागतर्फ लागे र त्यतै स्थायी रूपमा बसोबास गर्न थाले । यसरी हेर्दा के देखिन्छ भने भारतवर्ष अर्थात् हालका भारत, पाकिस्तान देशका विभिन्न क्षेत्रहरूमा प्राचीन समयदेखि बसोबास गर्ने किरातीहरूका कुनै न कुनै समूह सप्तकोसी क्षेत्रमा आइपुगे र त्याहाँ लामो समयसम्म बसोबास गर्न पुगे । त्यसपछि तिनै किरातीहरू खुवालुङलाई चिनोका रूपमा, सिमानाका रूपमा लिँदै खुवालुङ पार गरेर अन्य ससाना नदीहरू पछ्याउँदै पहडी भागतर्फ उक्लिए भन्ने देखिन्छ ।

भारतको मेघालय, असम आदि क्षेत्र तथा बङ्गलादेशका केही भूभागमा बसोबास गर्ने खासी जाति यसरी नै भारतको नागाल्यान्ड, मणिपुर, आसाम, अरुणाञ्चल प्रदेश, आदिमा बसोबास गर्ने नागा जातिको मानवशास्त्रीय अध्ययन हेर्दा पूर्वी नेपालको किराती हुँ भनेर चिनिएको किराती जातिसँग निकट सम्बन्ध देखिन्छ । यो अनुसन्धाताले भोजपुर छिनामखु निवासी ५६ वर्षीय सिमाला व्यापारी गजेन्द्र राईबाट पाएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जानकारीअनुसार पूर्वी नेपालमा व्यापक रूपमा पाइएको सी माला (ताराको गुहु) भनिने प्राचीन गहना नागाल्यान्डका नागाहरूले लाउने गरेको र उनीहरूले नै "माझकिरात क्षेत्रमा हाम्रो पुर्खाहरूले त्यो क्षेत्रमा उक्त गहना उत्पादन र प्रयोग गरेको हुनाले त्यो क्षेत्रमा पाइन्छ" भन्ने सूचना दिइएको र त्यसपछि उक्त सीमाला भनिने गहना भोजपुर जिल्लाका विभिन्न खेतबारीमा खनेर विक्री गरेर थुप्रै किरातीहरूले बेचेर करोडौं कमाइ गरेका थिए। यसैका आधारमा पनि पूर्वी नेपालमा आदिम कालदेखि बसोबास गर्दै आएको आफूलाई किराती हुँ भन्ने जातिहरू ब्रह्मपुत्र नदीको आसपास बसोबास गर्ने र तिनै आसम, मणिपुर, नागालैण्ड, सिलोङ, अरुणाचल प्रदेश आदि क्षेत्रबाट पूर्वी नेपालको सप्तकोसी आसपास आई लामो समयसम्म बसोबास गरेको र पछि बिस्तारै खुवालुङलाई साक्षी राखेर वा चिनो मानेर अरुण, तमोर, दुधकोसी, सुनकोसी नदी पछ्याउँदै हालको ओल्लोकिरात, माझकिरात र पल्लोकिरात क्षेत्रमा प्रवेश गरेका हुन् भन्ने देखिन्छ। वर्तमान समयमा प्रचलित किराती मुन्दुम तथा मिथकहरूमा खुवालुङमा ती किराती कहाँबाट आए त ? भन्ने प्रस्ट विवरण नआउनुको कारण के हो भने सप्तकोसी आसपासमा लामो समयसम्म बसोबास गर्ने क्रममा पछिल्ला पुस्ताहरूले आफ्नो आदिम थातथलो बिर्सँदै गए।

सुरुसुरुको पुर्खाहरूले आफू र आफ्ना पुर्खाहरू कहाँबाट आए भन्ने कैरन र इतिहास पनि लामो समयसम्म पछिल्ला पुस्ताहरूले बिर्सँदै गए। त्यसैले पूर्वी पहाडी भेगमा बसोबास गर्ने किरातीहरू विशेष गरेर नाक्छोङ, माङ्पा, फेदाङ्वाहरूले खुवालुङदेखिको विवरणहरू बताए पनि त्यो ठाउँमा आउनुपूर्वको विवरणहरू अधिकांशले बताउन नसक्ने कारण यही हो। त्यसैले हाल पनि धामी-झाँक्रीहरूले खुवालुङदेखिका विवरणहरू बताउने खुवालुङलाई श्रद्धापूर्वक सम्झने र मृतकका आत्माहरूलाई पितृहरू आफैं आएको आदिमस्थल खुवालुङमा नै स्थापित गराउनेसमेत गर्दछन्। धनकुटा जिल्लामा बसोबास गर्ने आठपहरिया किरातीहरूले त हालसम्म पनि खुवालुङ क्षेत्रमै आएर आफ्ना पितृहरूको अत्येष्टि गर्ने, पितृश्राद्ध गर्ने गर्दछन्। यसरी हेर्दा के प्रस्ट हुन्छ भने हाल भारतको भूमि पर्ने ब्रह्मपुत्र नदीका तटमा तथा असम, मेघालय, मणिपुर, सिलोङ, नागाल्यान्ड, अरुणाचल क्षेत्रहरूमा बसोबास गर्ने प्राचीन किरातीहरूका कुनै समूह नै पूर्वी नेपालको सप्तकोसी क्षेत्रमा आएर लामो समयसम्म बसोबास गरेका हुन्। बिस्तारै उनीहरू खुवालुङ तरेर, वारपार गरेर, नाघेर पहाड उक्लिएको र उक्त खुवालुङलाई सिमाना वा चिनोका रूपमा वा आफूहरू छुट्टिएको निसानाका रूपमा साक्षी राखेर अरुण, तमोर, दुधकोसीको किनारैकिनार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
पछ्याउँदै उक्लिए र कालान्तरमा तिनै किरातीहरू थामी, राई, लिम्बू, सुनुवार, जिरेल आदि जाति र तीभित्रका अन्य सयौं थर, उपथर, जाति, उपजातिहरूको निर्माण हुन पुगेको देखिन्छ ।

४.६ निष्कर्ष

उपर्युक्त विभिन्न आधारहरू तथा खुवालुङसम्बन्धीको अन्य विभिन्न विवरण र खुवालुङको स्थलगत अध्ययन अवलोकनबाट के देखिन्छ भने खुवालुङ र खुवालुङ रहेको सप्तकोसी आसपासको क्षेत्र प्राचीन किराती थातथलो हो । भारतीय उपमहाद्वीपका विभिन्न ठाउँमा छरिएर बसोबास गर्ने किरातीहरूमध्ये ब्रह्मपुत्र नदीका आसपास बसोबास गर्ने किरातीका कुनै समूह सप्तकोसी क्षेत्रमा आई लामो समयसम्म बसोबास गरेको देखिन्छ । तिनै किरातीहरू बिस्तारै-बिस्तारै सप्तकोसीमा मिसिएका अन्य नदीहरू पछ्याउँदै-पछ्याउँदै पूर्वी नेपालका ओल्लोकिरात, माझकिरात र पल्लोकिरातमा छरिएर बसोबास गरेको देखिन्छ । यसरी आफ्नो आदिम थातथलोलाई छोड्नुपर्दा प्राचीन किरातीहरूलाई निश्चय नै दुःखानुभूति भयो । त्यसैले उनीहरूले छुट्नुपूर्व सप्तकोसीका बिचभागमा अवस्थित विशेष प्रकारको ढुङ्गालाई साक्षी, सिमाना र चिनो बनाएर अरुण, तमोर, दुधकोसी नदीको किनारैकिनार लागे । यसरी उनीहरू खुवालुङलाई साक्षी र चिना बनाएर गएकै हुनाले वर्तमान समयसम्म पनि नाक्छोङ, फेदाङ्वाहरूले खुवालुङलाई सम्झने, श्रद्धा गर्नुको अतिरिक्त हरेक सांस्कृतिक अनुष्ठानहरूमा आफ्नो आदिम ठाउँ र पुर्खाहरू हुर्किएको र छुट्टिएको स्थानलाई सम्बोधन गर्ने, बल-शक्ति माग्ने आदि कार्य गर्दछन् । यसरी किरातीहरूको आदिम थलोका रूपमा, सिमानाका रूपमा, चिनोका रूपमा प्रस्थानबिन्दुका रूपमा हरेक दृष्टिले खुवालुङको अत्यन्त महत्त्व रहेको छ ।

किरातीहरूले आफ्ना प्राचीन पुर्खाहरू जुन ठाउँमा धेरै वर्षसम्म बसोबास गरेका थिए त्यही ठाउँलाई सम्मान गर्ने, श्रद्धा गर्ने र वर्तमान समयमा जुन ठाउँमा बसोबास गरे तापनि मृतकको आत्मालाई त्यही आदिम थलोमा, आदिम भूमिमा माटोमा लाने प्रचलन हालसम्म पनि किराती समुदायमा पाइन्छ । जस्तै : साम्पाङ राईहरूको मृतकको आत्मालाई खोटाङ खोक्मास्थित खकलुङ, दुमी राईहरूको ढुङ्कुलु, कोयी राईहरूको सुङ्देल, थुलुङ राईहरूको कटुञ्जे जस्ता प्राचीन पुर्खाहरूको थातथलोमा लैजाने गरिन्छ । यसैका आधारमा पनि के भन्न सकिन्छ भने प्राचीन किराती पुर्खाहरू सप्तकोसी आसपासका क्षेत्रमा लामो समयसम्म

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बसोबास गरेका हुनाले हाल सप्तकोसीको सहायक नदीहरू अरुण, तमोर दुधकोसी, इन्द्रावती, लिखु आदि पछ्याउँदै गएका किरातीहरूले पनि आफ्ना आदिम थलोलाई श्रद्धापूर्वक सम्झने, सम्बोधन गर्ने, शक्ति-बल माग्ने र मृतकको आत्मालाई समेत त्यही आदिम थलोमा राख्ने गरेको समेत देखिन्छ। किरातीहरू सप्तकोसी आसपासका क्षेत्रमा लामो समयसम्म बसोबास गरेको र सर्वप्रथम यस क्षेत्रमा प्रवेश गर्ने मानव-समुदाय हो भन्ने प्रमाणका रूपमा प्राचीन संस्कृत वाङ्मयहरू महाभारत, पुराण आदिलाई लिन सकिन्छ। जहाँ आर्यहरू आउनुपूर्व वा ती संस्कृत वाङ्मयहरू लेखिनुपूर्व नै त्यस ठाउँमा किरातीहरूको प्रवेश भइसकेको पुष्टि हुन्छ। यसरी नै महाभारत काल, पौराणिक काल, सेनकाल, शाहकाल आदि विभिन्न कालखण्डमा ऐतिहासिक विवरणहरूमा पनि त्यस क्षेत्रमा सर्वप्रथम पुग्ने मानव जाति किराती नै हो भन्ने तथ्य प्राप्त गर्न सकिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय : पाँच

किराती मुन्दुम र मिथकमा खुवालुङ

५.१ विषय परिचय

खुवालुङ के हो र यसको किरातीहरूसँग केकस्तो सम्बन्ध छ भन्ने विषयमा विभिन्न मौखिक अभिव्यक्तिहरू (मिथक, कथा, गाथा, मुन्दुम) आदि पाइन्छन् । तिनै लोकगाथामा बाँचेका लौकिक सामग्रीहरूका आधारमा पनि खुवालुङ र किरातीबिच केकस्तो सम्बन्ध रहेको छ भन्नेबारेमा विवेचना गर्न सकिन्छ। किरातीभित्र पर्ने विभिन्न जातीय सम्प्रदाय तथा भाषिक समूहहरूमा खुवालुङकासम्बन्धी विभिन्न प्रकारका मुन्दुम/मुन्धुम र मिथकहरू पाइन्छ। ती विभिन्न मुन्दुम, मिथकहरूलाई यहाँ प्रस्तुत गरिएको छ ।

५.२ खुवालुङबारे बायुङ राई जातिमा प्रचलित मिथक

बुद्धिकुमार होङ्गु (२०७७ : ३३३) अनुसार : बायुङहरूले हजारौँ वर्षअघि विभिन्न समयमा वर्तमान ओखलढुङ्गा र सोलुखुम्बु जिल्लामा प्रवेश गरी सुनसान पहाडी जङ्गलमा सिकार गर्दै आआफ्नो सहज पर्ने वन सफा गरी बस्ती बसाएका थिए। उनीहरूले कृषिका साथै अन्य पेसा अपनाउँदै जीवन निर्वाह गर्थे। बायुङहरू दुई थरी भाषा प्रयोग गर्दछन्- सम्पर्क भाषालाई बायुङ/बाहिङ भनिन्छ भने पितृपूजा मान्न प्रयोग गरिने भाषालाई फ्ले/फ्रे भनिन्छ ।

बायुङ/बाहिङहरूका आदिम पुर्खा नेपाल प्रवेश गर्नुअघि चीनको पैतिप पहाड हुँदै भारतको लेलदक (जौजिला हिमाल, कास्मिर) पार गर्दै पाकिस्तानको खैबर पुगे । त्यहाँबाट भारतको जम्मुकाश्मीर हुँदै नेपालको सिमाङर/सिम्राङगडबाट अहिलेको थातथलोमा आइपुगेका थिए । उनीहरू आदिम सिमाङर/सिम्रौङगडबाट अहिलेको थातथलोमा आइपुगेका थिए । आदिम थलोबाट हिँड्दा प्रमुख व्यक्ति पाइवा (पाइह्वङ) तथा उनको एक घरमा भाइ दुङलेवा, अर्को परिवारको प्रमुख खिन्चिवा र नाम थाहा नभएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एक भाइसमेत आ-आफ्नो परिवारसहित दुई समूह थिए। उनीहरू अघिपछि हुँदै बढ्ने क्रममा अगाडि रहेको माइवाको हुलले 'हलकबुङ फलेखम्मा' (थारमालुङ र बारिलाप्चो नामको स्थान) मा ढुङ्गाको बलिद्वारले बाटो बन्द गरेको पाए। पाइवाले यो देखेपछि धनुषको तीरले कालो जुरेली मारेर दैलोमा रगत पारेपछि दैलो उघ्रिनेबित्तिकै सटासट पार गरे र लगत्तै दैलो पुनः बन्द भयो। लगत्तै आइपुगेको खिन्चीवाले बोलाएर पाएवाले सोध्यो, "यो दैलो कसरी पार गरेर गयौ ?" पाइवाले भन्यो, "बुककालकका (चराचुरुङ्गी) बलि दिएर उघ्रेपछि पार गऱ्यौं।" तर खिन्चिवाले 'बुकक (चरा) र लःआ (भाइ) को रगत चढाएँ' भनेको बुझेर भाइको शरीरमा असर नपर्ने गरी हलुका चोट पारेर रगत चढाउनेबित्तिकै ढोका उघिएपछि उनीहरू पनि पार गए।

अगाडि बढ्दै गर्दा भाइको खुन धेरै गएकोले बाटैमा मृत्यु भयो। यस घटनाले वादविवाद हुँदा खिन्चिवाले पाइवालाई सराप दियो, "मलाई ढाँटेकोले भाइको रगत चढाउँदा मृत्यु भयो। साम्से अर्थात् निर्दोष भाइको अपराधको सराप तिमीलाई नै लागोस्।" सरापेकोले गर्दा पाइवावंशीले जानिनजानी वा कुनै रिसरागले धागो पनि नचुँड्नू, चुँडायो भने 'साम्से' हुन्छ भन्दछन्। वादविवाद गर्दै सिन्धुली र उदयपुर जिल्लाको सिमाना हुँदै बग्ने कमलङाकु (कमला नदी) को शिरतिर बढे। चुरे पहाड पार गर्दै मइनिमा, तावाखोलाको शिरतिर जाँदै गर्दा वर्तमान कटारी आसपास पर्ने जौहरी भन्ने स्थानमा केही समय बिताए। त्यहाँबाट उठेर ककरुखोला हुँदै बादुरा र सुनकोसी नदीको दोभान पुगे। ङाकुमा (नदी) को शिरतिर जाने क्रममा उत्तर दिशाबाट बग्दै सुनकोसीमा विलय भएको मोलोङखोलाको सङ्गममा बिसाए। समूह प्रमुख पाइवाले भने, "नदी तरेर वर्तमान ओखलढुङ्गा जिल्लाको मोलोङखोला हुँदै पहाडतिर चढौं।" तर खिन्चिवाले पाइवासँग प्रतिवाद गर्दै 'आफ्नो समूह नदीको शिरतिर जाने' भन्दै उठेर गए। केही दिन हिँडेपछि खेतीयोग्य भूमि तलास गर्दै नदी पार गरेर पहाडको घना जङ्गल फाँडेर बस्न लागे। उनीहरू बसोबास गरेको ठाउँलाई पछि खिजिदेल भन्न लागियो। पछि आएका खस पर्वतेहरूले सुनकोसी नदी हुँदै वारि तरेर बस्ने वंशी भनी सुनुवार भनेका हुन् भन्ने भनाइ पाइन्छ। खिन्चीवंशी आफूहरूसँग छुट्टिएर गए पनि नजिकको वंशी मानेर ह्वङसिली र सुम्निब्याआर्च गर्दामा पाइववंशीहरूले खिन्चीलाई केही शब्द भए पनि सम्बोधन गर्दछन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५.३ खुवालुङबारे वाम्बुले राई जातिमा प्रचलित मिथक

मुन्चेराई 'विद्रोही साइँला' (२०७८ : १५३) अनुसार वाम्बुले राई जातिमा खुवालुङसम्बन्धीको मिथक यस प्रकारको छ :

उहिले दुधकोसी, अरुण र तमोर नदी भेट हुने त्रिवेणीघाटभन्दा पूर्व तीन दाजुभाइ रहँदैबस्दै आएका थिए - जेठा मुकुलबुङ, माइला हर्कलबुङ र साहिला रिबलबुङ । उनीहरूमाथि एक्कासि ठुलो अनिष्ट आइलाग्यो । ठुलो नोक्सानी बेहोर्नुपर्‍यो । त्यसो भएपछि आफूहरूले भोगचलन गर्दै आएको थातथलोबाट अन्त कतै बसाइँ सर्ने निधो गरे । बसाइँ सर्दा आपत्विपत् आइनपरोस् भनेर विभिन्न देवी-देउराली, वनजङ्गल, पहाड-पर्वत, खोला-नाला, भीर-पहरा र सिकारी-बेखारी जस्ता प्रकृति तथा पितृपर्खाको पूजाआजा गर्दै मुन्दुम फलाक्दै बल माग्न थाले ।

विभिन्न सामाङ (माङ/पितृ) सँग हारगुहार गर्दै अघि बढ्ने क्रममा अचानक ग्लोकु/ब्रिङ्कु (दुधकोसी/सुनकोसी) जस्ता नदीले बनेका सुबुक/माबुक(सागर/महासागर) जस्ता जलाशय देखा पर्‍यो । जलाशय पार गर्न ती दाजुभाइसँग कुनै विकल्प थिएन । सात दिन, सात रातसम्म मुन्दुम गाएर सामाङसँग जलाशय तर्न सक्ने शक्ति मागिरहे ।

ती तीन दाजुभाइको अनुनय-विनय सुनेर सामाङले जलाशयमा एकाएक साङ्घवा (भऱ्याङ वा पुल) निर्माण गरिदिए । त्यो साङ्घवामा एउटा किम्सुल (ढोका) पनि थियो । तीन भाइले नयाँ थातथलोमा बसाइँ सरेपछि मुन्दुम गाएर संस्कार-संस्कृतिअनुसार घरगृहस्थी चलाउन सक्छन् कि सक्दैनन् भन्ने परीक्षा लिन सामाङले साङ्घवामा ढोका जडान गरिदिएका थिए । त्यो ढोका खोल्न मुन्दुम गाउँदै जानुपर्थ्यो । विधिपूर्वक मुन्दुम गाएर मात्रै त्यो साङ्घवा खोल्न सकिन्थ्यो ।

दुर्भाग्य, मुन्दुम गाएर त्यो किम्सुल खोल्ने शक्ति जेठा मुकुलबुङमा थिए । तर पनि उनले कोसिस गरे । मुन्दुमी शक्तिबाट त्यो किम्सुल खोल्न नसकेपछि उनको मनमा एकाएक पाप पलायो । कतैबाट एउटा चरा समातेर ल्याई त्यस ढोकालाई रक्तभोग दिए । चराको भोगपछि किम्सुल (ढोका) त खुल्यो तर पूरै खुलेन, आधा मात्रै खुल्यो । आधा पनि धराप जस्तै खुलेको हुनाले मुकुलबुङका परिवारले कष्टले पार गरे ।

दाजु मुलकुलबुङले साङ्घवा पार गरेको तर पुनः ढोका बन्द भएको देखेर भाइ हर्कलबुङ मुन्दुम फलाक्नुभन्दा पनि दाजुलाई किम्सुल कसरी खुल्यो भनेर सोध्नतिर लागे । मन उति सफा नभएको मुकुलबुङले भाइलाई ढाँटिपठाए । उनले भने, "मैले त बैनीको औंला काटी भोग दिएँ, अनि ढोका खुल्यो ।" हर्कलबुङले सोचविचारै नगरी तत्काल आफ्नी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बैनीको कान्छी औला सिरुको पातले काटी किम्सुललाई रक्तभोग दिए। ढोका त खुल्यो, तर उल्टो ! उल्टो पनि महाधरापै भएर खुल्यो। यो देखेपछि हर्कलबुङको मनमा शङ्का उठ्यो (कतै यो साङ्घवा पार गर्दा अशुभ त हुँदैन ? तर सपरिवार हर्कलबुङले पनि जलाशय (सुबुकु/माबुक) पार गरे। जलाशय पार गर्नुपूर्व नै उनको साथमा रहेको बाखाले उनकी चेलीको खुन लागेको सिरुको पात खाएको हुनाले अशुभ भएर त्यो पुलको ढोका उल्टो खोलिएको थियो। फलस्वरूप त्यो साङ्घवा गल्यो/पग्लियो (प्याल्म/ ज्याल्म)। पुल ध्वस्त भयो। हर्कलबुङकी चेलीको तत्कालै मृत्यु भयो।

त्यो ढोका र पुल गलेर/पग्लिएर ध्वस्त भएपछि सारा संरचना हेर्दाहेर्दै विशाल जलाशय (सुबुकु/माबुकु) माथि ढुङगामा परिणत भयो। सामाङ (माङ/पितृ) ले परीक्षणस्वरूप निर्माण गरिदिएको साङ्घवा एकाएक ढुङगामा परिणत भएर पानीको ढुङगा वा 'खुवालुङ' बन्यो। कान्छा भाइ रिबलबुङको जलाशय पार गर्ने कुनै उपाय रहेन र उनी पारि नै रहे।

किम्सुलसहितको अति सुन्दर भऱ्याङ/पुल खुवालुङमा परिणत हुनुमा जेठा भाइ मुकुलबुङ जिम्मेवार भएकाले सामाङको उनीप्रति दुखेसो रह्यो। त्यसैले सामाङले मुकुलबुङका शाखा सन्तानमा किराती संस्कार-संस्कृति केही नरहने गरी मुन्दुमी शक्ति हरण गरिदिए भन्ने भनाइ छ।

दुई दाजु मुकुलबुङ र हर्कलबुङले सुबुकु/माबुकु पार गरी अन्तै बसाइँ सरेका हुनाले कान्छा रिबलबुङले नाक्स्वा र नाक्छों (धामी) ज्ञानविहीन हुनुपरेको अनुमान गर्न सकिन्छ। थारू जातिमा तीन चुला पुज्ने परम्परा देखिँदैन।

५.४ खुवालुङबारे कोयी राई जातिमा प्रचलित मिथक

तारामणि राई र भूपिन्द्र राई (२०७७ : ६५) अनुसार कोयी राई जातिको मिथकमा खुवालुङबारे यस्तो विवरण पाइन्छ :

धेरै पहिलेको कुरा हो। कोयीका पुर्खाहरू थारुहबाजुह थारू र धिमाल (राजाहरू) देखि छुट्टिएका हुन् भन्ने गरिन्छ। थारू र धिमालहरू उँधो मधेसमा बसेछन् भने कोयीका पुर्खाहरूचाहिँ खुवालुङ (आजभोलिको वराह क्षेत्र भनिने ठाउँ) आएर बसेछन्। त्यसपछि उनीहरू दुधकोसी पछ्याउँदै जाइजुम्मा (आजभोलिको खोटाङको हलेसीनजिकै पर्ने तुवाचुङ जायजुम भन्ने ठाउँ) आएर बसोबास गरे। त्यसपछि राजापानी खाम्तेल गए। त्यहाँ दाजु जम्लु हराएछ र उसलाई (जम् श्र चाम : जसको कोयी भाषामा 'हराउनु' भन्ने अर्थ लाग्छ) चाम्लिङ भनेर भनिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

केही समयपछि पुन: दाजुभाइको भेट भएछ। दाजुचाहिँ धूर्त थियो। भाइचाहिँ सोझो। छलकपट केही थाहा थिएन। चलाख दाजुले भाइलाई एउटा प्रस्ताव राख्दै भनेछ, "लौ, भाइ अब हामी दुवैले सर्त राखौँ। त्यो के हो भने भाइ, यहाँ हामी दुईमध्ये को बस्ने हो, त्यसको अब छिनोफानो गर्नुपर्छ।" दाजुले भाइलाई प्रस्तावको फेहरिस्त सुनाउँदै भन्यो, "भाइ, अब यस जमिनमा एउटा लिङ्गो गाड्नुपर्छ। लिङ्गोको सीधै माथि हेरेर बाजेबजैलाई ढोगेर उनीहरूलाई सोध्नुपर्छ। अनि तल धर्तीभित्र बाजेबजू (नाग-नागिनी) लाई ढोगेर सोध्नुपर्छ।" भाइले पनि सहमति जनाएछ।

दाजु चलाख भएकाले भाइले थाहा नपाउने गरी आफूले गाडेको बाँसको फेदमा कठफोरा चराको बच्चा जिउँदै गाड्यो। त्यसपछि बाँसको आँख्लामा टोड्का बनायो। टोड्काभित्र कोदो र पानी हाल्यो। त्यसपछि भाइलाई पहिले नै भनेजस्तो गरी त्यही कुरा दोहोऱ्यायो, "लौ भाइ, अब माथि आकाशमा बाजेबजूलाई ढोगेर तल धर्तीभित्र बाजेबजू (नाग-नागिनी) ढोगेर गाडेको बाँसको फेदमा हिर्काउनुपर्छ।" त्यसपछि धर्तीभित्रबाट नाग-नागिनीले सुन्ने छन् र कराउने छन् अनि बाँस हल्लाउँदा आकाशबाट कोदो र पानी झर्ने छ। जसकोमा यी कुराहरू हुन्छ, उसको स्वामित्वमा यो ठाउँ हुने छ। त्यसो भनेर दाजुले भाइलाई भने छ, "लौ भाइ तिमीले पहिले गर।" त्यसपछि भाइले आफूले गाडेको बाँसको लिङ्गोलाई हेर्दै आकाशमाथि बाजेबजूलाई ढोग्यो। अनि तल धर्तीभित्र रहेका नाग-नागिनीलाई समेत ढोग्यो। त्यसपछि जमिनमा हिर्कायो। तर त्यस्तो चालचुल आवाज केही आएन। त्यसपछि बाँस हल्लायो, केही खसेन।

भाइको पालो सिद्धिएपछि दाजुले 'लौ भाइ, अब मेरो पालो आयो, होइन त ?' भन्दै आकाशमाथि बाजेबजूलाई ढोगेर, तल धर्तीमा नाग-नागिनीलाई समेत ढोगेर गाडेको बाँसको फेदमा हिर्कायो। भित्रबाट बाजेबजू कराए। त्यसपछि दाजुले "लौ भाइ सुनिस् त ? धर्तीबाट नाग-नागिनी कराए। अब उँभो हेर् है त ? अब म बाँस हल्लाउँछु" भन्दै हल्लायो। बाँस हल्लाउँदाखेरि कोदो र पानी खस्यो। त्यसपछि दाजुले भाइलाई भन्यो, "भाइ देखिस् त ? माथि आकाशबाट पनि कोदो र पानी झऱ्यो, झरेन त ? अब यो ठाउँ मेरो भयो है म यस ठाउँमा बस्छु।"

भाइ हिस्स भयो। त्यसपछि ऊ विरक्तिँदै ओखलढुङ्गाको कुइभिर भन्ने ठाउँमा बस्न पुगेछ। त्यहाँको एउटा ठुलो ओढारमा धुवाँ बाल्दै बसिरहन्थ्यो रे भनेर आजभोलि पनि किंवदन्ती छ। ऊ केही समयपछि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यहाँबाट पनि हिँडेछ। त्यसपछि तल थोत्नेखोला हुँदै रँबुवाको दुधकोसी र रावाखोला भेट्ने ठाउँ (रावा दोभान) मा आएछ। त्यहाँबाट रावाखोलातिर माछा र पाहाहरू समात्दै, खाँदै हौँचुर गए। हौँचुरमा गएर दुई वर्षजति बसेछ। त्यसपछि कोयी पुर्खाका दुई सन्तान भइसकेछन् जसमध्ये सोँदेल र बोँदेल रहेछन्। बोँदेल बाङ्देल गएछन्। खोटाङको उत्तरी भेगमा बाङ्देल भन्ने ठाउँ अद्यावधि छ।

५.५ खुवालुङबारे थुलुङ राई जातिमा प्रचलित मिथक

निर्कुधन राई (२०७८ : १२६) अनुसार थुलुङ राई जातिमा खुवालुङबारेको मिथक देहायअनुसार छ :

उहिले-उहिले (उनानेम तयानेम) किरातीका तीन पुर्खा 'चोमोलुङ' ज्युज्युलुङ (हिमाली) क्षेत्रमा बसोबास गर्ने मनसायले परिवारसहित समथर भूमिबाट हालको सप्तकोसी भूमिबाट हालको सप्तकोसी किनारैकिनार हिमाली भागतर्फ लागे। उनीहरू खुवालुङ आइपुग्दा एक्कासि बाटो बन्द भयो। ती तीन पुर्खामध्ये जेठा मुन्दुमी (आध्यात्मिक शक्तिवाला) थिए। यसर्थ उनले खुवालुङको ढोकालाई मुन्दुमी विधिद्वारा जुरेली चरा (पिप्पुरी चक्पु) को भोग दिएपछि बन्द बाटो खुल्यो। उनीहरूले नदी पार गरे, तर माइला र कान्छा पुर्खा खुवालुङ आइपुग्नुअगाडि नै पुनः बाटो बन्द भयो। कान्छा भाइ र उनका परिवार खुवालुङभन्दा धेरै टाढा भए पनि माइला भाइ खुवालुङ नजिकै आइपुगेकाले ढोका बन्द हुनुको कारण दाजुलाई सोध्न भ्याए। तर दाजुले सत्यतथ्य नभनी बहिनीको रगतको भोग दिए खुवालुङको ढोका खुल्ने बताए। माइला भाइले उनीसँगै रहेकी बहिनीको कान्छी औँलाको रगत निकालेर भोग दिएपछि बन्द खुवालुङको ढोका साँच्चिकै खुल्यो। उनीहरू पनि नदी पार गर्न सफल भए।

खुवालुङको ढोका खोली नदी पार गरिसकेपछि पनि बहिनीको कान्छी औँलाबाट रगत बगिरह्यो। उनको रगत काउलोको पातमा झर्‍यो। रगत परेको काउलोको पात त्यही वरिपरि चर्दै गरेको बाखाले खायो। पुर्खाहरू के निष्कर्षमा पुगे भने - 'आजदेखि मान्छेको रगतको थोपा परेको काउलोको पात टिपी खाने बाखा र काउलो दुवै स्युस्यु (अछुतो) भयो। हाम्रा दरसन्तानले बाखा जातको मासु नखाउन्। शुभकार्यमा काउलो पनि प्रयोग नगरुन्।' यही कारण किरात थुलुङ राई समुदायमा अझै पनि बाखा वा खसीको मासु नखाने र शुभकार्यमा काउलो प्रयोग नगर्ने परम्परा छँदै छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कान्छो भाइ र उनको परिवार ढिलो गरी खुवालुङ आइपुग्दा ढोका पूर्णरूपमा बन्द थियो। उनी मुन्दुमी नभएका कारण बन्द खुवालुङ खोल्नेबारे केही उपाय लाग्न सकेन। सल्लाह-सुझाव दिनु दाजुहरू पनि टाढा पुगिसकेका थिए। बन्द खुवालुङको ढोका खोल्ने कुनै उपाय नपाएपछि कान्छो पुर्खा सपरिवार समथर भूमितिरै फर्केर बसोबास सुरु गरे। उनैका दरसन्तान आजका धिमाल हुन् भनिन्छ। मुन्दुमी विधिद्वारा खुवालुङ पार गरेका जेठा र माइला पुर्खाका सन्तानहरू नै आजका राई, लिम्बू याक्खा, सुनुवार जिरेल, सुरेल, हायू, थामी आदि हुन् भन्ने मिथक किरात थुलुङ राई समुदायमा रहेको छ।

५.६ खुवालुङबारे पुमा राई जातिमा प्रचलित मिथक

खड्ग पुमा राई (२०७८ : १२८) अनुसार पुमा राई समुदायमा खुवालुङबारेको मिथक यस प्रकार छ :

खोटाङ जिल्लाको दक्षिणी भेगमा खोटेहाङ, जन्तेढुङ्गा, वराहपोखरी गाउँपालिकामा पुमा राईहरूको सघन बसोबास छ। उनीहरू खोक्वालुङ/खुवालुङ/खुक्वालुङको सम्बन्ध किराती मुन्दुमसँग रहेको बताउँछन्। अझ कतिपय त खोक्वालुङबाटै किरातीको उत्पत्ति भएको मान्छन्। धामी, बुढापाका, मुन्दुमविद्का भनाइमा राईहरूले पुज्ने वाहुत्मोङ (जलदेवता) को बासस्थान नै खोक्वालुङ हो। वाहुत्मोङकी श्रीमती याख्खामाको 'वालेम सोहोन' समेत खोक्वालुङलाई मान्छन्, जसकारण वाहुत्मोङ र वातुप् साम्खा पुज्दा याख्खामा सोहोन, वालेम सोहोनलाई सम्बोधन गर्छन्।

स्थानीय बुढापाकाका अनुसार पुमा राईहरूले खोक्वालुङदेखि आफ्नो सामेत (सामूहिक वंशनाम) खोज्दै जाँदा लुछुम्बुङ (जो खोटेहाङ गाउँपालिका, सावा कटहरेमा पर्छ) भिरमा पुग्दा एक्कासि आकाशमा हावाहुरी, बादलसँगै चट्याङ पऱ्यो। उनीहरूको मुखबाट अकस्मात् 'रोगोरोगो नाम्घुङ्वा लावा, नाम्धुङमा लावा ताएपाए' भन्ने शब्द उच्चारण भयो। सोही शब्द (नाम्धुङ्पा/नाम्धुङमा) नै उनीहरूले पाएको सामेत हो भन्ने अनुभूति गरेर सामेत लिएर फर्किए।

खोक्वालुङलाई राईहरू विशिष्ट प्राकृतिक देउता (पितृ) मान्छन्। वातुप साम्खा (पूजा) मान्छन्। वातुप् साम्खा (पूजा) गर्दा खोक्वालुङ्ले लामो आयु, बल, बुद्धि, शक्ति, सातो दिउन् भनेर कामना गर्छन्। त्यस्तै लगाएको अन्नबाली धेरै फलोस्, पालेका पशुपन्छी सप्रिउन्, स्वस्थ रहुन् भन्ने अपेक्षा गर्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५.७ खुवालुङबारे खालिङ राई जातिमा प्रचलित मिथक

जङ्गबहादुर राई (२०७८ : ११८) अनुसार खालिङ राई जातिका खुलु (खुवालुङ) बारेको मिथक निम्नानुसार छ :

एउटा उखान छ, राजाले सहेको प्रजाले फापेको भन्ने। तर पितृपुर्खाले नसहेर खुलुमा थुनेका थिए। मिथकअनुसार सप्तकोसीमा रहेको खुलु बन्दीगृह हो। यसरी खुलुमा थुनेर बस्दा यसम्य गर्भवती थिइन्। यसम्यको गर्भमा सल्युव्य (जेठा) र च्याप्त (कान्छा) जुम्ल्याहा थिए। यसम्यले हावासँग पनि विवाह गरेर त्यारकवता जन्माएकी थिईं। त्यारकवताको अर्थ आठ भाइ हुन्छ। उनीहरू थुलु, लुन्याम, क्योसन्याई, रेस्न्याई, न्यच्युरी, दयुमी, छययछेन्तय, रव्यसिद्ल्यम्य थिए। उनीहरू खुलुमा बसेका थिए। त्यारकवता बसेको छेउमा जुरेली आएर बसेको थियो। जुरेली समातेर ढोकालाई काँचो रगत चढाए। त्यही जुरेलीको रगत भोग खाएपछि खुलुको ढोका खुल्यो र त्यारकवता सबै बाहिर निस्किए। त्यो बेला सल्युव्य र च्याप्तचाहिँ खुलुभित्रै थिए। उनीहरूले त्यारकवताहरूलाई सोधे, "तिमीहरू कसरी बाहिर निस्कियौ ?" उनीहरूले ढाँट्दै भने, "हामीले भाइको कान्छी औँला अलिकति काटेर ढोकालाइँ रगत चढायौं। ढोका आफैं खुल्यो।" सल्युव्य र च्याप्तले सल्लाह गरेर च्याप्तको कान्छी औँला काटेर रगत चढाए। त्यसो हुंदा भरलास्क त खुल्यो तर च्याप्त बाँचेनन्।

त्यारकवताहरू खुसी हुँदै कोसीबाट उँभो पहाडतिर निस्किए। पक्कै च्याप्त बाँचेन होला भन्दै उनीहरू खुसी हुँदै आए। उनीहरू दिक्देल (हाल खोटाङ जिल्ला सदरमुकाम) आइपुगे। सल्युव्यका सन्तान माप्य पनि एक्लै निस्किए। उनको भाइको मृत्यु भइसकेको थियो। आफ्ना भाइहरू कता गए भन्दै एक्लै भाइहरूको पाइला खोज्दै दिक्देल आइपुगे। भाइहरूले सल्लाह गरे, "अब हामीले अंश भाग लाउनुपर्छ। ठाउँको अंश भाग लगाऔं। यहाँबाट ठाउँ अर्थात् जमिन रोजौं।" उनीहरूले 'हामीले सुनकोसी रोजेमा राम्रो हुन्छ' भनेर सल्लाह गरे। माप्यलाई चाहिँ 'दुधकोसी दिएको राम्रो' भनेर सल्लाह गरे।

उनीहरूले चलाखी गरेर भालाको टुप्पामा पानी भरे, अनि जमिन खनेर भमरा राखे। त्यसमाथि पातको ढुङ्गाले छोपेर माटोले ढाकिदिए। उनीहरू दाइ माप्यलाई कुरेर बसिरहेका थिए। ठयाक्कै माप्य पनि भाइहरू भएको ठाउँमा आइपुगे। भाइहरूले पहिला नै सल्लाह गरिसकेका थिए। 'जसले जमिन र आकाशलाई सोध्दा बोल्छ, उनी सुनकोसीतिर जाने; जसको पालामा बोल्दैन, उसले दुधकोसी पछ्याउने' सल्लाह गरे। माप्य पनि सहमत भए। पहिला दाइ माप्यले आकाशतिर भालाले ताकेर 'मैले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजेको ठाउँमा जान पाऊँ भने, तर आकाशबाट पानी परेन, झरेन । फेरि 'जमिन (च्यरी) तिमीले मलाई वरदान दिनु, मैले रोजेको ठाउँमा जान पाऊँ भनेर जमिनमा भाला गाडे । त्यहाँबाट पनि कुनै आवाज आएन । भाइहरूको पालो आयो । तिनले आकाश बोलाउँदा पानीको छिटा खस्यो, जमिन बोलाउँदा आवाज आयो । भाइहरूको चलाखीले दाइ माप्यले हार्नुपऱ्यो र दुधकोसी पछ्याउनुपऱ्यो ।

५.८ खुवालुङबारे चाम्लिङ राई जातिमा प्रचलित मिथक

युवकुमारी राई (२०७८ : १२३-१२५) अनुसार चाम्लिङ राई जातिमा खुवालुङबारेको मिथक यस प्रकार छ :

हर्कम्बुङका सन्तानहरू तीन भाइ भए - भुसुरी, वाछापा र छोछापा । भुसुरी भनेको नेतृत्व गर्ने व्यक्ति हो । भुसुरीलाई बुसुरी पनि भनिन्छ । काठमाडौँ उपत्यकामा शासन गर्ने अन्तिम किराती राजा (गस्ती ?) का जेठा छोरा रहेछन्, भुसुरी । लिच्छविहरूको आक्रमणमा परेर भुसुरीका सात बहिनी चेलीको मृत्यु भयो । थुप्रै सेना पनि मरे । बाँच्नेको नेतृत्व गर्दै भुसुरीले भाग्न हुकुम गरे । उनले भने, "म अगाडि लाग्छु । झोरजङ्गल फाँड्दै जान्छु । टुप्पा जता हुन्छ, त्यता आउनू, फेदपट्टि नजानू । लामलामी (बाटैबाटो) खोरम्बु (फाँड्दै) है ।" भुसुरीले फाँडेको बाटो पछ्याएर आउनू है' भन्ने अर्थमा 'लामलामी खोरम्बु' भनेका कारणले काठमाडौँबाट पूर्वी पहाडहरूमा आइपुगेका भुसुरीका सन्तानको सुरुको सामै (सामूहिक वंशनाम) 'बुसुरी लामलामी खोरम्बु' थियो । यही सामैबाट फुटेर पछि अरू सामै बनेका छन् ।

भुसुरीहरू काठमाडौँबाट पूर्वतिर आए । तिनलाई वाछापा र छोछापाहरूले पछ्याए । भुसुरी र वाछापाका सन्तान अहिलेका चाम्लिङ राई हुन् । छोछापा, जसलाई आजकल छाङ्छा भनिन्छ; उनका सन्तान बान्तावा (बोन्तावा) राई हुन् । वाछापा र छोछापाबाहेक अरूले भुसुरीलाई पछ्याउन सकेनन् । किनभने वनकेरा फाँड्दै हिँड्दा एकैछिनमा पलाइहाल्थ्यो । त्यो देखर 'ओहो, हाम्रो अगुवा त कहिले गएछ-गएछ; काटेको केरा त यत्रो भएछ; ऊ त कहाँ पुग्यो-पुग्यो, भेटिँदैन' भनेर आ-आफ्ना बाटो लागे । सुनुवार (कोइँच) हरू उतै पल्लोकिराततिर पसे । कोही दुधकोसी हुँदै उँभो लेक (सोलुखुम्बु) तिर लागे । भुसुरी, वाछापा र छोछापाहरूचाहिँ खुवालुङ आइपुगे ।'

उहिले-उहिले पारुहों (पारुहाङ) लाई कोरकुष्टी (कुष्ठरोग) लागेको थियो । उनले खुवालुङमा नुहाए । सफा भए । त्यसैले त्यो ढुङ्गा घाउ जस्तो देखिन्छ र त खुवालुङ भनेको घाउढुङ्गा हो । खुवा भनेको चाम्लिङ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाषामा घाउ हो, लुङ भनेको ढुङ्गा। अहिले पनि धामीहरूले 'मुदुमी यात्रा' गर्दा खुवालुङ तर्न सकेनन् भने त्यहाँ पुगेपछि मुदुम गर्दागर्दै वाक्य आएन भने मर्छ भनिन्छ।

भुसुरी, छोछापा र वाछापा आउँदा खुवालुङमा बाटो बन्द थियो। भुसुरी मुदुमविद् थिए। उनले चराको भोग दिएर् नाचगान (सिली) गऱ्यो भने खुवालुङ खुल्छ भन्ने मुन्दुमी ज्ञानले देखे भुसुरीले नाचगान गर्दै खुवालुङलाई क्याँकी चराको भोग दिएर पारि गए। वाछापा आइपुग्दा पनि खुवालुमा बाटो बन्द थियो। वाछापा-छोछापाहरूले भुसुरीलाई सोधे "तिमी कसरी पारि गयौ ?" भुसुरीले ढाँट्दै भने छन्, "मैले त चेलीको भोग दिएँ।" वाछापाहरूले पनि चेलीको औँला अलिकति चोट पारेर खुवालुङलाई खुन चुहाइदिएर तरे। त्यहाँदेखि खुवालुङ कहिल्यै बन्द भएन।

वाछापा-छोपापाहरूकी चेलीको औँलाको रगत झरेको केराको पात तत्कालै बाख्राले खाइदियो। त्यसपछि चेलीको खुन खाने बाख्रा, खसी, बोको मासु खानु हुँदैन भन्ने चलन किरातीहरूमा प्रचलित भयो। यही कारण आजभोलि पनि किरात राईले बाख्राको मासु खाँदैनन्।

खुवालुङ तरेपछि वाछापाकी चेलीको धेरै रगत बगेर बाटोमा मृत्यु भयो। भुसुरीले झुटो बोलेकाले आफ्नी चेलीको निधन भएपछि वाछापा र भुसुरीबिच रिसइबी भयो।

खुवालुङ पार गरेपछि भुसुरी, वाछापा र छोछापाहरूलाई साकेला सुनचरीले पछ्यायो। उनीहरूले कोसीको दोभानमा बिसाएर सरसल्लाह गरे, "अब हामी छुट्टिऔँ। तपाईं पल्लो नदी पछ्याउँदै जानुहोस्। हामी वल्लो नदी पछ्याउँदै जान्छौँ।"

सुनचरी कसले लैजाने भन्ने छलफल हुँदा सबैले 'हामी लान्छौँ, हामी लान्छौँ' भन्न थाले। उनीहरूको कुरा नमिलेपछि सुनचरीले भन्यो, "तिमीहरूको कुरा मिलेन। म एउटालाई कसले लैजान्छौ ? म कोहीसँग पनि जान्नँ, बरु यही अलप हुन्छु। तिमीहरू जहाँ-जहाँ जान्छौ, म त्यहीँ-त्यहीँ उत्पत्ति हुन्छु। धामी लगाएर मेरो पूजा गर्नू।" सुनचरी अलप भयो।

छोछापा (छाङ्छा) हरू याङटुङपर्तिरको खोला पछ्याएर उता भोजपुरतिर गए। भुसुरी र वाछापाचाहिँ साप्सु खोला पछ्याउँदै टेम्केडाँडातिर निस्किए। उनीहरूले 'टेम्केमा बसेर खाजा खाऊँ, अनि ठाउँ रोजौँ भनेर सल्लाह गरे। भुसुरीले चिउरा खाजा बोकका थिए। वाछापाले सातु बोकेका थिए। उनी चलाख, थिए। अघि नै भुसुरीको खाना के छ भनेर छामिसकेका रहेछन्। उनले भने छन्, "खाजा साटौँ है, दाइ ?" भुसुरीले 'हुन्छ' भनेर खाजा साटे। दुवैले खाजा खाँदै ठाउँ रोज्न थाले। चिउरा खाँदै बोल्न सजिलो भयो, सातु खाएर बोल्न अप्ठेरो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
वाछापा ठाउँ रोज्दै 'हलेसी मेरो, दिक्तेल मेरो, नेर्पा, दोर्पा मेरो' भन्दै दोर्पा भन्ने ठाउँ रोज्न आइपुगे। भुसुरीको चाहिँ मुखमा सातु भएकाले 'बुबुबु ! गरेर हातले इसारा गरेर जम्मा एउटा ठाउँ रोजे - लामाखु (खोटाङ)।

५.९ खुवालुङबारे कुलुङ राई जातिमा प्रचलित मिथक

राजेश राई (२०७८ : १०३ - १०४) अनुसार किरात कुलुङ राई जातिमा खुवालुङबारेको मिथक यस प्रकार छ :

केही समयपछि पारुहाङले भनेजस्तै निनामरिदुमको कोखबाट रुद्राक्ष, अरारी, कुकुरडाइने, बाघ, भालु र अन्तिममा तुम्नो र छुक्रिम जन्मिए। पारुहाङले भनिपठाएजस्तै उनले तुम्नोलाई साराङमा राखेर घाममा देखाइन्। तारामण्डलबाट तुम्नोका लागि धनुवाण दिँदै पारुहाङले भने "तुम्नो ठुलो भएपछि शत्रु लाग्न सक्छन्। त्यति बेला यही धनुवाणले हानेर तिनलाई तहलाउनू।" पारुहाङले तुम्नोलाई धनुवाण दिएपछि किरातीहरूले धनुवाण प्रयोग गर्न थालेको हो भनिन्छ।

निनामरिदुमको हेरचाहमा तुम्नो जवान भए। उनले आफूमाथि आइलागेका शत्रुलाई धनुवाण प्रहार गरेर तहलाए।

तुम्नोको विवाह तेत्तेरेमसँग भयो। उनीहरूबाट छोरा होलेन्दाको जन्म भयो।

होलेन्दाले दावामीसँग बिहे गरे। उनीहरूबाट छोरा दिवरीको जन्म भयो।

दिवुरीका तीन सन्तान भए - खोलोम, कुरूपा र पातोक्छी।

पातोक्छीको विवाह योरुकासँग विवाह गरे। उनीहरूबाट छाक्वाको जन्म भयो।

छुनीले ङेचोमम सायाम्पासँग विवाह गरे। उनीहरूबाट छाक्वाको जन्म भयो।

छाक्वाले खोसेवमसँग विवाह गरे। उनीहरूबाट मुतिथिको जन्म भयो।

मुतिथिले रिङ्मानीसँग बिहे गरे। उनीहरूबाट रपाको जन्म भयो।

रपाले छुमुम्पासँग विवाह गरे। उनीहरूबाट तुनिलोको जन्म भयो।

तुनिलुको सन्तान खार जन्मिए। उनले दुम्दिलम गल्कम्मासँग विवाह गरे। उनीहरूबाट खोक्चिलिपाको जन्म भयो।

खोक्चिलिपा महान् व्यक्ति बने। उनले किरातीका विभिन्न संस्कार सृष्टि गरे। उनलाई कुलुङ किरात राईहरू युगपुरुष मान्ने गर्छन्।

खोक्चिलिपाले पाछोक्सी योरुकाकी छोरी बेड्इलिमसँग विवाह गरे। उनीहरूबाट रोदू किरातको जन्म भयो। रोदुका पाँच भाइ छोरा भए - जेठा खम्बुहाङ, माइला नेवाहाङ, साइँला मेत्लाहाङ, काइँला लाङलेवा र कान्छा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मेराती। रोदुका यी सन्तान वर्तमान सुनसरी जिल्लामा पर्ने वराहक्षेत्रबाट छुट्टिएर विभिन्न ठाउँतिर लागे।

खम्बुहाङ र नेवाहाङले आफ्ना चेलीहरूलाई साथमा लिएर हिँडेका थिए। उनीहरूसँग अंशमा प्राप्त गरेका बाखा र धनुवाण थिए। वराहक्षेत्र उँभो लाग्ने क्रममा खम्बुहाङ 'बलि भोग नचढाई जान दिन्नँ भन्यो। खम्बुहाङले पछाडि फर्किएर हेर्दा रुखमा मोङ्खु चरा देखे। त्यसलाई वाणले हानेर झारी खोलुङलाई भोग दिए। खोलुङको बन्द ढोका खुल्यो। खम्बुहाङ पार गरेर गए। खम्बुहाङले खोलुङलाई भोग दिएको हुनाले किरातीले मोङ्खु चराको मासुलाई सुस (सुङ्सा) भन्छन्। सुसको अर्थ किरात राई भाषामा खान नहुने मासु भन्ने हुन्छ।'

यता भाइ नेवाहाङचाहिँ दाजु खम्बुहाङले खोलुङ तरिसकेपछि आइपुगे। पारि पुगिसकेका दाजुलाई 'कसरी पार गऱ्यौ' भनेर सोध्दा भाइप्रति पाप चिताएर उनले भने, "भाइ, मैले खोलुङमा मेरी कान्छी बहिनीको औँला अम्लिसोको पातले काटेर भोग चढाएँ। अनि ढोका खुल्यो र खोलुङ पार गरेँ।"

५.१० खुवालुङबारे दुमी राई जातिमा प्रचलित मिथक

खुवालुङबारेमा दुमी राई जातिमा प्रचलित मिथकबारे चतुरभक्त राई (२०७५ : २७-२९) का अनुसार माझकिरात क्षेत्रमा दुमीको आगमनको विषयमा धनरूप राईको स्पष्ट भनाइ थियो - "दुमीहरू खोलुबाट आएका हुन्।" यसलाई उँधोखोले राई र उँभोखोले राई किंवदन्तीअनुसार किरातका पुर्खाहरू खोलुँबाट सप्तकोसी पछ्याउँदै आउँदा त्रिवेणी घाटमा आइपुगे। त्रिवेणीमा नदी तर्नुपर्ने भएकाले अलमलमा परे। केही चामलिङको हुललाई नदी कसरी तऱ्यौ भनेर सोध्दा चेली काटेर तऱ्यौँ भनेर जबाफ दिए। हुन पनि नदीको बगरभरि रक्ताम्मे थियो। तर चेली होइन अरु चराचुरुङ्गीको भोगबलि दिएर तरेका थिए।

आज पनि नदी तर्दा परेवा, कुखुराको भोग दिने चलन रहेको छ। अगि नेपाल जाँदा पूर्वबाट आउनेहरूले सुनकोसीलाई मूलघाट मानेर परेवा, पाठी काटेर भोगदिई नदी गर्थे। आज पनि खोला पूजा मतवाली जातिहरूले गर्छन्। यसलाई पञ्चेउली, राजपूजा आदि भनेर गरिन्छ।

चेली काटेर तर्नु त्यो महाअपराध र असम्भव थियो। तैपनि दुमीहरूसँग भोग दिने अरू जीवहरू नभएकाले उनीहरूले हो न हो चेलीको कान्छी औँला काटेर नदीलाई चढाए। त्यसपछि उनीहरू ढुक्क भएर नदी तरे। अनि अरुण नदी पछ्याए।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यतिखेर नदी तरेर अरुण पछ्याउनेहरू राई भए भनेर कथाकैरन ल्याउँछन्। त्यसमा दुमी, थुलुङ, कुलुङ, बान्तावा, साम्पाङ, खालिङ, बायुङ चाम्लिङ आदिको नाम लिन्छन्। अरुण पछ्याएर जानेहरू भोजपुरको सिक्तेल भन्ने ठाउँमा धेरै समयसम्म बसोबास गरे। सिक्तेलमा ती राईहरू धेरै समयसम्म मिलेर बस्न नसकेको कारणले कान्छो बान्तावालाई छोडेर सबभन्दा पहिले खालिङ, त्यसपछि थुलुङ अनि अन्य राईहरू त्यहाँबाट हिँडे।

दुमीहरू अन्य राईहरूसँगै दिक्तेलमा आए। दिक्तेलमा खासगी पोखरीमा बसेका थिए। अहिले त्यहाँ एक प्राथमिक विद्यालय रहेको छ। त्यहाँ चामलिङहरूसँग मतभेद परेकाले चामलिङलाई दिक्तेल छाडेर अरू राईहरू रावाखोला, तापखोला, दुधकोसी पछ्याउँदै त्यही नदीको आसपास बस्न लागे। त्यहाँ उनीहरूले रस्तीबस्ती बसाए।

यही सिलसिलामा दुमी राईहरू दिक्तेलबाट हिँडेपछि हालको बाक्सिला सिम्पानीको दुङ्कुलु भन्ने ठाउँमा आई पानीको स्रोत र एउटा ढुङ्गाको आड लागेर बसोबास गरे। यहींबाट दुमीहरू फैलिएर गए भन्ने किंवदन्ती पाइन्छ।

दुमी उत्पत्ति हुनमा भीमलसिंह मुरह राईको आफ्नै विश्लेषण थियो। उनको भनाइमा खोलुबाट आउने राईहरू छरपस्ट भएर सिकार खेल्दै हालको बाक्सिला सिम्पानीको दुङ्कुलु क्षेत्रमा आई बसोबास गरे। त्यहाँ एउटा ढुङ्गा अहिले पनि रहेको छ र त्यसको दुवै किनारमा पानीको स्रोत उपलब्ध छ। सिकारीहरूले त्यही ढुङ्गालाई आधार मानेर उनीहरू दिनभरि सिकार खेली बेलुकी बास बस्न त्यहीं आउन थाले। धेरै सिकारीहरू त्यही ढुङ्गामा भेटघाट हुन थाले। त्यसैले हामी भेट गर्ने ढुङ्गा भने। यसलाई दुमी भाषामा 'इङ्की दुङ्की लु' भन्न थाले। यही 'इङ्की दुङ्की लु' बाट रूपान्तरण हुँदै 'दुङ्कीलु' भन्न थालियो। यही 'दुङ्कीलु' अपभ्रंश हुँदै 'दुङकुलु' 'दुम्कीलु' हुँदै दुमीलु भयो। अन्त्यमा दुमीलु पनि रूपान्तरण हुँदै जाँदा दुमी मात्र हुन गयो। यसर्थ दुङ्कीबाट 'दुम्की' हुँदै 'दुमी' हुन गएको कथन पुर्खाहरूले गर्दै आएको पाइन्छ।

पछिल्लो समयमा दुमी किरात राईहरू बसोबास गर्ने ठाउँका रूपमा त्यसलाई नामकरण गरिएबाट त्यसलाई 'दुमीदेल' भन्न थालियो। दुमी भन्नाले एक भाषी राई समुदाय र देल भन्नाले गाउँ भन्ने अर्थ लाग्छ। यो 'दुमीदेल' पनि अपभ्रंश हुँदै 'दुम्देल' मात्र रहन गयो। पुरानो लेखोट कागजहरूमा दुम्देल भन्ने नाम परेको छ। (ऐजन राई : २०७८) अनुसार : दुमी पुर्खाहरू भन्छन् - "अघि राई, लिम्बू, सुनुवार र थारूका पुर्खा उही एउटै किरात थिए।" पछिबाट यी राई, लिम्बू र सुनुवार कसरी भए भन्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

किंवदन्तीका कुराहरू अन्य प्रसङ्गहरूमा पनि आएका छन्। पुर्खाहरूले भनेअनुसार अगि किरातीहरू खोलूँबाट आएका हुन्। खोलूँ कहाँ पर्छ भनेर पुर्खाहरूलाई सोधनी गर्दा वराह क्षेत्रभन्दा उतै पर्छ भन्ने गरेको पाइन्छ। त्यस भनाइलाई नियाल्दा र किरातका धामीहरूले चिन्ताचार गर्दा, नागु, तिधाम, छिदाम, छमदम गर्दा पुर्खा भेट्न थरिया बजिया पुग्नु पर्छ भन्ने गरेकाले थारुवान क्षेत्र नै खोलूँ हो भन्ने पाइन्छ।

किंवदन्तीअनुसार खोलूँबाट किरातीहरू सप्तकोसीलाई पछ्याएर आए। उनीहरू चतरामा आइपुगे। कान्छो थारू चतरा आइपुग्दा अरू दाजुभाइहरू त्यहाँबाट हिँडिसकेका थिए। थारूले बाटो चिनेन किनकि पहिले हिँड्ने दाजुभाइहरूले केराको घारी फँडानी गरी बनाएको बाटो भोलिपल्ट थारू आइपुग्दा केराको घरी बढेर जस्ताको तस्तै भइसकेको थियो। त्यसैले ऊ त्यतै अलमलिएर बस्यो र ऊचाहिँ थारू भयो। त्यही थारूको भूमिलाई थारुवान भनिएको हो र थारुवानमा बस्ने ती थारू जातिलाई थरिया बजिया भनिएको हो। पुर्खाहरूको भनाइका धिमाल पनि थारूकै सन्तान हो भन्छन्। तर पछिल्लो समयमा आएर अनुसन्धानशास्त्रीहरूले धिमाल लिम्बूबाट छुट्टिएको भाइ भन्न थालेका छन्।

अब चतराबाट हिँड्ने किरातीहरूको हुल सप्तकोसी पछ्याउँदै आउँदा वराह क्षेत्र हुँदै अरुण, तमोर र सुनकोसी मिसिने त्रिवेणीघाट आइपुगेछन्। त्रिवेणीबाट पनि एक हुल किरातीहरू तमोर नदी पछ्याएर उत्तरतिर लागे। ती तमोर नदी पछ्याउनेहरू कालान्तरमा लिम्बू भए।

त्यसपछि एक हुल किरातीहरूले अरुण नदीमा पछ्याएर हिँडे उनीहरू कालान्तरमा राई भए र त्यही राई माझकिरातभरि फैलियो र पछि अन्य क्षेत्रतिर पनि छरिएर बसोबास गर्न लागे। तिनै राईहरूमध्येको एक भाषी राई दुमी हो। अर्को हुल किराती सुनकोसी नदी पछ्याएर गयो, कालान्तरमा तिनीहरू सुनुवार भए। उनीहरू लिखु खोला आसपास पछ्याएर गयो, कालान्तरमा तिनीहरू सुनुवार भए। उनीहरू लिखु खोला आसपास फैलिएर बसे। यही किंवदन्तीलाई सिरानी बनाई लिम्बू, सुनुवार र थारू एउटै चिण्डोको बिउ हो उनीहरू भनेर विगतको इतिहासलाई सम्झन पुग्छन्।

५.११ खुवालुङबारे थामी जातिमा प्रचलित मिथक

थामी जातिको मिथकबारेमा टेक थामी (२०७९) का अनुसार :

सबै जातजातिको आफ्नै कुलवंश र आफ्नो साझा पुर्खा हुन्छन्। तिनै साझा पुर्खाको सन्तानलाई kin group भनिन्छ। काठमाडौँको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
उत्तरपूर्व हाल दोलखा चरिकोट भनेर चिनिने भेगमा पुरानो प्रकृतिपूजक एउटा समूह थम्बू जाति थिए। त्यही जाति नै थम्बू, थानी, थाङ्मी हुँदै अहिले थामी भनेर चिनिएको हो (नेपाल थामी समाज, २०६५)।

थामी जातिको सबैभन्दा पुरानो पुर्खाको रूपमा उकेज्यूज्यू र बेति बजू एक दम्पती हुन् (नि.प्र.था.स, २०५४)। थामी कर्मकाण्ड मुन्दुमअनुसार सिमांघाट, सिमरौनगड (हालको बारा जिल्ला) बाट यी दम्पती आएका थिए। यी दम्पतीको तीन भाइ छोरा थिए जेठो लिम्बू तमोर नदी पछ्याउँदै गएको, माइलो खम्बू अरुण नदी पछ्याउँदै गएको र कान्छो थम्बू (थामी) तामाकोसी नदी पछ्याउँदै गएका थिए। थामी समुदायको सिलोके पालाखे कर्मकाण्ड, २०६९ अनुसार थामीका पुर्खाले थानकोट, कोटेश्वर, ठिमी, दोलालघाट हुँदै अभयपुर (दोलखा) आइपुगेको र त्यसपछि दोलखामा राज्य सञ्चालन गरेका थिए। ठिमीबाट नै राज्य सञ्चालनको कार्य कुशलता भएको थामी राजा रैतीसहित दोलखा आए र त्यसपछि त्यहाँ पनि थामीका धेरै राजाले राज्य सञ्चालन गरे पनि हाइहाई राजा, पत्राङ्गी राजा र अन्तिम स्यूस्यू नामका राजाले राज्य सञ्चालन गरेको पाइन्छ। राज्य सञ्चालनको क्रममा स्यूस्यू राजालाई गोल्मा र पछि गोल्मालाई पनि नेवार थरका खाण्डु राजाले जितेर राज्य सञ्चालन गरेका थिए।

अर्को किंवदन्तीअनुसार दोलखामा नेवार थरका खाण्डु राजाको पालामा राजाले सिपाहीहरूलाई पाहा खोज्न पठाएका बेला खोलामा पाहा छेक्ने खोसमा काठको चोइटा भेटाए त्यसपछि यो खोलाको शिरतिर पनि मान्छे रैछ भनेर राजालाई रिपोटिङ गरी खोज्न पठाउँदा दोल्तीको शिर अर्थात् हालको सुस्पाको मास्खाराङ, डुङडुङ आपोक (ओडार) मा लामोलामो दारी भएका एक जोडी भेटाए त्यसपछि राजाको आदेशअनुसार पुरुष यापती छुकु पक्रे र लामो समयको जेल जीवनपछि महिला सुनारी बजूले धेरै अनुरोध गरेर उपहार दिएपछि राजा खुसी भई चार किल्ला दिए (थामी समुदायको सिलोके पालाखे कर्मकाण्ड, २०६९)। यी दम्पतीका चार किल्लासहित आफ्नो किपट बनाएर खुल्ला रूपले बस्न थाले। कालान्तरमा पछि सुनारी बजू यापती छुकुको सात भाइ छोरा र आठ बहिनी छोरी जन्मे र बढ्ने क्रममा उनीहरूलाई व्यक्तिपिच्छे थर छुटाए। छोराहरूलाई कालिन्चोकबाट चारैतिर फर्काएर धनुष हान्न लगाई त्यो धनुष कहाँ लाग्यो त्यसैका आधारमा थर दिए भने छोरीलाई पनि भिन्नै थरको प्रक्रिया अपनाई थर दिई विवाह गराए।

कालान्तरमा कान्छी छोरीचाहिँ विवाह नगरेर तपस्या गर्न गएका थिए त्यस बेला खाण्डु राजाले देखे र राजासँग सम्बन्ध बढन थाल्यो, पछि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खाण्डु राजाले आफ्नो घरमा पनि श्रीमती भएको र समाजले थामी रानीलाई स्वीकार नगरेपछि थामीकै दाजुभाइले एक रातमा दरबार बनाई त्यसलाई राखेका थिए। त्यो स्थान अहिलेको सुन्द्रवतीमा आगेको डाँडामा भवनको भग्नावशेष अहिले पनि देख्न पाइन्छ। पछि त्यही खाण्डु राजाबाट जन्मेका सन्तानलाई अहिले रोइमीडाती थामी भनिन्छ।

५.१२ खुवालुङबारेमा अन्य विचार

खुवालुङ बारेमा इन्द्राहाङ खम्बू (२०७५ : ५) भन्छन् : किरात मुन्धुमअनुसार जब किराती पुर्खाहरू खम्बूहों, मेहों र मेत्लाहों सप्तकोसी नदी पछ्याउँदै रदाम्भा (हाल वराह क्षेत्र) आइपुगे त्यहाँबाट पनि अगाडि बढेपछि उनीहरू त्रिवेणी जहाँ रदाम्भा (हाल वराह क्षेत्र) आइपुगे त्यहाँबाट पनि अगाडि बढेपछि उनीहरू त्रिवेणी जहाँ याङवा, रुइयुवा र थावा (क्रमशः दुधकोसी, अरुण र तमोर) मिसिएको ठाउँमा पुगे। त्रिवेणी पुगेपछि किराती पुर्खाहरू त्यहाँबाट अघि बढ्न सकेनन्। अघि बढ्न लाग्दा ढोका लाग्यो र एकाएक बाटो बन्द भयो। अनेक जुक्ति बुद्धि लाउँदा पनि उनीहरू उक्त बन्द ढोका खोली अघि बढ्न सकेनन्। त्यसपछि उनीहरूले यो त अदृश्य शक्ति पो रहेछ। यो शक्तिलाई त मुडेबल र जुक्ति बुद्धि लगाउनुभन्दा पनि उसलाई मानभाउ गरी, सेवा पुकार गर्दा पो हुन्छ कि भनी सोचीसम्झी नदीको पानीमा नुहाई-धुवाई शुद्ध सफा भई त्यहीं दिनदेखि कोसीमा गई मकर नुहाउने प्रचलनको सुरु भयो। त्यही उपलब्ध केकी (कालजुरेली) र कन्दमूल (वनतरुल, फलफूलहरू) आदि चढाई मुन्धुम गाएर सेवा पूजा गरेपछि उक्त बन्ध भएको शक्रिको ढोका खुल्यो। (माघे सङ्क्रान्तिमा कोसी, खोला वा धारा आदिमा गई मकर नुहाउने प्रसादस्वरूप सबैभन्दा पहिले काँचो वनतरुल खाने संस्कारको प्रारम्भ यहींबाट भयो।) ढोका खुलेपछि अगाडि हेर्दा त बाटो पनि कुनै अप्ठ्यारो थिएन बरु पहिले तलतिरबाट आउँदाको भन्दा पनि सरल र सजिलो पाए अनि तत्क्षण नदीको ठिक सङ्गमस्थलका बिच पानीमा एउटा तामे रङको ठुलो ढुङ्गा जो सर्पको फणा आकृतिको तल सानो माथि फुकेको आसन पश्चिमतर्फ फर्किएर उभिएको अचानक देखे। त्यसपछि हाम्रो बाटो बन्द गर्ने अदृश्य शक्ति र यही 'खु' (नदी) 'वा' (पानी) र 'लुङ' (ढुङ्गा) अथवा 'खुवालुङ' (नदीको पानीमा अवस्थित ढुङ्गा) रहन गयो उक्त दिन अहिलेको पात्रोअनुसार माघ महिनाको दिन थियो। किरात मुन्धुमी लोकोक्तिअनुसार अगि हिंडेको जेठा खम्बू हो। खुवालुङको बन्द ढोकालाई सेवा, पूजा गरी खोलेर अगि बढ्यो। तर फेरि ढोका लाग्यो र बाटो बन्द भयो। अरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाइहरू पछाडि नै थिए। पछि आउने भाइले दाजु ढोका खोलेर पनि माथि जाँदै गरेको देखेर सोध्यो, 'दाजु, तपाईंहरू यो बन्द बाटो कसरी उघारेर निस्कनुभयो ?' दाजुले ढाँटेर भन्यो, 'हाम्रो कन्या चेली खुन पार्दा खुवालुङ उघ्रियो र हामी निस्कियौँ।' अनि उक्त भाइले आफ्नो चेलीको खुट्टाको कान्छी औँलामा चोट पारेर (काटेर) खुन पार्दा खुवालुङ उघ्रियो र भाइहरू पनि निस्किए। त्यसपछि भने खुवालुङ खुल्लै छ भन्ने विश्वास छ। तर ती भाइहरू माथितिर आउँदाआउँदा चेलीको खुट्टाबाट चुहिएको खुन केराको पातमा खस्यो र उक्त पात बाखाले खायो, अन्ततः चेली मरिन्। त्यही समयदेखि केही थरी किरातीहरूले बाखाको मासु खाँदैनन्। यो चलन आजसम्म पनि यथावत् नै रहिआएको छ। (किरातीहरूमा बाखाको मासु नखाने संस्कारको प्रारम्भ यहीँबाट सुरु भएको पाइन्छ।

अरू केही भाइहरू झन् पछाडि नै थिए। उनीहरू पनि आफ्ना दाजुहरू हिँडेको बाटो पहिल्याउँदै आउँदै थिए तर आफ्ना दाजुहरूले काटेको वनकेरा र बोहोरीको रुखका डोबहरू पुरानो भइसकेको भेटिएकाले दाजुहरू तराईतिर नै फर्किए। उनीहरू नै थारू, धिमाल, कोचे, मेचेहरू आदि बने।

उनीहरू त्यहाँबाट अघि बढ्न लाग्दा आफूहरूले पछ्याइआएको नदी त तीनओटा शाखाहरू भएर बाँडिएको पाए। त्यसपछि उनीहरूले त्यस ठाउँबाट फरक-फरक नदीलाई पछ्याउँदै अगि बढ्ने निधो गरे र त्यही अदृश्य शक्ति खुवालुङलाई साक्षी राखेर त्यहाँ वर्षको एकचोटि ठिक त्यही खुवालुङको ढोका खुलेकै दिन पारी आउने र भेटघाट गर्ने बाचा सम्बन्धका साथ छुटे। जसमध्ये खम्बुहों 'याङवा' (दुधकोसी), मेहों 'रुइयुवा' (अरुण) र मेत्नाहो 'थावा' तमोर पछ्याउँदै अगि बढी पछ्याइआएको नदीको सेरोफेरोलाई आबाद गरी बस्ती बसाए। आज त्यही 'याङ्वा' अथवा दुधकोसी पछ्याउँदै अघि बढेका भाइका सन्तानहरू कालान्तरमा कोइच (सुनुवार), थामी, कुलुङ, चाम्लिङ, साम्पाङ आदि भए, त्यही 'रुइयुवा' अथवा तमोर पछ्याउँदै अघि बढ्ने भाइका सन्तानहरू, मुगाली, आठपहरिया, छिलिङ र खेवा, थेगिमलगायत विभिन्न थरी लिम्बूहरू भए।

खुवालुङबारे हाल बेलायतमा बसोबास गर्नुहुने सांस्कृतिक अध्येता सर्वधन थुलुङ राई (२०७८) का अनुसार :

यो खुवालुङको विषयमा प्रायः आख्यानहरूकै रूपमा मात्र विवरणहरू पाइन्छ। यस प्रकारका विवरणहरू प्रत्येक राईभाषीहरूमा हुन पनि सक्छन्, नहुन पनि सक्छन्। यसै क्रममा थुलुङ भाषमा पनि खुवालुङबारेमा फाट्टफुट्ट विभिन्न प्रकारका मिथकहरू पाइने गरिन्छ। ती विभिन्न मिथकहरूमध्ये एउटा मिथक यस प्रकारको छ। जुन भेगमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थुलुङहरू कुनै समय विशेष गरेर बसाइँ सर्ने क्रममा दाइ थुलुङ र भाइ सुनुवार वर्तमान समयमा बसोबास गर्ने क्षेत्रमा आउनुभन्दा पहिले हालको चतरा क्षेत्रमा आइपुगेछन्। यसरी उनीहरू आआफ्नो समूहका साथमा अघिपछि गर्दै केही समयको अन्तरालमा आएर त्यो ठाउँबाट पारि तर्न बिचमा जाँदै गर्दा त्यहाँ फलामको ढोका देखा पर्दछ र अलिक पहिला दाइ थुलुङ तरे तर भाइ सुनुवार र उसको समूह त्यहीँ पछि त्यस ठाउँमा आइपुगेछ। भाइहरू नदी तर्न आइपुग्दा फलामको ढोका बन्द भइसकेको थियो। त्यस अवस्थामा पारि नदी तरिसकेको दाइलाई बोलाएर "ढोका बन्द छ कसरी तर्नुभयो" भनी भाइले सोधेछन्। पारिबाट दाइले "वाब्लुबाव्लु" को भोग दिएपछि ढोका खुलेको हुनाले हामी यहाँ आइपुग्यौं भन्ने उत्तर दाइले दिएछ। त्यसरी दाइले भनेको वाब्लुबाब्लुको अर्थ चराचुरुङ्गी भन्ने हुन्छ। यसरी दाइले भनेको शब्द कोसीपारि रहेको भाइले अर्कै बुझेछन्। भाइले ल्वाक आफूभन्दा उमेरले कान्छो भाइ वा बहिनीलाई भोग दिएर आएको भन्ने सुने छन्। यस्तो सुनेपछि भाइ सुनुवारले आफ्नो भाइ काटी भोग दिएपछि फलामे ढोका खोलियो र आफू र आफ्नो समूह पारि तरे। यसमा बहिनीको भोग दिएको साथै बहिनीको कान्छी औंला काटी भोग दिएको भन्ने मिथक पनि पाइन्छ। यसरी जति समय लागे पनि दाइ र भाइ दुवै समूहहरू कोसी पार गरेपछि बेलुका साँझ परेकाले बास बस्ने निधो गरे र बास बसे। यसरी बेलुकी जम्मा हुँदा आआफ्नो समूहको रेखदेख गर्ने क्रममा सबैको गन्ती गर्दा भाइ सुनुवारको भाइ वा बहिनीलाई भोग दिइएको हुँदा त्यहाँ उपस्थित हुन सकेन। त्यहाँ छलफल हुँदा सप्तकोसीमा भाइबहिनीको भोग दिएर मात्र ढोका खोल्ने भनेको सुनेकाले मैले त भाइलाई भोग दिएँ भाइको यस्तो कुरा सुनेर दाइ आश्चार्यचकित भयो। यसरी त्यहाँ केहीबेर ठुलो झगडासमेत हुन पुग्यो। भाइले दाइलाई यो घटनाको जिम्मेवारी ठान्दै यो अशुभ भएको हुँदा यसको पाप मलाई लाग्दैन भन्दै त्यहाँबाट दाजुभाइ छुट्टिएर अलग-अलग बाटो लागे। यसरी छुट्टिने क्रममा एक भाइ सुनकोसी पछ्याउँदै बाटो लागे भने अर्को भाइ अलग बाटो लागे भन्ने मिथक पाइन्छ। यसरी दाइको समूह र भाइको समूह त्यो चतरा क्षेत्रमा गङ्गाजमुना क्षेत्र हुँदै आएका त्यहाँ आउँदा तीन भाइ भएको र कान्छो भाइ हालको धिमाल जाति भएको भन्ने भनाइ पाइन्छ।

खुवालुङबारे भोगीराज चाम्लिङ (२०७८) भन्छन् : खुवालुङ दुईओटा शब्दबाट बनेको छ। खोलानालालाई बुझाउन किराती भाषामा खुवा शब्द प्रयोग हुन्छ- सतुवा, इखुवा, बुइखुवा इत्यादि र लुङ शब्दले चाहिँ ढुङ्गा र बस्ती दुवैलाई बुझाउँछ। त्यसरी हेर्दा खुवालुङ भनेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खोला-नदीमा भएको ढुङ्गा हो ।

पूर्वी पहाडमा बसोबास गर्ने किराती समाजमा प्रचलित मिथक, विश्वास र मुन्दुमअनुसार अरुण-तमोर र दुधकोसी (पाँच नदी मिसिएको) को त्रिवेणीमा कोसीका बिचमा रहेको ढुङ्गा नै खुवालुङ हो । तर किरात राईहरूमै प्रचलित मिथकले खुवालुङ उत्तरमा हिमालपारि रहेको भनेर पनि सङ्केत गरेको हुनाले प्रथम खुवालुङ हिमालपारि चीन-तिब्बतमा पर्न सक्छ । दोस्रो खुवालुङचाहिँ सप्तकोसीको खुवालुङ हुन सक्छ । यसरी नै भोगीराज चाम्लिङ (२०७८ : १७-१८) पुन :भन्छन् : मुन्दुमी लोककथाअनुसार किरातीका पुर्खा खुवालुङ क्षेत्रबाट बाँडिएका हुन् उहिले-उहिले बसाइँसराइका क्रममा किराती पुर्खा खुवालुङ आइपुगे, तर खुवालुङको ढोका बन्द थियो । पहिलो समूहले खुवालुङ खुलाउन जुरेली चराको भोग दियो । चराको रगत परेपछि खुवालुङ खुल्यो र पहिलो समूहले नदी पार गर्‍यो । लगत्तै दोस्रो समूह आइपुग्यो र आफ्नै भाइ वा चेलीको औँला थोरै चोट पारेर खुवालुङलाई रगत पारिदियो । खुवालुङ खुल्यो उनीहरू पनि कोसी तरे एक भाइचाहिँ खुवालुङ नतरी तराई-मधेसमै बस्यो । मूलत: किरात राईहरूका बिचमा प्रचलित मुन्दुमी मिथकमा यति कुरामा आधारभूत रूपमा समानता छ। तर त्यसरी तर्ने किरातीका पुर्खा को-को थिए भन्नेबारे भने मतैक्य देखिँदैन ।

चाम्लिङ र वाम्बुले राईमा प्रचलित मिथकअनुसार पहिलो पटक खुवालुङ पार गर्नेमा मकुम्बुङ / मुकुलबुङ र हर्कम्बुङ / हर्कलबुङ थिए । उनीहरूको नेतृत्वमा खुवालुङ तरेका थिए, किरात पुर्खाले । उनीहरूका कान्छा भाइ रिब्लबुङ/रिबलबुङचाहिँ खुवालुङ नतरी तराईमै बस्यो । उनका सन्तान धिमाल र थारू हुन् भनिन्छ। यहाँ खुवालुङलाई हर्कबुङ्मा वारिलाप्चो फलेन्दो भन्ने बाहिङ राईहरूको मिथक पनि स्मरणीय छ, जसले किरात पुर्खा हर्कबुङकै स्मरण गराइरहेको छ ।

उता, कुलुङ, सोताङ र पिल्मोङ राईहरूमा प्रचलित मिथकमा खुवालुङ तर्ने पहिलो समूहमा रोदुका सन्तान थिए भन्ने उल्लेख छ। रोदुलाई किरात राईहरूमा रदु, राडु, रोदुङ, रोक्दुङ इत्यादि नामले पनि चिनिन्छ । उनका पाँच भाइ सन्तानमध्ये नदी तर्नेमा मेरात्ती (कोचेमेचे) बाहेक खम्बुहों/ खम्बुहाङ, मेवाहाङ, मेनाहों/मेलाहाङ र लाङ्लेवा थिए । मेवाहाङ राईहरूमा प्रचलित मिथकमा पनि पहिलो पटक खुवालुङ तर्ने किराती पुर्खाको नाम लिँदा लाङ्लेवाबाहेक बाँकी चार जनाको नाम उल्लेख भएको पाइन्छ हालका किरातीहरू यी पाँच भाइका सन्तान-दरसन्तान हुन् । खम्बू र मेवाहाङका सन्तान हालका राई हुन् । मेत्लाहाङका सन्तान लिम्बू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन् लाङ्लेवाका सन्तान हालका सुनुवार (कोइच) हुन् । मेरातीका सन्तान धिमाल, थारू र कोचेमेचे हुन् ।

५.१३ निष्कर्ष

यसरी उपर्युक्त विभिन्न मिथकहरूका आधारमा के भन्न सकिन्छ भने अधिकांश किरातीभित्रका भाषिक समुदायमा खुवालुङको चर्चा पाइन्छ । ओल्लोकिरात क्षेत्रमा बसोबास गर्ने सुनुवार, थामी, थुलुङ, कुलङ, खालिङ, नाछिरिङ, वाम्बुले आदि भाषिक समुदायमा, यसरी नै माझकिरात क्षेत्रमा बसोबास गर्ने साम्पाङ, पुमा, चाम्लिङ, जेरोङ, दुमी, कोयी, बान्तावा, आदि भाषिक समुदायमा र पल्लोकिरात क्षेत्रमा बसोबास गर्ने याम्फू, याक्खा, नेवाहाङ, मेवाहाङ आठपहरिया, लोहोरुङ, बुङ्ला, छिन्ताङ, लिम्बू आदि किरातीभित्रका विभिन्न भाषिक समुदायमा खुवालुङबारेको प्रसङ्ग आउनाले के प्रस्ट हुन्छ भने खुवालुङ र किरातीबिच कुनै न कुनै सम्बन्ध अवश्य छ । यी माथिका विभिन्न भाषामा प्रचलित मिथकहरूको विवरणमा केही भिन्नता भेटिए तापनि सारमा एउटै के देखिन्छ भने ती किराती समुदायहरू हाल बसोबास गरिरहेका क्षेत्रमा विभिन्न समयमा खुवालुङबाटै प्रवेश गरेका हुन् । यी मिथकहरूमा किराती पुर्खाहरू खुवालुङमा आइपुग्दा खुवालुङको ढोका बन्द थियो र भोग (बलि) दिएपछि मात्र ढोका खुल्ला भएको विवरण पाइन्छ । यहाँ विचारणीय कुरा के छ भने हाल किरातीहरूले खुवालुङ मान्दै आएको ढुङ्गा सप्तकोसीका बिच भागमा अवस्थित छ । प्राचीन किरातीहरू त्यो बिच भागबाट वारपार गर्नु त्यति सहज थिएन । हालसम्म पनि वारपार गर्ने निकै कठिन छ । त्यसैले मिथकमा ढोका बन्द थियो र चरा वा शरीरको औंलाको भोग (रगत) चढाएपछि मात्र ढोका खुलेको प्रसङ्ग आउनुको अभिधा (सीधा/सरल) अर्थ खोजेर पक्कै पनि हुन्न । भोग दिनु अर्थात् रगत चढाउनुको लाक्षणिक अर्थ खोज्नुपर्ने हुन्छ । यसको अर्थ के बुझ्न सकिन्छ भने तत्कालीन समयमा त्यस सप्तकोसीको आसपास बसोबास गर्ने किरातीहरू सप्तकोसी पार गरेर त्यहाँ मिसिन आइपुगेका अन्य सहायक नदीहरू पछ्याउँदै जानका लागि निकै प्रयास गर्नुपरेको प्रस्ट हुन्छ ।

वर्तमान समयमा जस्तो पुल, बोट, नाउ, पानीजहाज आदिको विकास नभएको त्यस समयमा रुखको मुढा, रुखको स्याउला/हाँगा, रुखको बोक्रा, बाँस आदिबाट नदी पार गर्ने क्रममा तत्कालीन कैयौं किरातीहरू नदीमा डुबेर बेपत्ता भएको अनुमान गर्न सकिन्छ । यसरी नदी पार गर्नका लागि थुप्रै किरातीहरूको मृत्यु भएको हुनाले त्यसैलाई भोग खाएको वा बलि चढाएको लाक्षणिक अर्थ नै देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी विभिन्न क्षेत्रबाट खास गरेर गङ्गाको तट तथा पहाडी भूभाग तथा हालको भारत र पाकिस्तानका विभिन्न क्षेत्रहरू हुँदै ब्रह्मपुत्र तरेर पूर्वी नेपालको सप्तकोसी क्षेत्रमा आई लामो समयसम्म बसोबास गरेका किरातीहरू त्यहाँबाट खाना, नाना र छानाको खोजी गर्दै अन्य क्षेत्रमा फैलने क्रममा सप्तकोसीबाट त्यहाँ मिसिएको अन्य सहायक नदीहरू पछ्याउँदै उँभो-उँभो जाने क्रममा तमोर नदीलाई पछ्याउने समूह लिम्बू भए, अरुण नदी पछ्याउँदै जानेहरू याम्फू, लोहोरुङ, नेवाहाङ, मेवाहाङ, याक्खा, आठपहरिया आदि बने। यसरी नै दुधकोसी पछ्याउँदै जानेहरू चाम्लिङ, बान्तावा, दुमी, साम्पाङ, जेरोङ, तिलुङ, बाहिङ, कोयी, कुलुङ, थुलुङ, खालिङ, नाछिरिङ आदि बने भने सुनकोसी पछ्याउँदै जानेहरू कोइँच (सुनुवार), थामी, जिरेल, सुरेल, हायु, वाम्बुले, आदि किरात सम्प्रदाय बन्न पुगेको देखिन्छ।

खुवालुङ तर्न नसकेकाहरू भने तराईमा नै बसोबास गर्न पुगे। ती जातिहरू थारू, धिमाल, मेचे, कोचे, राजवंशी आदि हुन् तर यस विषयमा थप अध्ययनको खाँचो देखिन्छ। यी किरात समुदायमा प्रचलित विभिन्न मिथकहरूका आधारमा के भन्न सकिन्छ भने खुवालुङ प्राचीन किरातीहरूको थातथलो र छुट्टिएको प्रागैतिहासिक प्रस्थान बिन्दुसमेत हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय : छ

खुवालुङ र वराह क्षेत्रको सम्बन्ध

६.१ विषय परिचय

हिन्दु धर्ममा देवताहरूको निवास भएको ठाउँलाई शक्तिपीठ भनिन्छ। शक्तिपीठ दुईओटा शब्द मिलेर बनेको हो। शक्तिको अर्थ बल, पराक्रम, तागत, ऊर्जा, सामर्थ्य हो भने पीठको अर्थ आसन, बस्ने ठाउँ, देवासन, वेदो आदि हो। यसरी 'शक्ति' र 'पीठ' मिलेर बनेको शब्दको अर्थ शक्तिशाली देवता बस्ने ठाउँ, आध्यात्मिक केन्द्र, आदिलाई बुझिन्छ। नेपाल आध्यात्मिक क्षेत्रमा निकै समृद्धशाली मुलुकका रूपमा लिइन्छ। यहाँ हिन्दु, किराती, बौद्धमार्गीहरूको थुप्रै शक्तिपीठहरू छन्। ती विभिन्न शक्तिपीठहरूमध्ये हिन्दु धर्मावलम्बीहरूको अत्यन्तै महत्त्वपूर्ण शक्तिपीठ हो 'वराह क्षेत्र।'

वराह क्षेत्र नेपालको एक नम्बर प्रदेशअन्तर्गत सुनसरी जिल्लाको उत्तर-पश्चिम सिमामा पर्दछ। यही पीठको नामबाट हाल वराह क्षेत्र नगरपालिकाको नामकरण गरिएको छ। वराह क्षेत्रको उत्तरपूर्वमा बग्ने कोकाखोलाले सुनसरी र धनकुटा जिल्लालाई छुट्याएको छ भने वराह क्षेत्रको काखबाट सप्तकोसीले सुनसरी र उदयपुर जिल्लालाई छुट्याउनें काम गरेको छ। वराह क्षेत्रदेखि करिब आठ किलोमिटर दक्षिणमा सुनसरीको चतरा बजार रहेको छ। हाल वराह क्षेत्र भनेर सप्तकोसीको डिलमा कोकाखोलासँग जोडिएर रहेको सानो ढिस्कालाई मात्र बुझिन्छ, तर प्राचीन समयमा भने यसलाई बृहत्तर रूपमा बुझिन्थ्यो। वराह पुराणले चर्चा गरेका त्यस वरपरका तीर्थहरू बृहत्तर वराह क्षेत्रअन्तर्गत नै पर्दथे। पछि लेखिएका पुराणहरूले वराह क्षेत्रको फैलावट फरक-फरक बताएको पाइन्छ। वराह पुराणले बृहत्तर वराह क्षेत्रअन्तर्गत पूर्वमा सुनसरीको विजयपुर, दक्षिणमा भारतको पूर्णिया, पश्चिममा धनुषाको जलेश्वर र उत्तरमा धनकुटासम्मको क्षेत्रलाई वर्णन गरेको पाइन्छ। तर पछिल्ला समयमा पनि सामान्यतः वराह क्षेत्र आसपासमा पूर्वतर्फ विष्णुपादुका,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
दक्षिणमा चतरा, पश्चिममा उदयपुरको मैनामैनी र उत्तरमा धनकुटाको छिन्ताङ, हालको सहिदभूमि गाउँपालिका क्षेत्रलाई समेट्छ।

६.२ प्राचीन संस्कृत वाङ्मयमा वराह क्षेत्र

वराह क्षेत्रको प्राचीनतालाई नियाल्ने हो भने यो शक्तिपीठ विभिन्न राज्यहरूको अधीनमा रहेको देखिन्छ। यस विषयमा सोमप्रसाद खतिवडा (२०६६ : १२३) लेख्छन् :

वराह क्षेत्रमा तीर्थालुहरूलाई आवश्यक पर्ने सुविधाहरूको अभाव धेरै पहिलेदेखि नै रह्यो भने उक्त क्षेत्र बेलाबेलामा विभिन्न राज्यहरूको अधीनमा पर्न गएकाले दिगो रूपमा कुनै पनि राज्यले वराह क्षेत्रको विकास गर्ने चासो देखाएनन्। सुरुमा मिथिला, त्यसपछि क्रमशः काठमाडौं उपत्यका, बङ्गाल, सिम्रौनगढ, मकवानपुर, चौदण्डी, मोरङ हुँदै पछि उक्त स्थान बृहत्तर नेपालमा गाभिएको थियो। कुनै समयमा सिक्किमको समेत अधीनमा परेको उक्त स्थान मध्यकालको उत्तरार्धतिर विजयपुर राज्यअन्तर्गत परेको देखिन्छ। यसै क्रममा नेपाल एकीकरणपश्चात् वराह क्षेत्र पनि बृहत्तर नेपालमा गाभिन पुग्यो।

वराह क्षेत्रको प्राचीनता र ऐतिहासिकताको बारेमा विभिन्न प्रकारको मौखिक तथा लिखित सामग्रीहरू प्राप्त गर्न सकिन्छ। सबैभन्दा पहिले यस क्षेत्रमा पुगेका मानव जाति किरातीहरूमा यसबारेको मौखिक सामग्रीहरू प्रशस्त मात्रमा पाइन्छ भने पछि आर्यहरूको प्रवेशपछि विभिन्न लिखित सामग्रीहरूसमेत प्राप्त गर्न सकिन्छ। यसरी लिखित रूपमा वराह क्षेत्रबारे उल्लेख गर्ने पहिलो ग्रन्थ महाभारत हो। यस ग्रन्थमा वराह क्षेत्रलाई कोकामुखतीर्थका रूपमा चर्चा गरेको पाइन्छ। महाभारत-कालपछिसम्म पनि यो क्षेत्रलाई कोकामुखतीर्थकै रूपमा लिएको देखिन्छ। पुराणहरूको लेख्य रूप प्राप्तपछि भने वराह क्षेत्रको नामले चिनिन थालेको देखिन्छ। यस विषयमा सोमप्रसाद खतिवडा (२०६६ : १३८) लेख्छन् : कोकामुखतीर्थ पौराणिक कालदेखिचाहिँ वराह क्षेत्रका नामले समेत परिचित हुन पुग्यो। त्यसलाई वराह क्षेत्रका नामले परिचित गराउने पहिलो साहित्यिक स्रोत ब्रह्मपुराण हो जसमा कोकामुख र वराह क्षेत्रलाई निम्नानुसार वर्णन गरिएको छ :

वराहद्रंष्टासंलग्ना : पितर कनकोज्ज्वाला : ।
कोकामुखे गतमया : कृत देवेन विष्णुना ॥

ब्रह्मपुराणको यस प्रसङ्गमा वराहको दाँतमा अल्झिएका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुवर्णस्वरूप पितृलाई भगवान् विष्णुले भयरहित बनाए भनिएको छ। यसरी हेर्दा के देखिन्छ भने वराह क्षेत्रका बारेमा महाभारत, पुराण आदि प्राचीन संस्कृत ग्रन्थहरूमा विभिन्न प्रकारको ऐतिहासिक विवरणहरू प्राप्त गर्न सकिन्छ।

यसरी वरहा क्षेत्रबारे पौराणिक ग्रन्थहरूमा उल्लेख गरिएको विभिन्न प्रसङ्गहरूका बारेमा मोतीलाल पराजुली (२०७८) लेख्छन् :

दंष्ट्राग्रेणद्धता गौरुदधिपरिवृता पर्वतैर्निम्नगाभिः।
साकं मृत्पिण्डवत्प्राग्वृहदुरुवपुषाऽनन्तरूपेण येन॥
सोऽयं कंसासुरारिर्मुरनरकदशास्यन्तकृत्सर्वसंस्थः।
कृष्णो विष्णुः सुरेसो नुदतु मम रिपुनादिदेवो वराहः॥ (वराह पुराण)।

अर्थात् समुद्र, पर्वत एवम् नदीहरूले घेरिएकी पृथ्वीलाई जसले दाँतको अघिल्लो भागमा राखेर माटाको सानो डल्लालाई जस्तै गरेर उठाएका थिए, ती कंस, मुर, नर्क तथा रावण आदि असुरहरूको अन्त गर्नेवाला कृष्ण एवम् विष्णुका रूपमा सबै प्राणीहरूमा व्यप्त देवदेवेश्वर आदिदेव वराहले मेरा सबै शत्रुरूपी बाधाहरू नष्ट गरिदिउन्।

वराह क्षेत्र नेपालको प्रदेश न. १ मा रहेको कोसी र तमोर नदीको सङ्गमस्थल हो। यो क्षेत्र सुनसरी जिल्लाको उत्तरी सिमा, भोजपुर जिल्लाको दक्षिणी सीमा, धनकुटादेखि पश्चिम र उदयपुरदेखि पूर्व यति चार क्षेत्रको सङ्गमस्थल एवम् सुनकोसी नदी र तमोर नदी आदि सातओटा नदीको सङ्गम स्थल वराह क्षेत्र हो। यस क्षेत्रमा सातओटा नदीहरू - इन्द्रावती, तामाकोसी, भोटेकोसी, खिम्ती, दूधकोसी, अरुण नदी र तमोर नदीको संयोग रहेको पाइन्छ। त्यसैले यस नदीलाई सप्तकोसी पनि भनिन्छ। यस क्षेत्रलाई वराह क्षेत्र, सुकर क्षेत्र, वराहकूट पर्वत , कोकामुखक्षेत्र र साम्रमती नदी आदि नामबाट पनि परिचय गराइएको पाइन्छ। यो क्षेत्र आर्यावर्त तथा भारतीय उपमहाद्वीपमा रहेका उत्कृष्ट एवम् पवित्रतम तीर्थभित्र पर्दछ।

हिरण्याक्ष दैत्यले पृथ्वीलाई रसातलमा लगरे पानीभित्र डुबाएर राखेपछि स्वर्गमा आतङ्क मच्चाउन थाल्यो। पृथ्वीले भगवान् विष्णुसँग आफूलाई उद्धार गर्न प्रार्थना गरिन्। भगवान्‌ले आफूले पृथ्वीको उद्धार गर्ने वचन दिनुभयो।

भगवान् विष्णु अङ्गुष्ठ -(बुढीऔलो) को आकारमा सानो वनेल बनेर ब्रह्माको नाकबाट बाहिर निस्कनुभयो। त्यो बनेल बढ्दै बढ्दै हात्तीजत्रो भयो अनि फेरि बढ्दै पहाडजत्रो आकृतिमा रूपान्तरित भयो। यो सूकर आकृतिमा भगवान्‌ले स्वरूप लिनुभयो, कुनै कार्यसम्पादन गर्नु छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
होला भनी ब्रह्मा र ऋषिहरूले भगवान् विष्णुको स्तुति गरे । भगवान् विष्णु वराहको स्वरूप लिएर समुद्रका गर्भमा जानुभयो, रसातल पुग्नुभयो र आफ्नो दारामा पृथ्वीलाई राखेर बाहिर निस्कन लाग्नुभयो । राक्षसराज हिरण्याक्षले भगवान् वराहसँग युद्ध गर्न थाल्यो । दुवैका बिचमा घनघोर युद्ध भयो । भगवान्ले हिरण्याक्षलाई मार्नुभयो र पृथ्वीको उद्धार गर्नुभयो । पृथ्वीको उद्धार गरेपछि भगवान् वराह क्षेत्र (कोसीनदीको सङ्गम) मा अवतीर्ण हुनुभयो । पृथ्वीको उद्धार गरेर त्यही क्षेत्रमा सदेह निवास गर्नुभएको हुँदा त्यस क्षेत्रलाई वराह क्षेत्र भनिन्छ । यस क्षेत्रको महिमा गाउँदै ब्रह्मपुराणमा भनिएको छ :

वराह दर्शनं पुण्यं पूजनं भुक्तिमुक्तिदम् ।
कोका सलिलपानं च महापातक नाशनम् ॥
तीर्थेष्वाप्लवनं पुण्यं मुपबासश्च स्वर्गदः ।
दानं अक्षयमुदितं जन्ममृत्यु जरापहम् ॥ ब्रह्मपुराण, अध्याय ११०)

अर्थात् वराहको दर्शन गर्नाले पुण्य प्राप्ति हुन्छ । वराहको पूजा गर्नाले भुक्तिमुक्ति पाइन्छ । कोकानदीको पानी पिउनाले महापातक नाश हुन्छन् । कोकाको पानीमा डुबेर नुहाउनाले पुण्य प्राप्त हुन्छ । यस क्षेत्रमा उपबास बस्नाले स्वर्गप्राप्ति हुन्छ । यहाँ दान गर्नाले जन्म, मृत्यु र बुढोपनबाट मुक्ति प्राप्त गरी अक्षय फल प्राप्त हुन्छ (पराजुली : २०७८) ।

यसरी नै कोसी नदीको उत्पत्ति सम्बन्धमा विभिन्न पुराणहरूमा भएको विवरणबारे पराजुली ऐ. भन्छन् :

कोसी नदी वराह क्षेत्रको मुख्य नदी हो । तपस्यारत पार्वतीको शरीरबाट पसिना आउँदा तिनै पसिनाबाट कोसी नदी बनेको हो भन्ने पौराणिक मान्यता पाइन्छ । यस नदीमा सुरुमा कुशिक मुनिले तपस्या गरेका हुँदा उनैको नामबाट कौशिकी भन्ने नाम रह्यो र त्यसैको तद्भव रूप कोसी हुन गयो । यस नदीमा सातओटा नदीहरू मिसिएकाले यसलाई सप्तकोसी भनिन्छ । यी नदीहरूमध्ये केही नदी नेपालका हिमालबाट र केही नदी चीनको तिब्बती क्षेत्रबाट उत्पत्ति भई नेपालको हिमाली भेग हुँदै दक्षिण बग्दै वराह क्षेत्रमा जम्मा हुन्छन् र त्यहाँबाट नेपालको तराई भाग हुँदै भारततिर बग्दछन् । यी नदीहरूको उत्पत्ति कसरी भयो भन्नेबारेमा पुराणमा केही चर्चा गरिएको पाइन्छ । त्यसलाई सङ्क्षिप्त रूपमा तल प्रस्तुत गरिन्छ ।

स्कन्दपुराणको हिमवत्खण्डको ४० औं अध्यायमा कोसी (कौशिकी) नदीको उत्पत्तिसम्बन्धी आख्यान पाइन्छ । हिमालयका विभिन्न टाकुरा (पहाड) हरूमा पार्वतीले तपस्या गर्नुभएको र तपस्याकै क्रममा शरीरबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निस्केका पसिनाबाट विभिन्न नदीहरू बनेको कुरा यस अध्यायमा वर्णन गरिएको छ । यहाँ त्यसको सारांश प्रस्तुत छ ।

अगस्त्यमुनि सोध्नुहुन्छ - हे कुमारजी ! कौशिकी (कोसी) र गण्डकी नदीको उत्पत्ति कसरी भयो ? विस्तारपूर्वक भन्नुहोस् । कुमारजी भन्नुहुन्छ - हे अगस्त्यमुनि ! मैले पिताका मुखबाट सुनेको उमा (आमा) ले पञ्चाग्निताप व्रत गर्नुभयो । नीलकण्ठ दहनजिकै चारओटा कुण्ड बनाई ती कुण्डमा आगो बाली आफूबिचमा बसी पञ्चाग्नि तापी देवताहरूको पूजा गर्नुभयो । चार वर्षसम्म यसरी व्रत बस्नुभयो । यसरी व्रत तथा तपस्या गर्दा उहाँको शरीरका विभिन्न अङ्गबाट पसिना बग्न थाले । तिनै पसिनाबाट सप्तकोसी तथा सप्तगण्डकीको उत्पत्ति भएको हो । यसै क्रममा हेमकूटपर्वतमा आमाले कुशिकनामक तपस्वीलाई दान दिनुभयो । यहाँ पैतालाबाट पसिना निस्की बग्न थाले । तिनै कुशिक कौशिक वा कोसी नदी हुन् । कौशिक ऋषिले कोसी नदीको प्रार्थना गरे । जलदेवी प्रकट भएर कुशिकको इच्छाबमोजिम नदीको नाम कौशिकी रहने वरदान दिइन् । हिमालको टाकुरामा पार्वतीको चिउँडोबाट पसिना खस्यो र नदी बन्यो । त्यहाँ सनतकुमारलाई पार्वतीले दान दिनुभयो । ताम्रवर्ण भएकी नदीलाई सनतकुमारले प्रार्थना गरे । ती नदी तामाकोसी नामले प्रसिद्ध भइन् । पार्वती हिरण्यशेखरनामक पहाडमा जाँदा ओठबाट पसिना खस्यो र पहेँलो वर्णकी सुनकोसी नदी बगिन् । त्यहाँ सनातन ऋषिलाई पार्वतीले दान दिइन् । त्यसपछि पार्वती उच्च शिखर भएको पहाडमा गइन् । त्यहाँ आँखाका कोसबाट पसिना खसे र दुधकोसी नदी बगिन् । त्यहाँ सनन्दनमुनिलाई पार्वतीले दान दिइन् ।

त्यसपछि चाँदीको खानी भएको हिमालको टाकुरामा पार्वती गइन् । त्यहाँ उनको गलाबाट पसिना खस्यो । त्यसबाट अरुणनामक नदी बगिन् । त्यहाँ सनकमुनिलाई पार्वतीले दान दिइन् । त्यसपछि पार्वती धातुको खानि भएको धातुकूट पर्वतमा गइन् । त्यहाँ सनकमुनिलाई दान दिइन् । त्यहाँ अलक (टाउकाको कपाल) बाट पसिना बग्यो र भोटेकोसी नदी बन्यो । कुशको बारी भएको हिमालमा निधारबाट पसिना बग्यो र खिम्ती नदी बन्यो । त्यहाँ ब्रह्मज्ञानी मुनिलाई पार्वतीले दान दिइन् । यसरी सातओटा धारा भएर सप्तकोसी नदीको उत्पत्ति भएको हो । यी सात धाराहरूको नाम यस प्रकार छ - शुभश्रवा, पापघ्नी, भद्रावती, महाप्रभा, वरदा, दुःखघ्नी र सत्यवाहिनी । यी सातओटै क्षेत्रमा देवीहरूले आफ्नो शक्ति स्थापना गरेका छन् - दुर्गा, नारायणी, चण्डी, शिवदूती, कपर्दिनी वराही, वराही र गौरी । यी क्रमैसँग कौशिकी नदी हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी पार्वतीले तपस्या गरेका सात ठाउँबाट बगेका पसिनाहरू सात नदी भई कोसीमा मिसिन पुगेका हुँदा यिनलाई सप्तकोसी भनिन्छ। यी नदी निकै पवित्र मानिन्छिन्। यी नदीका कुनै पनि सहायक नदीमा स्नान, तर्पण, श्राद्ध, देवदर्शन र दान गर्नाले अक्षय पुण्य प्राप्त हुन्छ भन्ने शास्त्रीय मान्यता रहेको छ।

कौशिकी नदीमा नुहाउनाले चिताएको फल पाइने, मुक्ति हुने, श्राद्ध गर्नाले पितृहरू तृप्त हुने र मोक्षप्राप्त हुन्छ। उहिले मृकण्डु ऋषिका छोरा मार्कण्डेयले कोसी नदीमा पितृहरूलाई तर्पण दिएर श्राद्ध गरेका थिए। त्यसको प्रभावबाट तृप्त भएका पितृहरूले उनलाई चिरञ्जीवी हुन आशीर्वाद तथा वरदान दिएको थिए र उनी अष्टचिरञ्जीवी भित्र पर्दछन्। कोसी नदीका सातै नदीहरू आआफ्ना विशेषताले युक्त छन्। यी नदीका विशेषता र प्रभाव यस प्रकार छन् :

हरितकान्ति नदी : चतुर्दशी तिथिमा स्नान गर्नाल सबै प्रकारका फल दिने।

पीतवहा नदी : औंसी तिथिमा स्नान गर्नाले मुक्ति प्रदान गर्ने।

ताम्रकान्ति नदी : अष्टमी तिथिमा स्नान-दान गर्नाले सौभाग्य प्राप्त हुने।

दूग्धकान्ति नदी : नवमी तिथिमा स्नान गर्नाले सौन्दर्य प्राप्त हुने र स्वर्गप्राप्ति हुने।

अमृतवाहिनी नदी : एकादशी तिथिमा स्नान गर्नाले वैकुण्ठ प्राप्त हुने।

कृष्णकान्ति नदी : द्वादशी तिथिमा स्नान गर्नाले स्वर्गको राजा हुन पाइने।

व्योमधारा नदी : पूर्णिमा तिथिमा स्नान गर्नाले स्वर्ग प्राप्ति हुने र मोक्ष प्राप्ति हुने।

यसरी सप्तकोसी नदीमा स्नान, तर्पण, श्राद्ध, देवदर्शन र दान गर्नाले अक्षय पुण्य प्राप्त हुन्छ भन्ने शास्त्रीय मान्यता रहेको पाइन्छ। (हिमवत्खण्ड, ४३ अध्यायं)

वराह क्षेत्रको उत्पत्ति सम्बन्धमा पं. योगेश (२०७३ : ३३-४४) अनुसार :

श्रीमद्भागवतमा वर्णित वराहभगवान्‌को कथा मैत्रेय ऋषि भन्दछन् - हे विदुर।

यदा स्वभार्यया साकं जातः स्वायम्भुवो मनुः। प्राञ्जलिः प्रणतश्चेदं वेदगर्भमभाषत ॥ ३-१३-६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्माबाट उत्पन्न स्वायम्भुव मनु र शतरूपाले जन्म लिनासाथ हात जोडेर ब्रह्मासँग भने-

हे पिताजी ! हामीलाई यस्तो कुनै कामको जिम्मा दिनुहोस्, जो गर्नाले यो लोकमा हाम्रो कीर्ति तथा परलोकमा सद्गति होस् ।

मनु-शतरूपाको वचन सुनेर ब्रह्माले भने- हे पुत्र ! हे पुत्रबधू। सन्तानका लागि त्यही नै परम धर्म हो, जुन कुराले माता-पिताको सेवा होस् । भगवान्‌को पूजा गर्दा धर्म हुन्छ,

तर माता-पिताको सेवा गर्दा त परम धर्म हुन्छ। हे बाबुहो ! अब तिमीहरूले मेरो आज्ञाअनुसार मैथुनधर्मद्वारा पृथ्वीमा सन्तान उत्पन्न गर्दै धर्मपूर्वक तिनीहरूको पालन गर । यज्ञद्वारा श्रीहरिको आराधना पनि गर ।

ब्रह्माको यस्तो आज्ञा सुनेर मनु-शतरूपाले भने– पिताजी ! हामी हजुरको आज्ञा पालन गर्दछौँ । तर हाम्रा लागि हजुरले दिनुभएको स्थान पृथ्वी अहिले जल अर्थात् आकाशगङ्गामा डुबेर हराएकी छन् । अतः पहिले पृथ्वीको उद्धार गरेर हामीलाई दिनुहोस् ।

मनु-शतरूपाको कुरा सुनेर ब्रह्माले मनमनै विचार गरे- अहो ! म ब्रह्माण्डभित्र भएका अन्य लोकको रचनातिर लाग्दा पृथ्वी आफैँ आकाशगङ्गारूपी जलमा डुबेर हराउन पुगिछन् । अब यिनको खोजी गरेर ल्याउन केवल भगवान्‌ले मात्रै सक्नुहुन्छ । अतः म भगवान्‌कै शरणमा जान्छु ।

यस्तो सोचेर ब्रह्माले भगवान् नारायणको आराधना गरेँ । त्यसै बेला

इत्यभिध्यायतो नासाविवरात्सहसानघ ।
वराहतोको निरगादंगुष्ठपरिमाणकः ॥ ३-१३-१८

ब्रह्माको नाकको प्वालबाट स्वयं भगवान् नारायणले हातको औंला बराबरको सानो बँदेलका रूपमा प्रकट भएर क्रमशः बढ्दै विशाल गजराज-समानको रूप धारण गर्नुभयो । विशाल बँदेललाई देखेर ब्रह्मासहित त्यहाँ भएका अन्य लोकनिवासी ऋषिमुनिहरू 'यो बँदेल कहाँबाट आयो ?' भनेर विचार गर्न लागे ।

वराह भगवान् भने मुखबाट घुरघुर शब्द निकाल्दै ब्रह्मलोकबाट आकाशसागरमा फाल हाल्नुभयो । गन्ध सुँघ्दै पृथ्वीको खोजी गर्नुभयो र आफ्नो दारामाथि पृथ्वीलाई अड्याएर जलबाहिर ल्याउनुभयो ।

त्यसै बेला हातमा गदा लिएको हिरण्याक्ष नामको दैत्य भगवान् वराहसँग युद्ध गर्न आएको थियो, भगवान्‌ले त्यसलाई मार्नुभयो र पृथ्वीलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुनः ब्रह्माण्डरूपी आकाशमा नै व्यवस्थित तरिकाले अड्याइदिनुभयो । त्यो बेला ब्रह्मासहित त्यहाँ भएका महर्लोक-निवासी ऋषिहरूले बँदेलरूप भगवान्‌लाई चिनेर स्तुति गर्दै भने :

जित जितं ते जित यज्ञभावन
त्रयीं तनुं स्वां परिधुन्वते नमः ।
यद्रोमगर्तेषु निलिल्युरध्वरा
स्तस्मै नमः कारणसूकराय ते ॥३-१३-३४

हे भगवान् ! हजुरको जय होस् ! हे यज्ञपते । हजुरको जय होस् । वेदमा वर्णन भएको स्वरूप त्यागेर पृथ्वीको उद्धार गर्न बँदेल रूप धारण गर्ने हजुरलाई हामी नमस्कार गर्दछौं । यसरी ऋषिहरूले भगवान् वराहको स्तुति गरे ।

शुकदेव भन्दछन् - हे परीक्षित ! मैत्रेय ऋषिको मुखबाट वराह भगवान्‌को कथा सुनेर विदुरले सोधे- हे मुनिवर ! हिरण्याक्ष दैत्य को थियो ? त्यसको भेट वराह भगवान्‌सँग कसरी भयो ?

मैत्रेय ऋषिले भने- ब्रह्माका अनेक सन्तान थिए । तीमध्ये एकको नाम कश्यप थियो । कश्यपले दक्षका अनेकौं पुत्रीहरूसँग विवाह गरे । तीमध्ये एकको नाम दिति र अर्कोको नाम अदिति थियो । सर्वप्रथम कश्यपले अदितिको गर्भबाट देवताको उत्पत्ति गराएर उनीहरूलाई स्वर्गको राज्य दिए ।

यस कुराले कश्यप ऋषिकी अर्की पत्नी दितिको मनमा ईर्ष्या पैदा भयो । उनले सन्ध्याकालमा गएर कश्यपसँग सन्तानका लागि प्रार्थना गरिन् । कश्यप उनलाई सम्झाउँदै भने- हे दिति ! पुरुषका लागि पत्नी नै आधा अङ्ग मानिएकी छन् । स्त्रीकै काँधमा गृहस्थाश्रमको भार सुम्पेर पुरुषहरू निश्चिन्त भई अन्य कार्यमा लाग्दछन् अन्य आश्रममा रहनेका लागि कठिन मानिएको कामरूपी शत्रुलाई गृहस्थ पुरुषले पत्नीरूपी किलाको सहारा लिएर सजिलैसँग जित्दछन् । पत्नीले धर्म, अर्थ औ कामरूपी त्रिविध पुरुषार्थको सिद्धिमा सहयोग पुऱ्याएर आफूमाथि लगाएको ऋणलाई कुनै पनि पुरुषले सारा उमेरभरि वा अर्को जन्ममा पनि तिरेर सक्तैन । कुनचाहिँ त्यस्तो पुरुष होला जसले धर्म, अर्थ तथा काम आदि त्रिविध पुरुषार्थको सिद्धि गराउने आफ्नी पत्नीको इच्छा पूरा नगरोस् । हे देवी ! म अवश्य तिम्रो इच्छा पूरा गर्ने छु । तर अहिले सन्ध्याकाल चल्दै छ । सन्ध्याकालमा सूर्य, चन्द्र एवम् अग्निरूप आफ्ना तीन नेत्रद्वारा सबैलाई हेर्दै भगवान् शङ्कर भूतप्रेत आदि गणहरूका साथ घुम्नुहुन्छ । तसर्थ यो समय गर्भाधानको बेला होइन, केही समय पर्ख ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी ऋषिले अनेक तरहले सम्झाउन खोजे, तर दिति मानिनन्। उनले गर्भाधानका लागि जबरजस्ती गरिन्। उनको हठ देखेर ऋषिले दैवलाई नमस्कार गरेर उनीमा गर्भाधान गराइदिए।

गर्भाधानपश्चात् पतिको हितकारी वचन नमानेको, शास्त्रीय मर्यादाको उल्लङ्घन गरेको तथा सन्ध्याकालमा गर्भाधारण गराएकोमा दितिलाई पश्चात्ताप भयो। उनले ऋषिछेउ शिर निहुराएर भनिन्- पतिदेव। मैले हजुरको हितकारी वचन नमानेर शास्त्रीय मर्यादाको उल्लङ्घन गर्दै सन्ध्याकालमा गर्भाधारण गराएँ, यस कुराले भूतभावन भगवान् शङ्कर मसँग नरिसाउन्। म हजुरको शरणमा आएकी छु।

कश्यपले भने- हे चण्डी ! तिमीले असमयमा गर्भधारण गरेकी हुनाले तिम्रो कोखबाट सत्यविरोधी, अत्याचारी दुई पुत्र जन्मिने छन्। तर तिमीले चाँडै आफ्नो गल्ती स्वीकार गरेकी हुनाले अथवा मेरो आशीर्वादले तिम्रा दुवै पुत्रको मृत्यु भगवान्को हातबाट हुने छ। तिम्रो एउटा नाति भने उत्तम गुणले युक्त भगवान्को भक्त हुने छ।

कश्यपको भनाईले दिति खुसी भइन्। दितिले छोराहरू देवविरोधी हुने छन् भनेर गर्भलाई १ सय वर्षसम्म आफैँले धारण गरिन्। गर्भस्थ शिशुको तेजले सूर्य एवम् इन्द्रादि लोकपालहरूको तेज घट्न थाल्यो। देवताहरूले ब्रह्मा भएको ठाउँमा गएर त्यसको कारण सोधे।

ब्रह्माले भने- हे देवताहो। कुनै समय सनकादि ऋषिहरू भगवान् नारायणको दर्शन गर्न वैकुण्ठ गएका थिए। वैकुण्ठको सातौँ ढोकामा भगवान्का द्वारपाल जय र विजयले उनीहरूलाई भित्र पस्न रोके। भगवान्को दर्शन गर्न जान रोकेकोमा सनकादिले रिसाएर भने- तिमीहरू भगवान्का पार्षद् भएर पनि पार्षद् हुन लायक रहेनछौ। तसर्थ तीन जन्मसम्म असुर हुने छौ।

ऋषिको श्राप सुनेर जय-विजयले आफूहरूले गरेका गल्तीका लागि क्षमा माग्दै भने- हे मुनिहो ! हामी हजुरहरूको श्रापले असुर हुने छौँ। तर असुर जुनीमा पनि हामीमा भगवान्को स्मृति बनिरहोस्।

उनीहरूको अनुरोध सुनेर ऋषिहरूले तथास्तु भनेर वरदान दिए। त्यसै बेला आफ्ना द्वारपालहरूले ऋषिहरूको अनादर गरेको थाहा पाएर लक्ष्मीसहित भगवान् नारायण त्यहाँ आउनुभयो। भगवान्लाई देखेर सनकादिले आफूहरूले द्वारपालेलाई श्राप दिएकोमा क्षमा माग्दै त्यसलाई उल्टो गरेर आफूहरूलाई नै असुर बनाइदिन अनुरोध गरे।

भगवान्ले भन्नुभयो- हे ऋषिहो ! मेरा भक्तहरू मेरै स्वरूपका हुन्छन्। यो कुरा नजानेर यी पालेहरूले हजुरहरूको मात्रै नभएर मेरा पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अपमान गरेका छन् । संसारमा सेवकले गरेका गल्तीमा पनि स्वामीकै नाम जोडिन्छ । अतः म यिनीहरूले गरेका गल्तीका लागि हजुरहरूसँग क्षमा चाहन्छु । यी मेरा सेवकहरू पनि हजुरहरूको श्रापले तीन जन्मसम्म असुर भएर फेरि मकहाँ नै आउने छन् ।

यसरी भगवान्‌ले मधुर वचनद्वारा ऋषिहरूलाई प्रसन्न गराएर त्यहाँबाट फर्काउनुभयो र जय-विजयलाई भन्नुभयो- पालेहो । एकचोटि तिमीहरूले लक्ष्मीलाई पनि म भएको ठाउँमा आउन यसै गरेर रोकेका रहेछौ । त्यसै बेला लक्ष्मीले रिसाएर मनमनै श्राप दिएकी थिइन्, जसलाई आज ऋषिहरूले बाहिर ल्याइदिए । फेरि पनि चिन्ता नगर, तिमीहरूको कल्याणै हुने छ । असुर जुनीमा पनि तिमीहरूले मप्रति वैरभाव गरेर अन्त्यमा मलाई नै प्राप्त गर्ने छौ । ! तिमीहरू तीन जन्म असुर हुने छौ भने म स्वयं तिमीहरूको उद्धार गर्न चारओटा अवतार धारण गर्ने छु ।

ऋषिहरूसँग यति भनेर भगवान् आफ्नो महलमा प्रवेश गर्नुभयो । ब्रह्मा भन्नुहुन्छ - हे देवताहो । तिनै जय-विजय नै अहिले सनकादिको श्रापले वैकुण्ठबाट झरेर दितिको गर्भमा प्रवेश गरेका छन् । अतः उनीहरूको तेजले तिमीहरूको पनि तेज फिक्का भएको हो । यसको प्रतिकार मबाट हुन सक्तैन । जसबाट यस संसारको सृष्टि पालन तथा संहार हुन्छ, उनै भगवान्‌ले समय आएपछि समाधान गर्नुहुन्छ, यसका लागि धैर्य गर ।

देवताहरूसँग यति भनेर ब्रह्मा अन्तर्धान हुनुभयो । देवताहरूको शङ्का हरायो र उनीहरू पनि प्रसन्न भएर आ-आफ्ना ठाउँतिर लागे ।

मैत्रेय भन्दछन् - हे विदुर । कश्यप ऋषिको कथनअनुसार दितिले १ सय वर्षसम्म गर्भधारण गरेर अन्त्यमा जुम्ल्याहा पुत्र उत्पन्न गरिन् । त्यो बेला स्वर्ग, मर्त्य, पाताल आदि तीनै लोकमा अनेकौं उत्पातहरू भए । कश्यप ऋषिले तिनीहरूको नाम हिरण्यकशपु र हिरण्याक्ष राखिदिए । उनीहरूले जन्मिनेबित्तिकै लीन भएर ब्रह्माको तपस्या गरेर स्वर्ग, मर्त्य, पाताल आदि तीनै लोकमा अत्याचार गर्न लागे ।

हातमा गदा लिएर एक दिन हिरण्याक्ष युद्ध गर्न स्वर्गलोक पुग्यो । देवताहरू स्वर्ग छाडेर भागे । त्यसपछि उसले ठुलो गर्जन गर्दै समुद्रमा प्रवेश गरेर जलका देवता वरुणको नगरी विभावरीमा पुगेर वरुणलाई युद्धको हाँक दियो । वरुणलाई रिस त उठेको थियो, तर उनले रिस रोकेर भने- हे दैत्यराज ! मैले युद्ध गर्ने काम छाडिसकेको छु । तिमी जस्ता वीर योद्धासँग लड्न सक्ने त केवल भगवान् विष्णु मात्रै हुनुहुन्छ । उहाँ अहिले वराहको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रूपले पृथ्वीलाई आकाशगङ्गाबाट खोजेर ल्याउँदै हुनुहुन्छ। अत: तिमी उनैसँग गएर युद्ध गर। त्यहाँ पुगेपछि तिम्रा सबै घमन्डहरू नाश हुने छन् र चारैतिरबाट कुकुरले घेरिएर वीर-शय्यामा सुत्ने छौ।

वरुणको कुरा सुनेर हिरण्याक्ष पुन: गदा उचालेर वराह भगवान्को खोजी गर्दै जलमा चारैतिर घुम्न लाग्यो। त्यसै बेला उसले दारामा पृथ्वी राखेर आकाशगङ्गाबाट बाहिर आउँदै गर्नुभएको वराह भगवान्लाई देखेर भन्यो, 'अहो ! यो जङ्गली पशु यहाँ कहाँबाट आएछ ? ए पशु। यस पृथ्वीलाई यहीँ छाडेर भाग। यो पृथ्वी ब्रह्माजीले हामी रसातलवासीलाई दिएका हुन्।'

यसो भन्दै हिरण्याक्षले नाना तरहले गाली गर्दा पनि वराह भगवान्ले उसको कु आकाशगङ्गाको नलबाट माथि उठाएर आफ्नो आधार नसुनी पृथ्वीलाई शक्तिद्वारा आकाशमा नै स्थापित गराउनुभयो र त्यसपछि हिरण्याक्षलाई भन्नुभयो :

सत्यं वयं भो वनगोचरा मृगा युष्मद्विधान्मृगये ग्रामसिंहान्।
न मृत्यपाशै: प्रतिमुक्तस्य वीरा। विकत्थनं तव गृह्णन्त्यभद्र ॥
३-१८-१०

अरे नीच ! म साँच्चै तँ जस्ता गाउँको सिंह (कुकुर) लाई खोज्दै घुम्ने जङ्गली जीव हुँ। तँ जस्ता मृत्युपाशमा बाँधिए आफूलाई नै ठुला सम्झने दुष्टहरूको कुरा म सुन्दिनँ।

भगवान्ले यस्ता प्रकारले उपहास गरेपछि हिरण्याक्षले लामो-लामो श्वास फेरेर रिसाउँदै हातको गदा उचालेर वराह भगवान्माथि आक्रमण गऱ्यो। दुवैका बिच भयङ्कर युद्ध प्रारम्भ भयो। युद्ध हेर्न आकाशमा देवताहरू आए। ब्रह्माले भगवान्को स्तुति गर्दै भने- हे प्रभु ! मबाट वरदान पाएर उन्मत्त भएको यस दुष्टलाई हजुरले चाँडै मार्नुहोस्। अब असुरहरूको बल बढाउने सन्ध्याकाल आउन लागेको छ।

ब्रह्माको यस्तो अनुरोध सुनेर वराह भगवान्ले हिरण्याक्षमाथि गदा हान्नुभयो तर त्यसले त्यो गदालाई च्याप्प पक्रेर जमिनमा खसालिदियो। देवताहरूमा हाहाकार मच्चियो। त्यसै बेला भगवान्ले सुदर्शन चक्रको स्मरण गरेर असुरका सबै हतियारहरू नष्ट गराउनुभयो र कन्चटमा मुड्कीले हानेर हिरण्याक्षलाई मार्नुभयो। सबै देवताहरूले भगवान्को स्तुति गर्दै जय-जयकार गरे।

यसरी महापराक्रमी हिरण्याक्षको वध गरेर भगवान् वराह आफूले आकाशगङ्गाबाट खोजेर ल्याएको पृथ्वीमा आफ्ना भक्तहरूको कल्याण गर्न कोका-कौशिकी सङ्गमस्थलको नजिकमा रहेको वराहकूट पर्वतका बिच

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
भागमा सानो मूर्तिको रूप धारण गरेर बस्नुभयो। त्यो यानलाई नै वराह क्षेत्र भनिन्छ।

यसरी हेर्दा के देखिन्छ भने वराह क्षेत्रको उत्पत्तिसम्बन्धी प्राचीन हिन्दु ग्रन्थहरू महाभारत, पुराण आदिमा प्रशस्त मात्रामा चर्चा भएको पाइन्छ। ती प्राचीन ग्रन्थहरूमा प्रस्ट रूपमा किरात र खुवालुङबारे चर्चा नभए तापनि ती ग्रन्थहरूको गम्भीर अध्ययन गर्दा त्यस भेगमा आर्यहरू आउनुपूर्व नै अन्य मानव- समुदायको उपस्थिति भइसकेको प्रस्ट हुन्छ। त्यसरी सर्वप्रथम आउने जाति किराती हुन् भन्ने कुरा पनि ती प्राचीन संस्कृत वाङ्मयको अध्ययनबाट प्रस्ट हुन्छ। त्यसैले के भन्न सकिन्छ भने खुवालुङ र वराह क्षेत्रको अत्यन्त निकट सम्बन्ध रहेको छ।

६.३ वराह क्षेत्रमा बसोबास गर्ने प्रथम मानव–समुदाय

वराह क्षेत्र इलाकामा सर्वप्रथम कुन मानव-समूहको बसोवास भएको थियो भन्ने कुरा एकिनका साथ भन्न सकिने अवस्था त छैन परन्तु महाभारत, पुराण आदि ग्रन्थहरूमा आर्यमूलका जातिहरू त्यस ठाउँमा पुग्दा पहिले नै अन्य जातिहरूको बसोबास भइसकेको र ती रैथाने जातिहरूसँग सम्पर्क भएको, युद्ध भएको आदि विभिन्न प्रसङ्ग आउनुले आर्यहरू वर्तमान वराह क्षेत्रमा पुग्नुभन्दा अगावै वा महाभारत, पुराण आदि लेखिनुपूर्वको नै त्यस इलाकामा अन्य जातिको वा अन्य मानव-समुदायको बसोवास भइसकेको पुष्टि हुन्छ। अब यहाँ के सबाल उठ्न सक्छ भने त्यस भए आर्यहरू पुग्नुअगावै र पुराणहरू लेखिनुपूर्व नै त्यस ठाउँमा बसोबास गर्ने कुन मानव जाति थियो त ? यसको सहज र एक मात्र सही उत्तर हुन सक्छ 'किरात।' माथि अघिल्ला अध्यायहरूमा किरातीभित्रका विभिन्न भाषिक समुदायहरूको मिथकलाई नियाल्ने हो भने के देखिन्छ भने किरातीहरू सप्तकोसी र हालको वराह क्षेत्रमा निकै प्राचीन समयमा नै पुगेको प्रस्ट हुन्छ। ढुङ्गेयुग, सिकारीयुगदेखि नै त्यस क्षेत्रमा बसोबास गर्ने किरातीहरू पछि त्यही क्षेत्रबाट सप्तकोसी सहायक नदीहरू पछ्याउँदै हालको ओल्लोकिरात, माझकिरात र पल्लोकिरात क्षेत्रमा फैलिएको देखिन्छ।

महाभारत, पुराणहरूको विभिन्न कथा र प्रसङ्गहरूमा पनि आर्यहरू त्यस इलाकामा पुग्नुअगावै वा संस्कृत वाङ्मयहरू लेखिनुपूर्व नै वराह क्षेत्र र त्यस आसपासका क्षेत्रहरूमा किरातीहरूको यत्रतत्र बसोबास भएको पुष्टि हुन्छ। यही प्रसङ्गमा सोमप्रसाद खतिवडा (२०६६ : ३९) ले हिमवत्खण्डको पुराणको चर्चा गरेका छन् :

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हिमवत्खण्डपुराणले नै विष्णु शर्मानामक एक जना ब्राह्मणको कथा प्रस्तुत गरेको छ, जुन कोकामुखवराह क्षेत्रसँग सम्बन्धित छ। कथाअनुसार कुनै समयमा गङ्गा र यमुना नदीका बिचमा पर्ने ब्रह्मपुरी नगरमा एक जना विष्णु शर्मानामक व्यक्ति बस्तथे। एक पटक उनले विरक्त भएर घर-परिवार छाडी तीर्थ घुम्दै हिँड्दा काशीमा कौशिकीमाहात्म्य सुने। त्यसबाट प्रभावित भएर विष्णु शर्मा कौशिकी किनारमा आएर स्नान गरी हरिभजन गर्दै हिँड्न लागे त्यसै बखत म्लेच्छहरूले विष्णु शर्मालाई भेटे र मार्नका लागि समाए। तर उनीहरूको र नाइके भिल्लुनामक म्लेच्छले ती ब्राह्मणसँग आफ्नी छोरीको विवाह गराइदिएर उनलाई दास बनाई राख्ने विचारले मार्नबाट जोगाए।

भिल्लुले विष्णु शर्मालाई आफ्नो घरमा लगी छोरी सुबदनीसँग विवाह गरिदिए। सुबदनीसँग विवाह भएपछि विष्णु शर्मा पनि भिल्लुकै घरमा बस्न लागे त्यसपछि म्लेच्छहरूका सङ्गतका कारण उनी व्याधा भएर हिँड्न लागे। समय बित्तै जाँदा एक दिन कार्तिक पूर्णिमाको रात ती ब्राह्मणले टाढा कतै मृदङ्ग बजेको ताल र मिठामिठा गीतका स्वर सुने। उनले त्यसको कारण सुबदनीसँग सोध्दा हरेक द्वादशीमा त्यस पर्वतमा त्यस्ता ताल र स्वर सुनिने र त्यसलाई हेर्न जाने म्लेच्छहरू त्यतै विलीन हुने कुरा उनीबाट थाहा पाए। वास्तवमा विष्णु शर्मा ब्रह्मज्ञानी थिए। तसर्थ उनले वराह पर्वतमा वराह विष्णु रहेको र त्यहींबाट त्यस्तो आवाज आएको थाहा पाए। उनलाई विष्णुको दर्शन गर्न मन लागेकाले विष्णु शर्माले कोसीमा नुहाए र वराह पर्वतमा गएर वराह विष्णुको पूजा गरे। यसबाट वराह विष्णु प्रसन्न भएर उनलाई वरदान दिए। उनको वरदानअनुरूप विष्णु शर्मा एकहत्तर युगसम्म इन्द्र भई त्यसपछि विष्णुमा लीन हुन पुगे। यस पुराणमा वराह पर्वतमा देवताको सभा हेर्न जाने म्लेच्छहरूसमेत विलीन हुन्थे भनी त्यसबाट उनीहरू मोक्ष हुने गरेको सङ्केत गरिएको छ।

यसरी नै खतिवडा (ऐ.) लेख्छन् : स्थानीय किंवदन्तीअनुसार कोसीकिनारमा र कोकाखोलाको सिरानमा पर्ने "सिद्धाश्रममा तपस्या गरी बसेका ऋषिमुनिहरूलाई सुबाहु र उसका सेनाले दुःख दिएपछि विश्वामित्रले राम र लक्ष्मणसँग सहयोग मागेका थिए। विश्वामित्रको आग्रहअनुरूप राम र लक्ष्मण ती स्थानमा गएर सुबाहु र उसका सेनालाई मारी ऋषिमुनिहरूको रक्षा गरे। त्यसपछि उनीहरू त्यहाँबाट अयोध्यातिर लागे भन्ने कथा छ अयोध्यातिर फिर्ने क्रममा उनीहरू एक रात चतरा दक्षिणमा धुनी बालेर बास बसेका थिए, जुन स्थानलाई रामधुनी भनियो भन्ने स्थानीय किंवदन्ती निर्माण गरिएको पाइन्छ। उक्त किंवदन्ती रामायण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
महाकाव्यबाट लिइएको भए पनि रामायणमा चतरा, बयरवन र रामधुनीसम्बन्धी विवरण नपाइने हुनाले यसलाई स्थानीय मानिसहरूद्वारा जोडिएको किंवदन्ती मात्र मान्न सकिन्छ, जसका बारेमा छुट्टै प्रसङ्गमा चर्चा गरिएको छ ।

विभिन्न पुराणहरूको प्रसङ्ग कोट्याउँदै पुराणको कथाबारे सोमप्रसाद खतिवडा (२०६६ : ३७-३८) लेख्छन् : ब्रह्मपुराणको कथाअनुसार कामदमनले आनिध्रलाई सुनाएको कथाअनुसार सुतपा कोकामुखको जलमा डुबेपछि उनी चाण्डालपुत्री भएर जन्मन पुगिन् । उनको सुबाहुनामक एक चाण्डालसँग विवाह भयो र तिनीहरूबाट दुईओटा अन्धा छोरा र एउटी बहिरी छोरी जन्मे । चाण्डालपुत्रीलाई सुबाहुप्रति असन्तुष्टि र जीवनमा कष्ट भएकाले एक दिन उनी पानी लिन कोकाखोलामा जाँदा त्यहीं डुवेर प्राण त्याग गरिन् । त्यसपछि उनी ब्राह्मणका रूपमा प्रकट भएर खोलाछेउमा उभिइन् । पछि सुबाहु श्रीमतीलाई खोज्दै त्यहाँ गएर खोलाको किनारमा उभिएका ती ब्राह्मणसँग आफ्नी श्रीमतीका बारेमा सोधे । उनलाई सुबाहुप्रति दया लागेकाले ब्राह्मणका रूपमा परिणत भएकी चाण्डालपुत्रीले उनकी श्रीमती जलमा डुबेकी र जीवित नरहेकी बताए । यसका साथै उनलाई पनि छोराछोरीका साथमा कोकाको जलमा डुबेर मोक्ष पाउने सल्लाह दिए । ती ब्राह्मणको सल्लाहअनुसार चाण्डाल पनि छोराछोरीका साथमा कोकाको जलमा डुबी स्वर्ग गए । ब्राह्मणरूपी ती चाण्डालपुत्री पुनः कोकाको जलमा डुबी स्वर्ग पुगिन् र पुनः वैश्य कुलमा जन्मिन पुगिन् । त्यसपछि पुनः कोकामुखमा आत्मा र देहत्याग गरी आफू राजकुमार भएर जन्मेको बताए । आफ्नो पूर्वजन्मको यस्तो कथा सुनाएपछि ती राजकुमारले विवाह नगरी कोकामुखमा जाने र त्यहाँ वराह विष्णुको आराधना गरी मोक्ष प्राप्त गर्ने मनसाय प्रकट गरे । कथाअनुसार, त्यसपछि उक्त राजाले राजकुमारलाई विवाह गर्न करकाप गरेनन् ।

खुवालुङमा बसोबास गर्ने प्रथम मानव-समूह र किरातीहरूको खुवालुङ क्षेत्रमा भएको बसोबासका बारेमा भोगीराज चाम्लिङ (२०७८ : १९-२०) भन्छन् :

एक मिथकले प्रस्ट सङ्केत गरेको छ, प्राचीन कालमा खुवालुङ क्षेत्र किरातीहरूको साझा थातथलो थियो । सम्भवतः त्यस क्षेत्रमा उनीहरू लामो समय बसोबास गरेका थिए । प्राचीन कालमा सप्तकोसी किनारमा किरातको राजधानी बेल्काकोट थियो र त्यहाँका शासक किरात राजा भीम थिए (जिपी सिंह, रिसर्चेज इन्टू द हिस्ट्री एन्ड सिभिलाइजेसन अफ दी किरात्स, सन् २००८: ३८१-८२) भन्ने तथ्यले पनि यही सङ्केत गरेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खुवालुङ यही बेल्काकोटले समेटेको क्षेत्रमा पर्छ। बेल्काकोटलाई अहिले बेलका भनेर चिनिन्छ। त्यस क्षेत्रमा अहिले पनि बेलकागढीको अवशेष बाँकी छ। आजभन्दा २०-२५ वर्षअघिसम्म पनि गढीको भग्नावशेष थियो, अहिले पनि त्यहाँ माटाका ससाना ढिस्का बाँकी छन्। गढी क्षेत्रमा पुलिकमाला, मट्टीमाला, वाछुइमाला, सिमाला, जिमाला र ताराको गुहु भन्ने ढुङ्गाका माला जस्ता पुरातात्त्विक महत्त्वका वस्तु (आर्टिफयाक्ट) पाइन्थे (कौशल चेम्जोङ, उदयपुरको इतिहास, २०७७: २७१)। अहिले पनि फाट्टफुट्ट पाइन्छन् भन्ने स्थानीयको भनाइ छ। त्यसबाहेक मैनामैनीलगायत स्थल पनि किरातहरूसँग सम्बन्धित छ। खुवालुङ क्षेत्रमै पर्ने अर्को महत्त्वपूर्ण स्थल हो, वराह क्षेत्र। वराह क्षेत्रलाई प्राचीन कालमा किरात भाषामा बहाहाङ भनिन्थ्यो। त्यही बहाहाङ अपभ्रंश भएर वराह क्षेत्र भएको भन्ने भनाइ किरातीमा प्रचलित छ र आठपहरिया राईहरू मृत्युसंस्कार गर्दा पैदल हिँडेर वराह क्षेत्रसम्म पुग्ने गरेका छन्। लोहरुङ राईहरूमा किराती नाम 'बाक' अपभ्रंश भएर वराह हुन पुगेको विश्वास पाइन्छ। यसरी देख्न सकिन्छ, खुवालुङ क्षेत्रभित्र विस्तृत भूगोल समेटिएको छ।

यसरी उपर्युक्त स्थानीय किंवदन्ती, पौराणिक कथा आदिका आधारमा के देखिन्छ भने हालको वराह क्षेत्रमा आर्यहरू पुग्नुअगावै वा महाभारत, पुराणहरू लेखिनुपूर्व नै म्लेच्छ, सुबाहु आदिको प्रसङ्ग आउनु र ती जातिहरू किरात भएकाले पनि सप्तकोसी आसपास क्षेत्रमा पहिलो बसोबास गर्ने जाति नै किरात हो भन्ने पुष्टि हुन्छ। वेदमा किरातीहरूलाई म्लेच्छ, असुर, दस्यु, दास आदिका रूपमा पनि वर्णन गरेको पाइन्छ। 'म्लेच्छ' शब्द अनार्य भाषा बोल्ने, प्रस्टसँग बोल्न नजान्ने, यवन, चीन वा हिमाली क्षेत्रमा बसोबास गर्ने आदिका रूपमा प्रयोग गरिएको पाइन्छ। तर म्लेच्छ किरात जाति हो भन्ने कुरा वैदिक वाङ्मयबाट पुष्टि हुन्छ। यसरी नै महाराजा भगदत्त, सुबाहु पनि किरात म्लेच्छहरू नै थिए भन्ने प्रसङ्ग पनि संस्कृत वाङ्मयमा पाइन्छ। यसरी हेर्दा के देखिन्छ भने सुबाहु म्लेच्छ किरात भएको हुनालो म्लेच्छ किराती भाषा नै हो। यी र यस्ता कैयन् प्रसङ्ग र प्रमाणहरूका आधारमा के भन्न सकिन्छ भने वराह क्षेत्र अथवा सप्तकोसी क्षेत्रका बसोबास गर्ने पहिलो मानव-समुदाय किरात नै हो।

म्लेच्छ को हुन् भन्ने प्रसङ्ग रामचन्द्र राई (२०६६ : ६१) लेख्छन् :

सुबाहु किरात राजा थिए (किरात राज्ञो विषयं सुबाहो :) उनका दाजुभाइ तुगर्तका राजा सुशर्मा थिए जसले राजा विराट्का गाईहरू हरण गरेका थिए। यिनलाई पनि राक्षस भनिएको छ। विक्रमजित हस्रतको अनुसार किरातहरूको सम्बन्ध असिरियाको किरातसँग थियो। किरात

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जातिलाई वेदमा "किलात" तथा "आकुलो" को रूपमा बताइएको छ। यसै गरी म्लेच्छ किराती नै हो भन्ने सन्दर्भमा पुनः रामचन्द्र राई (ऐ.) भन्छन् : किरातहरूलाई म्लेच्छ भनिएको छ। महाराजा भगदत्त किरातहरूका राजा हुन्। उनलाई मत्स्यपुराणमा म्लेच्छहरूका राजा भनिएको छ। महाराजा सुबाहु पनि किरातै हुन्। उनलाई स्कन्दपुराणको हिमवत्खण्डमा म्लेच्छ (असिन्म्लेच्छ : पुराकश्चित्सुबाहुनाम विशृतः) भनिएको छ। गौतम धर्मसूत्रअनुसार पच्पन्न मुलुकहरूलाई म्लेच्छ देश भनिएको छ जहाँ अनार्यहरू वर्णाश्रम र आश्रम व्यवस्था मान्दैनन्।

म्लेच्छ को हुन् भन्ने विषयमा स्वामी प्रपन्नाचार्य (२०५७ : १४६) का अनुसार :

किरातहरूलाई पनि परापूर्वकालमा 'म्लेच्छ' शब्दले पुकार्दथे। उनीहरूको यस इतिहासलाई प्राचीन इतिहासको पाना-पानामा अङ्कित गरेका छन्। सामवेदीय, ताण्ड्यमहाब्राह्मण, अमरकोश, लिङ्गपुराण, हलायुधकोश, मेदिनीकोश, वायुपुराण, मत्स्यपुराण, ब्रह्मवैवर्तपुराण, वाल्मीकि रामायण, महाभारत आदिमा प्राचीन इतिहासमा किरातहरूलाई 'म्लेच्छ' पुकार्दथे भन्ने प्रस्ट उल्लेख भएको पाइन्छ। परन्तु नीच अथवा अछूत वा सानो जातिमा गणना गरेर लेखेको देखिदैन। साथै स्वयं किरातहरू पनि विद्वान्, कवि, ऋषि, मुनि र लेखक, विचारक थिए। त्यसैले आफूले होचिने लेख लेख्दैनथे। लेखाउँदैनथे। यो अवश्य छ कि जातिसम्बन्धी रागद्वेष उत्पन्न हुन थालिसकेका थिए।

यसरी नै किरात राजा सुबाहुका बारेमा स्वामी प्रपन्नाचार्य (२०५७ : १६७) भन्छन् :

पाँच हजार वर्षपूर्व वर्तमान गढवालमा किरात राजा सुबाहुको राज्य थियो किरात राजा सुबाहुको राजधानी वर्तमान गढवालको पुरानो राजधानी श्रीनगरमै थियो किरात राजा सुबाहुको राज्यशासन समाप्त भएपछि पनि फाटाकफुटुक शासकहरू थिए। तर उनीहरूको इतिहास स्थिर रहन सकेन। किरात राजा सुबाहुको इतिहास कपोलकल्पित होइन। आजभन्दा अर्थात् इसापूर्व तीन हजार वर्षपूर्वको इतिहासमा प्रस्ट छ। अर्थ ततः त्यसपछि क्रमेण क्रमैले, यथागतेन पथा- जुन बाटोबाट आएका थिए, समग्रा नवीरा = सम्पूर्ण नरहरूमा उत्तम वीरहरूले मुखिनो मास बिहत्य सुखपूर्वक एक साग बिताएर बदर्या वर्तमान बदरिका क्षेत्रमा किरातराजो सुबाहोः विषय उपययुः किरात राजा सुबाहुका देशमा (गढवालमा) गए। यहाँ किरात इतिहास लेख्दा 'किरातराज्ञो सुबाहो' विषय बदर्याम् उपययु' अर्थात् किरात राजा सुबाहुको विषय देश बदरिकाश्रमतिर ती वीरहरू गए

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने शब्दार्थले किरात इतिहास प्रस्टिएको छ, जसलाई आजको गढवाल प्रान्त भनिन्छ त्यस गढवालको आधुनिक राजधानी बानपुर, श्रीनगर, पौडी तथा टिहरीमा पुगेपछि गढवालको राजकाज सकियो। राजाले गर्ने राज्य पनि सिद्धियो। टिहरी गढवालको अन्तिम राजा मानवीन्द्र शाहा थियो ऐले पनि दिल्लीमा छँदै छ। गढवाल ऐले पौडी, चमोली, देहरादून, टिहरी र उत्तरकाशी जिल्लामा बाँडिएको छ। जिल्ला चमोलीभित्र केदारनाथ वदरीनाथ धाम पर्छ भने जिल्ला उत्तरकाशीभित्र यमुनोत्तरी र गङ्गोत्तरी, बुढाकेदार आदि धामहरू पर्छन्। देहरादून जिल्ला गोरखालीहरूले बसोबास गर्ने ठाउँ र अङ्ग्रेजहरूको समयमा 'मन्सुरी' पहाडमा सामान ओसार्ने अड्डा हो। यसै देहरादूनमा गढवालको राजा प्रद्युम्न शाहा गोरखाली वीरद्वारा मारिएका थिए। यसै देहरादूनभित्र पर्ने 'खलङ्गा' को किलाबाट गोरखाली वीर बलभद्रले धावा गर्दा जर्नेल जिलेस्पी मारिएका थिए। देहारादूनकै युद्धले विश्वमा 'गोर्खा' भन्ने शब्द चम्कियो। यसै देहरादून जिल्ला र टिहरी जिल्लासँग लागेको पौडी गढ़वाल छ। वास्तविक पौडी समुद्रतलदेखि लगभग दश हजार फिट उचाइमा छ। अत्यन्त सुन्दर रमणीय ठाउँ छ। पौडीबाट प्रायः सम्पूर्ण हिमालय देखिन्छ। यसै पौडीको फेदमा अलखानन्द नदीको किनारमा आज पनि श्रीनगर सहर बसेको छ। यसमा कमलेश्वर महादेव किरातकालिक स्थापना हो र आज पनि विद्यमान छ। मन्दिरको जीर्णोद्धार कैयौँफेर भएको छ। श्री ५ रणबहादुर र राजेन्द्रका पालाका ताम्रपत्रहरू छन्। पुरानापुराना मन्दिरहरू आज पनि छन्। जलसानन्द नदीको किनारमा धेरै प्राचीन मन्दिरहरू र मूर्तिहरू छन्। तो किरातराज सुवाहका पाठादेखि लिएर वि. सं. ८ शताब्दीको शङ्कराचार्यले स्थापना गरेका मूर्तिहरू पनि छन्।

यसरी नै सुबाहुको हुन् भन्नेबारेमा शर्मा (२०६४) लेख्छन् :

महाभारतकै वनपर्वको १७७/९-१३॥ मा पनि किरातबारे उल्लेख गरिएको पाइन्छ। बदारिकाश्रममा एक महिनासम्म सुखसाथ बसेर विहार गरीवरी उनीहरूले किरात नरेश सुबाहुको राज्यतिर प्रस्थान गरी कुलिन्दको तुषार, दरत आदि धन्यान्य भएका र प्रचुर रत्न सम्पन्न देशहरू नाघेर हिमालयका दुर्गम स्थान प्राप्त गरेर ती नरवीरले सुबाहुको सदर देखे। यसरी नेपालका प्राचीन जाति किरातका बारेमा पुराण (वायुपुराण उ.पा. ४५अ.), स्कन्दपुराण महेश्वर खण्ड ३९/४७, ब्रह्मपुराण २७ अ., हरिवंश पुराण १७८ अ. आदि अध्यायमा किरात जातिबारे प्रशस्त चर्चा गरिएका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वराह क्षेत्र आसपास सर्वप्रथम पुगेर बसोबास गर्ने जाति किराती नै हुन् भन्ने अर्को दुईओटा महत्त्वपूर्ण आधार के छन् भने मैनामैनी मन्दिर र छिन्ताङ देवी मन्दिर। उदयपुर जिल्ला बेलका नगरपालिका वडा नं. ७ मा पर्ने मैनामैनी मन्दिर र धनकुटा जिल्ला सहिदभूमि गाउँपालिका वडा नं. ३ स्थित छिन्ताङदेवी खास नाम ठिगुहाङ्मा छिन्ताङ जालपादेवी मन्दिर प्राचीन समयदेखि नै किरातीहरूले पुज्दै आएका छन् जुन वराह क्षेत्र आसपासमा पर्दछ। मैनामैनी मन्दिरमा मोक्छा थरीका राई पुजारीहरू रहेका छन्। यहाँ राई पुजारी कसरी रहन पुग्यो र मोक्छा पाछा कसरी निर्माण हुन पुग्यो भन्ने सन्दर्भमा यस अनुसन्धाताले स्थलगत अध्ययन गरी सबैसँग बुझ्दा मैनामैनी मन्दिर सेनकालीन मन्दिर हो। हाल पनि यस मन्दिरमा सेनकालीन शिवलिङ्ग र पार्वतीको प्रस्तर मूर्ति छन्। सेनहरूले तत्कालीन किरातीहरूलाई कब्जा गरेपछि यस ठाउँमा एउटा भव्य मन्दिर बनाएर शिवलिङ्ग र पार्वतीको प्रस्तर मूर्ति निर्माण गरे। मन्दिरको पुजारीका रूपमा एक जना ब्राह्मण नियुक्त गरेको बुझिन्छ। उक्त पुजारीले पछि त्यहाँका राई महिलासँग विवाह गरी घरजम गरेको र तिनैका सन्तान हालसम्म पनि मैनामैनी मन्दिरका पुजारी रहेका छन्। ती पुजारीका सन्तानहरूलाई हालसम्म पनि ऋषिका सन्तान भनेर चिन्ने गरिन्छ भने तिनीहरूका पाछालाई मोक्छा पाछा भनिन्छ। राई भाषामा माक्छा भनेको ज्वाइँ हो। यही माक्छा शब्दबाट मोक्छा भएको हो। यसरी हेर्दा के देखिन्छ भने सेनहरू यस इलाकामा आउनुभन्दा सयौँ वर्षअघिदेखि नै यस क्षेत्रमा किरातीहरूको बसोबास भएको प्रस्ट हुन्छ। यसरी नै वराह क्षेत्रको आसपासमा आइपुग्ने पहिलो मानव जाति किरातीहरू नै हुन् भन्ने अर्को प्रमाण धनकुटा जिल्ला सहिदभूमि गाउँपालिका ३ स्थित ठिगुहाङ्मा छिन्ताङ जालपादेवी मन्दिर पनि हो। शक्तिस्वरूपा ठिगुम्हाङमा (छिन्ताङ जालपादेवी) को उत्पत्ति वा स्थापनाको बारेमा खोज अनुसन्धान गर्दा यकिनका साथ यति नै वर्ष भयो भन्न कठिन छ। जनमानसका मनमा अन्दाजसम्म गर्ने गरेको पाइन्छ। यो सम्बन्धमा कुनै पनि लिखित रूपमा अभिलेखहरू राख्ने प्रयास नभएरै पनि अहिले आएर यो समस्याका रूपमा देखिएको छ। विगतका पन्ध्रौँ पुजारी शाखाबोल नाक्छोङ राई र सोह्रौँ पुजारी शेरबहादुर नाक्छोङ राईले लगभग ६००-७०० वर्षअघि नै छिन्ताङ ठिगुम्हाङमा (छिन्ताङ जालपादेवी) को उत्पत्ति भएको कुरा व्यक्त गर्नुभएको थियो यसै गरी अन्य सुन्नेजान्ने बुढापाकाले पनि अन्दाजी वा सुन्दै आएको भरमा लगभग ६००-७०० वर्षकै अवधि भन्ने गरेको पाइन्छ। सोधपुछकै क्रममा हालका पुजारी श्री डगेन्द्र नाक्छोङ राईका अनुसारयो हाम्रो देवी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६००-७०० वर्षअगाडि नै हाम्रा बाजेले ल्याएको हो हाम्रा बाजेहरू धेरै दुःख पाएको देखेपछि माया लागेर देवी आफैँले दर्शन दिई सपनामा देवीले यहाँको हिलोमाटो लैजाऊ भनिन् र उनैले हिलोमाटो मानेको पातमा पोको पारेर ल्याए र त्यहीँबाट नै देवीको उत्पत्ति भएको हो ।"

स्थानीय बिजुवा (वैधाङ) ९६ वर्षीय लाखध्वोज पूमा राईको भनाइमा "हाम्रो बोजु ठिगुम्हाङमा (छिन्ताङ जालपादेवी) करिब ६००-७०० वर्ष पुगेको हुनुपर्छ । उनको पिता बुढाहाङले यस छिन्ताङलाई दाइजो बारी दिएको थियो । यहाँका मान्छे धेरै दुःख पाउने गर्थे र अबदेखि सुख पाओस् भनी देवीले सपनामा भनेपछि नै देवी ल्याइएको हो" भन्दछन् । यसै गरी अर्का एक ८८ वर्षीय मुन्दुमकर्ता (नाङसुवा) श्री डम्बरबहादुर खिक्खाङ राईका अनुसारयो हाम्रो देवी लगभग ६००-७०० वर्ष नै हुनुपर्छ हाम्रा पुर्खाले हम्बोङबाट ल्याएर थान स्थापना गरे । देवीदेवताले अत्यन्तै रुचाएको हाम्रो गाउँ । देवी स्थापना गरेपछि अर्थात् यहाँ देवी बसेपछि सबै कुरा राम्रो हुने भएर नै देवीले बास गरेकी छन् ।

अर्का एक स्थानीय धामी, वर्ष ६९ का श्री वनवीर तुप्रिहाङ राईका अनुसार "यो हाम्रो ठाउँ परमात्मा ठिगुम्हाङमा (जालपादेवी) बोजुको परम पिताले छानेको भएर ठिगुम्हाङमा (जालपादेवी) ले बास गरेकी हुन् । यसको उत्पत्ति लगभग ६००-७०० वर्षपहिले भएको हुनुपर्छ ।"

यसरी नै स्थानीय वा वरपरका सम्बन्धित बुढापाकाको भनाइ तथा किंवदन्तीअनुसार, आजभन्दा ६००-७०० वर्षअगाडि यस छिन्ताङमा जम्मा १२ घरले मात्र बसोबास गर्थे । ती १२ घर सबै नाम्चिहाङ / टुङलुङमी सामेक (गोत्र) का राईहरू कन्दमूल र सामान्य अन्नबाली लगाएर जीवन बिताउने गर्थे । त्यस समयमा बाघ, भालु र डरलाग्दा वन्यजन्तुको ठुलो भय हुन्थ्यो । उनीहरू सबै एकै ठाउँमा अर्थात् सानो जग्गामा बस्दथे, वन्यजन्तुको भय र त्रास हुने हुँदा उनीहरूले देवीदेवतासँग हात जोडी प्रार्थना गर्ने गर्थे । हे भगवान् हामीलाई बचाइदेऊ । यतिसम्मचाहिँ उनीहरूमा चेतना थियो कि हामीलाई देवीदेवताले सधैँ रक्षा गर्छन् । ती १२ घरमा ३ पाछ्राका थिए । एक दिन ती तीन पाछ्राका राईहरूमध्येमा ५ जना नुन, बेसाहा लिन भनी लेकको बाटो हुँदै भोटतिर जानलाई ढाकर बोकी हिँडे । ती पाँच जनामध्येमा २ भाइ माक्टेम्फा र लोलेम्पा नाम गरेका ओडाही पाछ्रा (हाल साङभोङपाछ्रा) का थिए । दुई भाइचाहिँ टेक्टेक्पा र लुक्लुक्पा नाम गरेका नाक्छ्रा-कुन्छ्रा पाछ्राका (हाल तेलेपाछ्रा) का थिए र अर्को एक भाइचाहिँ बुरुलेई/खुक्खाङ/नाक्छोङ) का थिए । ती पाँच जना ढाकर बोकी जाँदाजाँदै हाल सङ्खुवासभाको साबिक आँखीभुइँ गा.वि.स.को

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हम्बोङ/ होम्वुङ भन्ने ठाउँमा बास बस्न पुगेछन्। बास बसेको ठाउँमा राति सपनीमा म होम्बोङ देवी हुँ भनी सारै राम्री सुन्दरी आइमाई बुरुलेईको अगाडि प्रकट भई "तिमी को हौ ? कहाँ हिँडेको ?" भनी मोहनी स्वरमा सोधिन् अनि बुरुलेई नम्रतापूर्वक "म नाम्चिहाङ हुँ, भोटतिर नुन बेसौना हिँडेको हुँ" भनेर व्यक्त गरेछ। त्यति कुरा भएपछि सुन्दरी आइमाईले ए, ल मैले कुरा बुझेँ, तिमी मेरो पिताजीले दिनुभएको दाइजो बारीबाट आएका रहेछौं। तिमीहरू सारै दुःख पाइराखेका छौ, म पनि अब चाँडै आउँदै छु। अब तिमीले यहाँको हिलोमाटो लिएर जाऊ, अहिले म तिमीलाई सबै कुरो पठाइदिन्छु भन्दै हातमा हिलोमाटो राखिदिँदै "यो माटो लगेर तिमी बसेको ठाउँमा शुद्ध मनले मलाई सम्झी धूपबत्तीले पूजा आराधना गर्नू र सके नौसिने सुनपङ्खीले भोग दिनू र तिमीहरूलाई सुख र शान्ति अवश्य मिल्ने छ, म त्याहीँ हुने छु।" भन्दै त्यहाँबाट अन्तर्धान भइन्।

त्यसपछि बुरुलेई निन्द्राबाट ब्युँझिएछ। ब्युँझिएर हेर्दा त हातमा हिलोमाटो रहेको देख्यो र सपनाका सबै कुरा सम्झ्यो। यो माटो केमा राखु भनी बाहिर खोजी गर्दा मानेको सफा पात भेट्टियो र त्यही पातमा पोको पारी गोजीमा हिफाजतले राख्यो, मनमनै सोच्न थाल्यो, निन्द्राकी देवी भागिसकेकी थिइन्। भोलि बिहान सबै साथी उठेर जाने भन्दा बुरुलेई अल्छी मान्दै भनेछ "म आज बिमार छु, जान असमर्थ भएँ, मलाई पनि तिमीहरूले नै सके नुन, बेसाहा ल्याइदेऊ है ! म फर्कन्छु भनी व्यक्त गरे त्यसपछि साथीहरू पनि विस्मात मान्दै तिमी कसरी एक्लै यत्रो लामो बाटोमा फर्कन्छौ भन्दा उनले बिस्तारै हिँड्दै गर्छु भने। त्यसपछि साथीहरू ढाकर बोकी बाटो लागे र उनी पनि साथीसँग छुट्टिएर घर फर्के उनी घरमा सकुशल आइपुगे र गोजीमा राखेको हिलोमाटोको पोको घरको धुरीमा सिउरी राखे, आफ्नो घरपरिवारको रेखदेख र काममा बुरुलेई व्यस्त भए। नुन, बेसाहा लिन गएका साथीहरू पनि केही दिनपछाडि आइपुगेर बुरुलेईलाई पनि नुन, बेसाहा ल्याइदिए। सबै जना आ-आफ्नो घरायसी काममा व्यस्त भइरहँदा छ महिनापछि त सबैलाई रोग-भोकले ग्रस्त पारेछ। ठुलो महामारी नै फैलियो। गाउँका सबै अत्तालिन थाले। विपत्ति पन्छाउनका लागि जोखाना हेराउने सल्लाह गरे। त्यस गाउँमा जान्ने बिजुवा-धामी टेक्टेक्पा थिए, त्यही टेक्टेक्पालाई सबैले जोखाना हेर्न आग्रह गरे। उनले जोखाना हेरिसकेपछि सबैलाई भने, "यस ठाउँका कुनै पनि मान्छेले केही काम विलम्ब गरी बिगार गरेको देखिन्छ है ! अनर्थ हुन लाग्यो।" यत्ति भइसकेपछि सबै १/१ जना गरी प्रत्येक घरको एक ठाउँ भेला भए र छलफल गर्न थाले। कसले के काम विलम्ब गयो भन्ने कुरामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छलफल गर्दा कसैबाट थाहा हुन सकेन। पुनः टेक्टेक्पालाई जोखाना हेर्न आग्रह गरे। आग्रहअनुसार जोखाना हेर्दा "बुरुलेईले नै काम बिलम्ब गरी बिग्रेको देखिन्छ है" भनिसकेपछि बुरुलेईलाई सबैले छिटो भन्न आग्रह गरे तर पनि त्यतिखेर बुरुलेईले केही सम्झन सकेनन्। बुरुलेई आत्तिएर के बोल्ने के नबोल्ने अक्क न बक्क भएपछि मलाई केहीबेर सोच्न देऊ भने र सोच्ने समय दिए। भाग्यवश बुरुलेईले भोटतिर गएको बेला सपनाको कुरा र हिलोमाटो सिउरेको कुरा सम्झिए र डराईडराई भन्न थाले। यत्तिकैमा अर्को एक जनाले त्यो के हो सबै बताऊ भनेपछि उनले वृत्तान्त सुनाए। त्यसपछि सबै जना एक ठाउँ जम्मा भई बृहत् छलफल गरे। उक्त छलफलमा बुरुलेईले बताएअनुसार नौसिने सुनपङ्खीको खोजी गर्नलाई तयारी भई जताततै लागे। माक्टेम्फा ओडाहीले तराईको फाँटमा पुग्दा ठुलो जङ्गलभित्र दुईओटा पक्षी उसका छेउमा उडेर आए। त्यो ओडाहीले आफूले खान भनेर बोकेको चामल अगाडि फालिदिए ती पक्षीले चामल टिप्न थाले अनि ओडाहीले बिस्तारै गरेर पोथीलाई पक्डन सफल भए। त्यसपछि बुद्धिमानपूर्वक भाले पङ्खीलाई पनि समाए। ती पङ्खीहरूको शिर गन्दा नौओटा भेट्टाए र त्यसैलाई पूजा गर्नुपर्‍यो भनी घर लिएर आए। अरू कसैले पनि त्यस्तो फेला पार्न सकेका थिएनन् र सबैको मतअनुसार त्यसैलाई पूजा गर्ने निधो गरे। सबैको सल्लाहअनुसार त्यही बुरुलेईलाई नै पहिलो धूपबत्ती बाली पूजाआजा गर्न सल्लाह दिए। सोहीमुताबिक बुरुलेईले जङ्गलका बिचमा एक्लै डर मानीमानी गएर देवी स्थापना गरे। मानेको पातचाहिँ रुखका कापमा सिउरिए। पछि गएर उक्त रुखको कापमा मानेको बोट उम्रियो। हाल पनि मन्दिरभित्रको अजम्मरी (चाँप) रुखको कापमा सधैँ मानेको बोट उम्रने गर्दछ। यसरी हिलोमाटो स्थापना गरी धूपबत्ती बाली भक्तिभावले पूजा आराधना गरे। उक्त धूपबत्तीको आराधनापछि नौसिने सुनपङ्खी भालेले अलि परबाट बलिभोग पूजा गरे। पूजाबाट ल्याइएका फूलअक्षता सबैलाई बाँडेर र भालेको मासु पकाएर प्रसादका रूपमा सबैलाई घरैपिच्छे बाँडेर खुसीसाथ ग्रहण गरे।

यसरी देवीको पूजा-आराधना गरिसकेपछि त्यस गाउँमा दिन-प्रतिदिन सबै कुराहरू सुधार हुँदै आयो। सम्पूर्ण रोगव्याधि, भोकमरी निर्मूल हुँदै गयो। केही दिन पूजाआजा बन्द भयो र पुनः त्यस ठाउँमा उस्तै गरी समस्या बल्झिन थाल्यो। सबैको ठहरअनुसार दैनिक पूजा सञ्चालन गर्न थाले। उनै बुरुलेईलाई नै पुजारी तोकेर उनी दैनिक आफ्नो पूजा सञ्चालनका नियम पालना गरी सम्पूर्ण मानव जाति तथा जीवजन्तु र वनस्पतिका निमित्त धर्मकर्मको पूजा गर्न थाले। त्यसरी दैनिक पूजा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सञ्चालन हुन थालेपछि त्यस ठाउँका अन्य व्यक्तिहरू पनि पूजाको सामग्री जुटाई आ-आफ्नो आछा-पिछाको लागि पूजा लगाउन आउन थाले, यही क्रम जारी रह्यो र त्यस ठाउँमा सुख, शान्ति र सहकाल आउन थाल्यो। हरेक व्यक्ति र परिवारमै परिवर्तनको आभास मिल्न थाल्यो। देवीप्रतिको पूर्ण विश्वास बढ्दै गएपछि दैनिक रूपमा पूजा सञ्चालन गर्ने परम्परा बसाए। सम्पूर्ण मानव-समाजले दैनिक देवीको पूजा-आराधना गर्नुमा नै हामी सबैको कल्याण हुने कुरामा निर्धक्क भए। हरेक आइतबार र औंसीबाहेक यही क्रमले पूजा गर्ने चलन बसाए।

यसरी यसबाट पनि के प्रस्ट हुन्छ भने किरातीहरू यस सप्तकोसी आसपासमा आएर बसोबास गर्ने प्रथम मानव-समुदाय हुन्।

यसरी विभिन्न लिखित तथा मौखिक सामग्रीहरू पुराण, महाभारत, मुन्दुम, मिथक, कथा, गाथा आदि सामग्रीहरूका आधारमा र किरातीहरूका ऐतिहासिक विवरणहरूका आधारमा के भन्न सकिन्छ भने वराह क्षेत्रमा सबैभन्दा पहिले पुग्ने र बसोबास गर्ने जाति किराती नै हुन्। यो जाति त्यस क्षेत्रमा पुग्नुभन्दा अगाडि कुनै पनि मानव-समुदाय पुगेको तथ्य प्राप्त गर्न सकिँदैन। त्यसैले वराह क्षेत्रमा बसोबास गर्ने पहिले मानव-समुदाय किरात नै हो भन्न सकिन्छ।

६.४ निष्कर्ष

यसरी हेर्दा के देखिन्छ भने खुवालुङ र रदाम्मा/बाराहाङ अर्थात् वराह क्षेत्रको सम्बन्ध अत्यन्त निकट छ। प्राचीन किरातीहरू यस सप्तकोसीको मैदानी भूभागहरू हालको उदयपुरपट्टि बेलका, मैनामैनी तथा धनकुटा र सुनसरीपट्टि वराह क्षेत्र, चतरा, बयरवन आदि मैदानी फाँटमा लामो समयसम्म बसोबास गरेको देखिन्छ। वराह क्षेत्रलाई किरातीहरूले रदाम्मा भन्ने गरेको र पछि वैदिक आर्यहरूको आगमनपश्चात् मात्र यस ठाउँलाई वराह क्षेत्र भन्न थालिएको देखिन्छ। प्राचीन आर्यहरू पश्चिम नेपालबाट प्रवेश गरेर बिस्तारै पूर्वी पहाड तथा पूर्वी तराई क्षेत्रमा फैलने क्रममा यस ठाउँमा आइपुगेको र यो ठाउँ सुन्दर, शान्त देखेर विष्णुको बास रहेको भन्ने आधारमा महाभारत, पुराण आदिमा यस ठाउँको नाम उल्लेख भएको हुनाले पनि यो ठाउँ वराह क्षेत्रको नामबाट प्रसिद्ध भएको देखिन्छ। तर ती प्राचीन संस्कृत वाङ्मयहरूका आधारमा के प्रस्ट छ भने त्यस ठाउँमा वैदिक आर्यहरूको आगमन हुनुपूर्व नै किरातीहरूको बसोबास तथा संस्कृति र सभ्यताको विकास भइसकेको थियो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भौगोलिक रूपले खुवालुङ र वराह क्षेत्र निकै निकट रहेको छ। वराह क्षेत्रभन्दा केही माथि खुवालुङ पर्दछ। खुवालुङलाई साक्षी राखेर, पार गरेर, सिमाना बनाएर वा चिनोका रूपमा मानेर किरातीहरू सप्तकोसीको अन्य सहायक नदीहरू पछ्याउँदै उँभोउँभो पहाडतिर लागेको देखिन्छ तर ती किरातीहरू लामो समयसम्म सप्तकोसीको मैदानी भागहरू वराह क्षेत्र आसपास नै बसोबास गरेको देखिन्छ। किनभने अझै पनि धनकुटातिरका राईहरूले वराह क्षेत्रमा आएर आफ्ना पितृहरूको अन्त्येष्टि गर्ने, हरेक वर्ष वराह क्षेत्रमा आएर आफ्ना पितृहरूको अनुष्ठान गर्ने गरेको देखिन्छ। यसरी नै किराती नाक्छोङ, फेदाङ्वाहरूले पनि मुन्दुम वाचन गर्ने क्रममा खुवालुङ तथा रदाम्मा अर्थात् वराह क्षेत्रलाई पनि सम्बोधन गर्ने गर्दछन्। यसरी हेर्दा के प्रस्ट हुन्छ भने किराती, खुवालुङ र वराह क्षेत्रको अत्यन्त निकट सम्बन्ध रहेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय : सात

किराती जाति र खुवालुङको सम्बन्ध

७.१ विषय परिचय

किरात के हो यसबारेमा अध्याय तीनमा विस्तृत रूपमा चर्चा गरिसकिएको छ यसरी नै खुवालुङबारेमा पनि अध्याय पाँचमा चर्चा गरिसकिएको छ। त्यसैले यस अध्यायमा किरात र खुवालुङको सम्बन्ध खोज्ने कार्य गरिएको छ। यसका लागि किराती मुन्दुम र खुवालुङ किरातीहरूको आस्था र विश्वासको धरोहर खुवालुङ, माङ्पा, फेदाङमा र खुवालुङ, किराती इतिहास र खुवालुङ, किराती संस्कृति र खुवालुङबारेको सम्बन्ध आदिका बारेमा अन्वेषण गरिएको छ।

७.२ किराती मुन्दुम र खुवालुङ

मुन्दुम किरातीहरूको इतिहास सभ्यता, संस्कृति, दर्शन, चिन्तन, व्यवहार आदि झल्काउने महत्त्वपूर्ण मौखिक वाङ्मय हो। मुन्दुमलाई किरातीहरूले भर्खरभर्खर मात्र लिखित रूपमा दस्तावेजीकरण गर्न थालेका छन्, यद्यपि अझै पनि किरातीहरूको मुन्दुम/मुन्धुम मौखिक तथा श्रुतिपरम्परामै जीवित रहेका छन्। मुन्दुमभित्र अनेकौं विषयहरूको वर्णन पाइन्छ र ती विभिन्न विवरणहरूमध्ये यसले समेट्ने महत्त्वपूर्ण विषय हो इतिहास। मुन्दुमभित्र किराती इतिहासका पदचापहरू यत्रतत्र पाइन्छन्। किरातीहरूले कहाँकहाँ बसाइँ सर्दै आए, कुनकुन ठाउँमा किन र केका लागि बसाइँ सर्दै गए, उनीहरूले बसोबास गरेको ठाउँहरूमा केकस्तो प्राकृतिक अवस्था थियो, यसरी नै उनीहरूको खानपिन वेशभूषा केकस्ता थिए आदि ऐतिहासिक छनकसमेत मुन्दुमभित्र प्राप्त गर्न सकिन्छ। त्यसैले मुन्दुम किरातीहरूको इतिहास खोजी गर्ने महत्त्वपूर्ण सामग्री र आधार पनि हो।

मुन्दुमभित्र विभिन्न समयका भौगोलिक विवरणहरूसमेत प्राप्त गर्न सकिन्छ। ती विभिन्न विवरणहरूमध्ये महत्त्वपूर्ण विवरण हो खुवालुङ। किरातीभित्रका विभिन्न भाषिक समुदायमा प्रचलित मुन्दुमी रिसियाहरूभित्र कैरन र प्रस्तुतिहरूभित्र खुवालुङका विवरणहरू प्राप्त गर्न सकिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तीं विभिन्न भाषामा प्रचलित केही विवरणहरूमध्ये इन्द्रहाङ खम्बू (२०७८ : ६-७) ले यस प्रकार उल्लेख गरेका छन् :

किरातीहरूको मुन्दुममा 'खुवालुङ' को प्रसङ्ग

खुवालुङका सम्बन्धमा इन्द्रहाङ खम्बु (२०७८-४) लेख्छन् : 'खुवालुङ' को प्रसङ्ग सबै किरातीहरूको मुन्धुम/मुन्दुमहरूमा आउँदछ। विविध भाषा-भाषी भएका किरातीहरूले खुवालुङलाई आ-आफ्नै शब्दमा कसैले 'खुवालुङ' कसैले 'खवालुङ' कसैले 'खुक्वालुङ' त कसैले ख्वालुङ भनी उल्लेख गरिएको पाइन्छ। शाब्दिक रूपमा भिन्नता देखिए तापनि भौगोलिक वस्तुस्थिति, काल, परिस्थिति अनि हिँड्ने मुन्धुमी बाटोका वर्णनहरू भने एउटै रहेको पाईन्छ त्यसैले खुवालुङ, खवालुङ, खुक्वालुङ र ख्वालुङ जे भने तापनि त्यो आज हामी सबैले भन्दै, मान्दै र पुज्दै आएको खुवालुङ नै हो।

किरात साम्पाङ राईहरूको मुन्धुमअनुसार बिजुवाहरू 'ह्वाकुमबुङ' (न्यानो ठाउँ) - यो ह्वाङहो नदिको किनारको कुनै गर्मी ठाउँ हुनुपर्दछ - त्यहाँबाट 'साङपो' (ब्रम्हपुत्र) हुँदै पानला - 'गुवाला' (गुवा-पान पाइने ठाउँ) बाट सप्तकोसी नदीलाई पछ्याउँदै अघि बढ्दा थारुहों', 'बज्जिका', (थारू र बज्जिकाहरू बसोबास गरेको ठाउँ) हुँदै 'खुवालुङ', 'बुसुलुङ', 'थावालुङ' भन्ने ठाउँ आइपुग्दछन् र फेरि 'खुवालुङ' बाट 'मुसुलुङ' हुँदै दुधकोसी नदीलाई पछ्याउँदै अघि बढ्दछन् र आफ्नो बोब्बि/'चावा'/चारी (थातथलो) तर्फ लाग्दछन्। किरात चाम्लिङ राईहरूको नछुङले बखान्ने एउटा रिसिया (स्लोक) यस्तो छ :

"चाप्चा साया हर्चा लासा
वर्पा साया घिरुङ लासा
हय मुबी साया, कुपी साया
हउवा लासा, रिसी लासा
हय होंछा साया हौसाप् लोसा
हय खारु साया उप्फूलों होर्सा
निमि साया हुहु लासा
ह्य खुवालुङ वो मुबोक्होक्सा,
आबोन्होक्सा यामैडङ कुन्योउ
हय वाहि लाभ, बैखु लाम
मोवोक्होक्सा,
बावोक्होक्सा साया सामा यामैढुङ कुन्योउ"

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुन्दुम (चाम्लिङ राईहरूको मुन्धुम पेज नं सृस्टि ११३)
अर्थ
"बाघ साया गर्जदैं
भालु साया कराउँदै
पुकार गर्दै, मुन्धम गाउँदै
मान्छे साया हुँकार गर्दै
किसान साया कामकाज गर्दै
कुकुर साया ध्वाङध्वाङ भुक्दै
म नछुड खुवालुङ पो नाघ्दै आएँ है
नदीको बाटो तलाउको बाटो नाघ्दै आएँ है
लौ शिर उभ्याइदिए है।"

किरात चाम्लिङ राईहरूकै वाडाको (पानीदेउ) मुन्धुम गर्दा खुवालुङको प्रसङ्ग यसरी आउँछ।

"मैयारिडा बो, खुवालाम्डा बो,
यावानानी बो, आ अई ककक"
चाम्लिङ मुन्दुम (चाम्लिङ २०७१ :१४०)
अर्थ, "लौ है दाजुभाइमा पो, लौ है खुवालुङमा पो देखा परेर पो" किरात मेवाहाङ जातिको मुन्धुममा खुबालुङसम्बन्धी यसरी उल्लेख भएको पाइन्छ :
"आ तरावा इवाने
खुम्बुहाङ, मेवाहाङ, मेत्नाहाङ
तक्त-तक्मापी नमाची,
खुडनिहाङमा, शिरिहाङमा,
काशिहाङमा / सत्तेहाङमाची,
तुम्मालोङ चाबूढाल्सु
मयुवा दुम्साआ करामिलोम् रदम्मा
चेत्तोभ् ययाफु प्यात्तोन्।
थब्नास हुप्तोम् लाम डेतोय्
तादापमी मोलासमाङ
याङवा, रुइयुवा थायेवामी,
वाचोप्रीबी होने तामीमाङ
मोबीप्प इवामे दुप्पा
खुवालुङ से:मीतुची"
मेवाहाङ मुद्दम, अध्याय 'क' मीनापोखा लोङ होडहेउ मेवाहाङमी त्याक्सीकबा यायेन मुद्दम - मानव उत्पत्ति शास्त्र - " पेज नं २ बाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ "यस तराइबाट पनि खम्बुहाङ, मेवाहाङ र मेलाहाङ आ-आफना पलिहरू खुङनीहाङमा, शिरिहाङमा, काशिहाङमालाई लिएर बनकेरा र बोहोरी रुख आदि काट्दै र बाटो बनाउँदै कोसी नदी पछ्याएर वराह क्षेत्र आइपुगे र त्यहाँबाट पनि त्रिवेणी (याङवा, रुईयुवा र बावा मिसिएको ठाउँ आएर र त्याहाँ भएको खुवालुङलाई साक्षी राखेर ती तीन भाइहरू छुट्टिए ।"
किरात लिम्बू जातिको किरात 'चाम्जिक मुन्धुम' को पेज नं १ को मन्त्र नं २ को प्रारम्भमै खुवालुङको बारेमा यसरी उल्लेख गरिएको छ।

"अम खवालुङ थाक्फुत् माङ सेवारो ।
अम साप्योक लिङयोक्ले कुयोक्हाङ माङ ।
अम माङे बासेवारो ॥"

तर त्याहाँ खुवालुङलाई खुवालुङ नभनी खवालुङ भनी उल्लेख गरिएको छ । सोही चाम्जिक मुन्धुमकै पेज नं ३७,३८, ३९ र ४० मा एउटा मुन्धुम (पाठ) को शीर्षकसँग नै "खुवालुङ पाक्फुसा खिम्माङ सेवा" अर्थात् "मूल पितृ देवताको कर्म" भन्ने ४ पृष्ठको एउटा पाठ रहेको छ ।
किराती सुनुवार (कोइच) जाति उत्पति भाषा, धर्म र संस्कृति एक परिचय भन्ने पुस्तकको सुनुवार (कोइच) जातिको उत्पति एक छलफल' शीर्षकको पेज नं ४ मा स्वालु चाट राजा, लिखु इत्यादि जग्गा आबाद गर्नेहरू बारबोम्बा वंशी भए" भनी उल्लेख गरिएको छ । यहाँ ख्वालुङ भनी उल्लेख गरिएको भए तापनि त्यो 'खुवालुङ' नै हुनुपर्दछ ।

नेपाल 'दोलखारेङ' २०५६।०१।०१ को उत्पत्ति थामी समाज को मुखपत्र सम्बन्धमा पुर्ख्यौलीहरूको आख्यान-व्याख्यान:' शीर्षकको पेज नं. ७ मा आदि पुर्खाहरू सिमाङघाटबाट लिम्बुवान, खम्बुवानसँग अम्बरकोसी' सम्म सँगै आएका र त्यहाँबाट थामी दम्पतीहरू दुधकोसी हुँदै तामाकोसी धपाएर क्रमशः सेती गङ्गा, काली गङ्गालगायत विभिन्न ठाउँहरूमा बसोबास गर्दै आए" भनी उल्लेख गरिएको छ यहाँ अम्बरकोसी भनि उल्लेख गरिएको छ । यो अम्बरकोसी नामको कुनै पनि नदी किरात क्षेत्रमा नभएको र लिम्बुवान, खम्बुवानसँगै आएको अनि अम्बरकोसीबाट छुट्टिएको भन्ने प्रसङ्गले त्यो अम्बरकोसी नै अरुणकोसीको अपभ्रंश रूप भएको अनुमान गर्न सकिन्छ यसरी किरात थामी जाति पनि यही खुवालुङ बाटनै छुट्टिएको भन्ने बुझिन्छ ।

यसरी हेर्दा के देखिन्छ भने किराती जातिको विभिन्न भाषामा प्रचलित मुन्दुममा खुवालुङबारे चर्चा भएको पाइन्छ। किराती जातिको विभिन्न थरीको भाषामा खुवालुङको चर्चा पाइनुको अतिरिक्त खुवालुङलाई आस्था अनुष्ठान गर्ने विधि र समयको समेत उल्लेख भएको पाइन्छ। यी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विभिन्न तथ्य इतिहास र लोकसामग्रीहरूका आधारमा के प्रस्ट देखिन्छ भने किराती जातिका मौखिक परम्परामा रहेका कथा, गाथा, मिथक र मुन्दुमहरूमा खुवालुङबारे विभिन्न प्रकारका विवरणहरू स्पष्ट रूपमा उल्लेख भएका छन् ।

७.३ किरातीहरूको आस्था एवं विश्वासको रूपमा खुवालुङ

किरातीहरूको सामाजिक, सांस्कृतिक, धार्मिक अगुवाका रूपमा वा सांस्कृतिक संवाहकका रूपमा माङ्पा, नाक्छोङ, फेदाङ्मालाई लिने गरिन्छ । किरातीहरूको सम्पूर्ण सांस्कृतिक व्याख्याता, प्रस्तोता यिनीहरू नै हुने हुनाले किराती समुदायमा यी माङ्पा, फेदाङ्माहरूको महत्त्वपूर्ण स्थान र भूमिका हुने गर्दछ । किराती जातिको सांस्कृतिक आधार र स्रोत एवं इतिहास मुन्दुम/मुन्धुम हो भने मुन्दुम/मुन्धुममा खुवालुङबारेका विवरणहरू प्रशस्त मात्रामा आउने हुनाले खुवालुङको महत्त्व तथा गरिमा किरातीहरूमा अत्यन्तै उच्च रहेको पाइन्छ । धामी, झाँक्री, माङ्पा, फेदाङ्माहरूले आफ्नो शक्ति प्राप्त गर्नका लागि होस् वा आङमा देउता चढाउनका लागि होस्, खुवालुङलाई अनिवार्य रूपमा सम्बोधन गर्ने गर्दछन् । यसरी मुन्दुममा खुवालुङको प्रसङ्ग बारम्बार आउनुले पनि किराती जातिसँग खुवालुङको सम्बन्ध रहेको पुष्टि हुन्छ । यसरी खुवालुङलाई किरातीहरूले आफ्नो महत्त्वपूर्ण सांस्कृतिक, धार्मिक एवं ऐतिहासिक स्थलका रूपमा लिने गर्दछन् ।

किरातीहरू प्राचीन समयदेखि नै ओल्लोकिरात, माझकिरात र पल्लोकिरात क्षेत्रमा बसोबास गर्दछन् । ती ठाउँमा आउने सम्पूर्ण किरातीहरूको प्रवेशविन्दु खुवालुङ नै हो भन्ने आधार विभिन्न किराती भाषिक सम्प्रदायहरूमा प्रचलित मिथकहरू मुन्दुमी रिसियाहरू हुन् । त्यही खुवालुङबाटै विभिन्न नदीहरू पछ्याउँदै विभिन्न ठाउँमा छरिएर बसोबास गर्न पुगेका किरातीहरूका अलगअलग भाषा, परम्परा र प्रचलन विकास भएको देखिन्छ । यसरी सम्पूर्ण किरातीहरूले खुवालुङलाई आफ्नो आदिम थलोका रूपमा आदिम प्रस्थानबिन्दुका रूपमा, छुट्टिएको आदिम भूमिका रूपमा जस्ता विभिन्न हिसाबले अत्यन्त महत्त्वपूर्ण सम्पदाका रूपमा लिने गर्दछन् ।

यसरी हेर्दा के देखिन्छ भने खुवालुङ किरातीहरूको आस्था एवं विश्वासयुक्त सांस्कृतिक स्थल हो । यही खुवालुङ भएको स्थान त्रिवेणीमा हरेक साल भेला भएर किरातीहरूले पूजा-आराधना गर्ने प्रचलन रहेको पाइन्छ । प्रत्येक साल भेला हुने पूजा-अनुष्ठान गर्ने र उक्त अवसरमा ठुलो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मेलासमेत लाग्ने गरेको इतिहास पाइन्छ। यसरी नै हरेक माङ्पा/ नाक्छोङहरूले आफूले विधिपूर्वक चिन्ता बस्दा अनिवार्य रूपमा खुवालुङलाई श्रद्धापूर्वक सम्बोधन गर्ने गर्दछन् भने आफ्ना देवीदेउता तथा खुवालुङलाई सम्झेर मात्र विसर्जन गर्ने गर्दछन्। यसबाट पनि खुवालुङप्रतिको आस्था एवं विश्वासको महत्त्व प्रस्ट हुन्छ। तर हाल भने त्यो परम्परा छुटेको देखिन्छ। जे होस्, समग्रमा भन्दा 'खुवालुङ' किरातीहरूको महत्त्वपूर्ण आस्था एवं विश्वासको धरोहर हो।

७.४ माङ्पा, फेदाङ्मा र खुवालुङ

किरातीहरूको धार्मिक, सांस्कृतिक सामाजिक अगुवा एवं संवाहकका रूपमा माङ्पा, कुबी, नाक्छोङ, फेदाङ्मा आदि विशेष ज्ञानप्राप्त व्यक्तिहरूलाई लिइन्छ। उनीहरूद्वारा नै सम्पूर्ण सांस्कृतिक गतिविधिहरू सञ्चालित हुन्छन्। यिनै माङ्पा, फेदाङ्मा जस्ता ज्ञानप्राप्त, शक्तिप्राप्त व्यक्तिहरूले विभिन्न प्रकारका सांस्कृतिक, धार्मिक अनुष्ठानहरू सम्पन्न गर्ने क्रममा रिसिया, कैरन आदि मन्त्र वाचन गर्दा वा फलाक्दा खुवालुङलाई अनिवार्य रूपमा सम्बोधन गर्ने गर्दछन्। धामी-झाँक्री, माङ्पा, फेदाङ्माहरूले विभिन्न शक्तिशाली देवीदेउता, सिमेभूमे, कुलदेवता आदिलाई बल माग्दै जाने क्रममा खुवालुङबाटै बल वा शक्ति माग्ने गर्दछन्। "ल है खुवालुङ मलाई शक्ति प्रदान गर म तिमीलाई श्रद्धापूर्वक सम्झँदै छु" भन्दै खुवालुङलाई सम्बोधन गरेर मात्र अन्य शक्तिहरूसँग बल माग्ने गर्दछन्। यस विषयमा सुनसरी चतरा निवासी वर्ष ६५ का वीरबहादुर राईका अनुसार धामीझाँक्रीले चिन्ता बस्दा सर्वप्रथम खुवालुङलाई बल मागेर मात्र अन्य कुलदेउतालाई बल माग्ने गर्दछन्। उहाँकै विचार जस्तो मैनामैनी बस्ने वर्ष ५५ का रविकुमार राईको पनि छ। उनका अनुसार पनि पुराना र जान्नेबुझ्ने धामी-झाँक्रीले खुवालुङलाई नभाकी चिन्ता बस्नै सक्दैन।

उपर्युक्त विभिन्न अवस्था र विवरणहरूलाई हेर्दा के देखिन्छ भने खुवालुङ क्षेत्रबाटै हाल मुख्य रूपमा बसोबास गर्ने किरात क्षेत्रमा पुगेका किरातीहरूले आफ्नो प्रस्थानबिन्दुलाई वा आधारभूमिलाई श्रद्धापूर्वक सम्झनेले पनि किरातीहरू खुवालुङबाटै फैलिएका हुन् भन्ने पुष्टि हुन्छ। नाक्छोङ, माङ्पा, फेदाङ्माहरूले वाचन गर्ने मुन्दुमभित्र ऐतिहासिक विवरण पनि प्राप्त गर्न सकिन्छ। यही ऐतिहासिक, भौगोलिक विवरणहरू उल्लेख हुने क्रममा खुवालुङको पनि चर्चा भएको देखिन्छ। यसरी हेर्दा के भन्न सकिन्छ भने किराती माङ्पा, फेदाङ्माहरूले खुवालुङलाई अनिवार्य रूपमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्बोधन गर्ने भएकाले खुवालुङ र उनीहरूबिच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ। धामी-झाँक्रीहरूले मुन्दुम फलाक्ने क्रममा आफ्नो आदिम वा आधार भूमि खुवालुङको सम्बोधन गर्ने गरेको देखिन्छ। यसबाट के प्रस्ट हुन्छ भने खुवालुङ किरातीहरूको महत्त्वपूर्ण सांस्कृतिक स्थल हो।

७.५ किराती इतिहास र खुवालुङ

किरातीहरू दक्षिण एसियाकै अत्यन्त प्राचीन जाति हुन्। हजारौँ वर्षपूर्व लेखिएको संस्कृत वाङ्मयहरूमा किरातबारे यत्रतत्र चर्चा गरिएका छन्। हालसम्मको विश्वकै प्राचीन लिखित ग्रन्थ भनिएको वेदमा समेत किरातबारे चर्चा हुनुले के प्रस्ट हुन्छ भने ती प्राचीन संस्कृत ग्रन्थहरू लेखिनुपूर्व नै भारतीय उपमहाद्वीपमा किरातहरूको बसोबास भएको थियो। वेद, पुराण, रामायण, महाभारत, मनुस्मृति आदि संस्कृत ग्रन्थहरूमा किरातीहरूको चर्चा मात्र होइन, किराती संस्कृति र सभ्यताको प्रभावसमेत आर्य समाजमा परेको देखिन्छ। किरात क्षेत्रमा आर्यहरूको प्रवेशपश्चात् ती दुवै जातिबिच अन्तर्घुलन भई एकअर्काको भाषा, संस्कृति, सभ्यता र दर्शनबाट प्रभावित भएको समेत देखिन्छ।

यसरी संस्कृत वाङ्मयहरूमा किरातीहरूबारे विभिन्न प्रकारको चर्चा, विवरणहरू पाइए तापनि किरातीहरूको स्वयं आफ्नो लिखित परम्परा भने पाइँदैन किरातीलाई बुझ्न मुख्य दुईओटा आधार छन्। पहिलो आधार भनेका प्राचीन संस्कृत वाङ्मयहरू हुन् भने अर्को आधार उनीहरूको मौखिक तथा श्रुतिपरम्परामा जीवित मुन्दुम/मुन्धुम हो। मुन्दुमभित्र किरातीहरूका ऐतिहासिक विवरणहरू पनि प्राप्त गर्न सकिन्छ। प्राचीन किराती पुर्खाहरू कुनकुन ठाउँबाट बसाइँ सर्दै आए, कहाँकहाँबाट फैलँदै आए, कुनकुन समूहहरू कताकता छुट्टिए आदि विवरणहरू मुन्दुम/मुन्धुमभित्र प्राप्त गर्न सकिन्छ। यही विभिन्न किसिमको मुन्दुमी विवरणहरूमध्ये खुवालुङको विवरण पनि महत्त्वपूर्ण विषय हो। किरातीभित्रका विभिन्न भाषिक समुदायहरूमा खुवालुङको चर्चा पाइन्छ। खुवालुङबाट कसरी विभिन्न नदीहरू पछ्याउँदै हाल बसोबास गरिरहेको क्षेत्रमा आइपुगे भन्ने विवरण मुन्दुमभित्र पाउन सकिन्छ। यसबाट के प्रस्ट हुन्छ भने किरातीहरू यही सप्तकोसीमा अवस्थित खुवालुङ क्षेत्रबाट विभिन्न कालखण्डमा विभिन्न क्षेत्रमा फैलिएका हुन्। खुवालुङ किरातीहरूको इतिहास पत्ता लाउन महत्त्वपूर्ण सहयोग गर्दछ। त्यसैले के भन्न सकिन्छ भने खुवालुङ किरातीहरूको इतिहासभित्रको इतिहास हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७.६ किराती संस्कृति र खुवालुङ

किराती संस्कृतिको स्रोत र आधार मुन्दुम/मुन्धुम हो। त्यसैले सम्पूर्ण किरातीहरूको संस्कृति मुन्दुमद्वारा निर्देशित हुन्छ। मानिस जुन प्रकारको प्राकृतिक धरातलमा बसोबास गर्दछ सोहीअनुसारको संस्कृतिको निर्माण हुने गर्दछ। चिसो मौसममा बसोबास गर्ने मानिसहरूको सोहीअनुसारको वेशभूषा, खानपान, चाडपर्व, धर्मकर्म हुने गर्दछ भने तातो मौसममा बसोबास गर्ने मानिसहरूको सोहीअनुसार फरक प्रकारको वेशभूषा, खानपान, धर्मकर्म आदि संस्कृतिको निर्माण हुने गर्दछ। किरातीहरूको संस्कृतिमा पनि खुवालुङले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ। खुवालुङ किरातीहरूको प्रवेशद्वार हो। खुवालुङबाटै किरातीहरू विभिन्न क्षेत्रमा फैलने क्रममा फरक-फरक भाषा, संस्कृतिको विकास भएको देखिन्छ।

खुवालुङ सप्तकोसीको सङ्गमस्थलमा भएको र प्राचीन किरातीहरू उक्त सप्तकोसीको सहायक नदीहरू पछ्याउँदै जाने क्रममा फरक-फरक भाषिक समूह, सांस्कृतिक समूह र जातीय समूहको निर्माण भएको देखिन्छ। लगभग पूरै दक्षिण एसियामा फैलिएको प्राचीन किराती जातिहरूमध्ये एक हुल किरातीहरू लामो समयसम्म सप्तकोसीको आसपास बसोबास गरेको तथ्य पाइन्छ। त्यस क्षेत्रमा सबैभन्दा पहिले पुग्ने मानिसको समूहमध्ये प्रथम किराती हो भन्ने कुरा त प्राचीन संस्कृत वाङ्मयबाटै पुष्टि हुन्छ। यसका अतिरिक्त किरातीहरूको मौखिक वाङ्मय मुन्दुमलाई नियाल्ने हो भने पनि ती क्षेत्रमा सबैभन्दा पहिले किरातीहरू नै पुगेका हुन् भन्ने प्रस्ट हुन्छ। यसरी लामो समयसम्म सप्तकोसीको मैदान आसपास बसोबास गर्ने किरातीहरू बिस्तारै-बिस्तारै सप्तकोसीमा मिसिने सहायक नदीहरू पछ्याउँदै उँभोउँभो पहाडतर्फ जाने क्रममा सुनकोसी नदी पछ्याउँदै जाने समूहहरू छुट्टै भाषिक समूह, अरुण नदी पछ्याउँदै जानेहरूको छुट्टै भाषिक समूह र तमोर नदी पछ्याउँदै जाने किरातीहरू बेग्लै भाषिक समूह बन्न पुगेको देखिन्छ। यसरी छुट्टाछुट्टा ठाउँमा जाने र हजारौं वर्षसम्म छुट्टै बसेको कारण क्रममा अलग भाषा, अलग संस्कृतिको विकास हुन पुगेको देखिन्छ भने सोहीअनुसारको अलग वंश, कुल र जातिको समेत विकास भएको पाइन्छ।

यसरी हेर्दा के देखिन्छ भने किरातीहरूको प्रस्थानबिन्दु, प्रवेशबिन्दु र सिमाना खुवालुङ भएकाले पनि यी जातिको संस्कृति निर्माण खास गरेर मुन्दुम, मिथक, गाथा, कथा, पूजा-अनुष्ठान आदि अमूर्त सांस्कृतिक परम्पराको विकासमा खुवालुङको महत्त्वपूर्ण भूमिका देखिन्छ। यही

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
खुवालुङबाट छुट्टिएर विभिन्न समयमा ओल्लोकिरात, माझकिरात र पल्लोकिरातमा पुगेका किरातीहरू वर्तमान समयमा राई, लिम्बू, सुनुवार, याक्खा, जिरेल, थामी, हायु, धिमाल, राजवंशी आदि मुख्य थर र यसभित्र अन्य अनेकौं उपथर, उपजातिका रूपमा विकास भएका र सोहीअनुसारको भाषा, संस्कृति निर्माण हुनुमा खुवालुङको अत्यन्त ठुलो महत्त्व रहेको छ ।

७.७ निष्कर्ष

यी माथिका विभिन्न विवरणहरूका आधारमा के प्रस्ट हुन्छ भने किराती जाति र खुवालुङको अत्यन्तै निकट सम्बन्ध रहेको छ। खुवालुङ किरातीहरूको प्रस्थानबिन्दु भएको र विस्तारित हुने आरम्भ बिन्दुसमेत भएकाले किरातीहरूका लागि यो स्थान विशेष महत्त्वपूर्ण छ। भारतीय उपमहाद्वीपका विभिन्न क्षेत्रमा छरिएर बसोबास गर्ने प्राचीन किराती जातिमध्येको केही हुल यस क्षेत्रमा आएर लामो समयसम्म बसोबास गरेको र गाँस; बास र कपासको निम्ति यस ठाउँबाट अन्यत्र सर्दै जाने क्रममा यही खुवालुङबाट विभिन्न क्षेत्रमा फैलिएको हुँदा पनि किरातीहरूका लागि खुवालुङ निकै महत्त्वपूर्ण स्थान हो भन्ने पुष्टि हुन्छ। यसरी हेर्दा के देखिन्छ भने खुवालुङ किरातीहरूको मुन्दुम, आस्था एवं विश्वास, इतिहास, भूगोल, संस्कृति, सभ्यतासँग जोडिएको महत्त्वपूर्ण सांस्कृतिक स्थल वा सम्पदा हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय : आठ

सारांश तथा निष्कर्ष

८.१ सारांश

पूर्वी नेपालको एक नम्बर प्रदेशमा बहने सप्तकोसी नदी नेपालकै सबैभन्दा ठुलो नदी हो। सप्तकोसीको मुख्य सङ्गमस्थल धनकुटा जिल्ला र उदयपुर जिल्लाको सिमानामा पर्दछ। भोटेकोसी, दुधकोसी, इन्द्रावती, तामाकोसी र लिखु विभिन्न ठाउँमा मिसिएर एउटै नदी भई तल भोजपुर र धनकुटाको सिमानामा अरुण नदीसँग मिसिएको ठाउँलाई माईबेनी दोभान भनिन्छ भने त्यहीबाट लगभग एक किलोमिटर तल अर्को तमोर नदीसँग मिसिएको ठाउँलाई चाहिँ त्रिवेणी दोभान भनिन्छ। ठिक त्यही त्रिवेणी दोभाननजिकै नदीका बिच भागमा रहेको एउटा विशाल भीमकाय ढुङ्गालाई नै किरातीहरूले आफ्नो सांस्कृतिक, ऐतिहासिक, भौगोलिक केन्द्रका रूपमा आस्था एवं श्रद्धा गर्दै आएका छन्। वर्षा याममा पानीको सतह बढेको बेला पानीभित्र छोपिएर रहने र हिउँदमा पानी घटेको अवस्थामा केही भाग पानीबाहिर देखा पर्ने त्यही तामाको जस्तो रङको ढुङ्गालाई नै किरातीहरूले खुवालुङ भन्दछन् जुन ढुङ्गा हजारौँ वर्षदेखि त्यही ठाउँमा रहेको देखिन्छ।

भारतीय उपमहाद्वीपको विभिन्न भागमा छरिएर बसोबास गर्ने प्राचीन जाति किरातीहरूको कुनै समूह प्राचीन समयदेखि नै नेपालको सप्तकोसी क्षेत्रमा बसोबास गरेको र कालान्तरमा तिनै किरातीहरू सप्तकोसीका सहायक नदीहरू पछ्याउँदै पहाडतर्फ उक्लँदै जाने क्रममा हालको ओल्लोकिरात, माझकिरात र पल्लोकिरातमा छरिएर बसोबास गर्न थालेको तथ्य प्राप्त गर्न सकिन्छ। यसरी सप्तकोसी आसपासका क्षेत्रहरूबाट उकालो लाग्ने किराती पुर्खाहरूले सप्तकोसीको बिचभागमा रहेको विशेष प्रकारको, भीमकाय ढुङ्गालाई चिनोका रूपमा, सिमानाका रूपमा र आफ्ना आदिम प्रस्थानबिन्दुका रूपमा श्रद्धापूर्वक स्मरण गर्ने, हरेक सांस्कृतिक, धार्मिक अनुष्ठानहरूमा सम्बोधन गर्ने, श्रद्धा गर्ने गर्न थालेको देखिन्छ। कतिपय किराती समूहहरूले त यही ठाउँमा आएर आफ्ना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पितृहरूको अन्त्येष्टि गर्ने गरेको पनि देखिन्छ भने टाढै पुगेका किरातीहरूका माङ्पा, नाक्छोङ, फेदाङ्वाहरूले भने खुवालुङलाई श्रद्धापूर्वक सम्झने, सम्बोधन गर्ने, शक्ति माग्ने कार्य गर्दछन्। यसरी हेर्दा के देखिन्छ भने खुवालुङ किरातीहरूको महत्त्वपूर्ण सांस्कृतिक, ऐतिहासिक एवं भौगोलिक महत्त्वको स्थल हो।

८.२ निष्कर्ष

किरातीहरूको संस्कृति र सभ्यताको केन्द्रबिन्दु खुवालुङ शीर्षकको प्रस्तुत अनुसन्धान कार्यको निष्कर्ष के रहेको छ भने भारतीय उपमहाद्वीप क्षेत्रमा प्राचीन समयदेखि विभिन्न स्थानमा फैलिएर बसोबास गर्ने प्राचीन जाति किरातीका विभिन्न समूहहरूमध्ये कुनै समूह हाल नेपालको एक नम्बर प्रदेशमा पर्ने सप्तकोसी क्षेत्रका आसपासमा आएर लामो समयसम्म बसोबास गरी आफ्नो आदिम संस्कृति र सभ्यताको निर्माण गरेको देखिन्छ। ती किरातीहरू ती ठाउँमा लामो समयसम्म बसोबास गरेर बिस्तारै हाल खुवालुङ भनिँदै आएको सप्तकोसीका बिच भागमा रहेको ढुङ्गालाई निसानी, सिमाना वा चिनोका रूपमा लिदै सप्तकोसीका सहायक नदीहरू अरुण, तमोर, दुधकोसी, तामाकोसी, इन्द्रावती, आदि पछ्याउँदै हाल चिनिँदै आएको ओल्लोकिरात, माझकिरात र पल्लोकिरात क्षेत्रमा बसोबास गर्दै नवीन संस्कृति र सभ्यताको विकास गरेको देखिन्छ। यसरी आफ्ना पुर्खाहरू लामो समयसम्म बसोबास गरेको थातथलोलाई छोडेर जानुपर्दा निसानीका रूपमा छुट्टिएको सिमानाको रूपमा र चिनो मानेर खुवालुङलाई वर्तमान पुस्ताका धामी, नाक्छोङ, कुबी, फेदाङ्वाहरूले अझै पनि स्मरण, सम्बोधन तथा श्रद्धापूर्वक सम्झने, शक्ति माग्ने कार्य गर्दछन्। यो ठाउँमा लामो समयसम्म बसोबास गरेर आफ्नो प्राचीन संस्कृति र सभ्यताको निर्माणसमेत गरिएको हुँदा किराती समुदायमा खुवालुङ र यस क्षेत्रको अत्यन्त ठुलो महत्त्व छ।

खुवालुङ किरातीहरूको मुन्दुमी स्रोत पनि हो अर्थात् मुन्दुममा खुवालुङको वर्णन पाइने हुनाले खुवालुङ क्षेत्र मुन्दुम निर्माणको पनि महत्त्वपूर्ण आधारभूमि हो। खुवालुङ आसपास क्षेत्रमा बस्ने किरातीहरूका जीवनभोगाइका विवरणहरू पनि मुन्दुममा पाइन्छ। यसरी हेर्दा के देखिन्छ भने खुवालुङ क्षेत्रमा किराती जातिको महत्त्वपूर्ण सांस्कृतिक अवयवहरू भाषा, खानपिन, गीतसङ्गीत, मिथक, कथा, गाथा तथा मुन्दुमी विवरणहरूको समेत निर्माण भई त्यसैको जगमा उभिएर वर्तमान किरातीहरूको सांस्कृतिक परम्पराको निर्माण हुन पुगेकाले पनि खुवालुङ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

किरातीहरूको संस्कृति र सभ्यताको आधार स्तम्भ हो भन्न सकिन्छ। लगभग सिकारी अवस्थामै खुवालुङ क्षेत्रमा आइपुगेका किरातीहरूले यसै क्षेत्रमा आएर अझ बढी प्रकृतिसँग साक्षात्कार गर्न जीविकोपार्जन गर्न सिके। कसरी माछा मार्ने, कसरी जङ्गली जनावरसँग लड्ने, खोलानदी कसरी तर्ने, पानीमा कसरी पौडनेदेखि लिएर खेतीपाती गर्ने तौरतरिका समेत यसै क्षेत्रमा आएर सिके। सप्तकोसी आसपासको क्षेत्रबाट माथिमाथि नदी पछ्याउँदै गएका किरातीहरूले यही खुवालुङ क्षेत्रमा सिकेका ज्ञान, परम्परा र प्राचीन संस्कृतिहरूकै आधारमा कपडा बुन्न, वास्तु निर्माण गर्ने, नाचगान गर्ने, खेतीपाती गर्न सिके। यसका अतिरिक्त तत्कालीन किरातीहरूका विभिन्न समूहहरू अलग-अलग ठाउँमा पुग्ने क्रममा विभिन्न थर, पाछा, सामे आदि साइनो सम्बन्ध नाताकुटुम्ब जस्ता संस्कृति र सभ्यताको विकास गर्दै लगे। त्यसैले पनि के भन्न सकिन्छ भने खुवालुङ किरातीहरूको संस्कृति र सभ्यताको प्रारम्भबिन्दु वा आधारबिन्दु हो।

समग्रमा के भन्न सकिन्छ भने यस अनुसन्धानको प्रमुख उद्देश्य र प्राप्ति भनेको अनुसन्धानका समस्या–कथनमा देखा परेका समस्याहरूको समाधान खोज्नु नै हो। यस अनुसन्धानबाट खुवालुङको ऐतिहासिक परिचय, किराती र खुवालुङको सम्बन्ध, मुन्दुममा खुवालुङबारेको विवरण आदिको जानकारी प्राप्त भएको छ। प्रस्तुत अनुसन्धानमा खुवालुङको परिचय, किराती जाति र मुन्दुमको परिचय प्रस्तुत गरी मुन्दुमभित्र खुवालुङबारेको केकस्तो विवरण पाइन्छ यस विषयमा व्यापक खोज-अन्वेषण गरी किराती जाति र खुवालुङको सम्बन्धलाई प्रस्ट पार्ने काम गरिएको छ। यस अनुसन्धानबाट के प्रस्ट भएको छ भने खुवालुङ किरातीहरूको ऐतिहासिक धरोहर हो र यसलाई प्राचीन किरातीहरूले आदिम थलोका रूपमा लिँदै यस ठाउँबाट अन्य ठाउँमा बसाइँ सर्ने क्रममा आफ्ना पितापुर्खाहरू छुट्टिएको सिमाना र चिनोका रूपमा समेत लिएको हुँदा खुवालुङ किरातीहरूको प्राचीन संस्कृति र सभ्यताको केन्द्रबिन्दु हो भन्ने प्रस्ट हुन्छ।

यसको अतिरिक्त यस ठाउँबाट छुट्टिएर अन्यत्र गई अर्कै बेग्लै फरक-फरक भाषा, संस्कृति र सभ्यताको निर्माण हुन पुगेकोले पनि यस क्षेत्रलाई किरातीहरू छुट्टिएको प्रस्थानबिन्दुका रूपमा समेत रहेको हुँदा यसको छुट्टै महत्त्व रहेको छ। समग्रमा भन्दा खुवालुङ सम्पूर्ण किरातीहरूको संस्कृति र सभ्यता निर्माणको आधारस्तम्भ हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भ ग्रन्थसूची

एफ. जी. ह्यामिल्टन, (सन् १९७१), एन एकाउन्ट अफ द किङ्डम अफ नेपाल, न्यु दिल्ली : मञ्जुश्री पब्लिसिङ हाउस ।

कोलोनेल, कर्कप्याट्रिक, (१९६९), एन एकाउन्ट अफ द किङ्डम अफ नेपाल, न्यु दिल्ली : मञ्जुश्री पब्लिसिङ हाउस ।

खेमराज श्रीकृष्णदास, पद्मपुराण (उत्तरखण्ड) दिल्ली : नाग पब्लिसर्स, सन् १९४८ ।

.... ब्रह्मपुराण, नाग पब्लिसर्स, दिल्ली : सन् २०१५ ।

ग्यान्सले मार्टिन, (२०७६), अनु. तारामणि राई, उत्पत्ति र बसाइँसराइ, काठमाडौं : मेवाहाङ राई या-खोम्मा, उपत्यका समिति ।

चटर्जी, सुनीतिकुमार, (सन् १९५१), “किरात जनकिराती, द इन्डोमङ्गोलाइज्ड : दायर कन्ट्रिब्युसन तय हिस्टोरी एन्ड कल्चर अफ इन्डिया,” जर्नल अफ द एसियोटिक सोसाइटी अफ बङ्गाल, १६(२):१४३-२३५) ।

चेम्जोङ, इमानसिंह, (२०१८), लिम्बू-नेपाली-अंग्रेजी शब्दकोश, काठमाडौं : नेपाल एकेडेमी ।

चोङ्वाङ, हरि (सोन्छेङहाङ), (२०५२), किरात ऐतिहासिक दर्पण, भाग १, प्रं.सं., काठमाडौं : कालुमान लिङ्देन र कृष्णध्वज लिङ्देन ।

चाम्लिङ, भोगीराज (सम्पाः २०७८), एक ढुङ्गा, एक बडापत्र खुवालुङ, काठमाडौं : बेला पब्लिकेसन ।

चापागाई, निनु (२०५९), सन्दर्भ : संस्कृति र सांस्कृतिक रूपान्तरण, काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

जोशी, सत्यमोहन, (२०१४), हाम्रो लोकसंस्कृति, काठमाडौं : रत्नपुस्तक भण्डार ।

टायलर, इ.बी. (१८७४), प्रिमिटिभ कल्चर, न्युयोर्क ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

टेलर, (१८७१), प्रिमिटिभ कल्चर, भोलम २, लन्डन, मोरे ।

टायलर, इ.बी. (१८७४), प्रिमिटिभ कल्चर, न्युयोर्क ।

तोवा, सुएयोशी, (सन् १९९२), **राइट्स अफ प्यासेज एन एस्पेक्ट अफ राई कल्चर,** काठमाडौँ : रोयल नेपाल एकाडेमी ।

दाहाल, लोकमणि, (२०३७), "किरात जाति," **मधुपर्क,** मासिक, वर्ष १३, अङ्क २, पृ. ३२-३५ ।

दुङ्माली, दिवेश बान्तावा र अन्य (सम्पा. २०७८),खुवालुङ वर्ष-१, अङ्क ४-५-६, काठमाडौँ : दिवेश बान्तावा दुङ्माली ।

निप्सुङ (२०७५), अङ्क ३५, काठमाडौं, किरात राई यायोख्या, केन्द्रीय कार्यसमिति ।

पराजुली, ठाकुर (२०४६), **नेपाली साहित्यको परिक्रमा,** काठमाडौँ : विद्या प्रकाशन ।

पराजुली, मोतीलाल, (२०४९), **नेपाली लोकगाथा,** पोखरा : तारा पराजुली ।

पराजुली, मोतीलाल, (२०७८), **लोकवार्ता भाग-८,** प्र. सम्पा. डा. भक्त राई, काठमाडौं : लोकवार्ता परिषद् नेपाल ।

प्रज्ञा मिथक कोश (२०७४), कमलादी : काठमाडौँ, नेपाल प्रज्ञा-प्रतिष्ठान ।

पाण्डे, रामकुमार, (२०४२), **नेपाल परिचय,** ललितपुर : विधा पुस्तक भण्डार ।

प्रभात, विष्णु (प्र. सम्पा.), (२०७०), प्रज्ञा दर्शन कोश, काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

प्रभात, विष्णु, (२०६८), *समाज, संस्कृति र नैतिकता,* काठमाडौँ : कल्पवृक्ष प्रकाशन ।

प्रपन्नाचार्य (सम्पा., २०५९), *जोसमनि स्मारिका,* काठमाडौं : जोसमनि धर्म सेवा मूल समिति नेपाल ।

प्रपन्नाचार्य, स्वामी, (२०५१), **प्राचीन किरात इतिहास,** दो.सं., पाँचथर : किरातेश्वर प्रकाशन वैदिक किरातेश्वर आयुर्वेदिक आश्रम स्वर्गपुरी, रवि, पाँचथर ।

........, (२०५७), **वेदमा के छ ?** पाँचौ सं. ललितपुर : साझा प्रकाशन ।

वार्नो, भिक्टर (१९७३), कल्चर एन्ड पर्सनालिटी । होम उड लिनोइसः द डोरेसी प्रेस ।

बुढामगर, हर्षबहादुर, (२०४९), **किरात वंश र मगरहरू,** काठमाडौँ : उन्नति बोहोरा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भान्सीटाई एडेन, (सन् १९१५), **गोर्खाज**, दो.स. कलकत्ता : सुपरिटेन्डेन्ट गोममेन्ट प्रिन्टिङ इन्डिया ।

मुखिया, अतित, (२०६७), **सादार विहार**, काठमाडौं : चप्लु समाज ।

मुद्दुम, (२०६८), किरात साम्पाङ राई, जुम्लेखा ।

मुन्दुम, होसुङ (२०७४), काठमाडौँ, किरात चाम्लिङ खाम्बातिम ।

मोर, मनसुखराय, **स्कन्दपुराण (रेवा खण्ड)**, वाराणसी : चौखम्बा संस्कृत सिरिज अफिस, २०५९ ।

महर्षि वेदव्यास, **मत्स्यमहापुराण**, गोरखपुर : गीताप्रेस, २०६९ ।

माली, लक्ष्मी र भोगीराज चाम्लिङ (सम्पा. २०७७), किराती लोकसाहित्य, काठमाडौँ : नेपाल प्रज्ञा- प्रतिष्ठान ।

मैकडकाल, चार्ल्स, (सन् १९७९), **द कुलुङ राई**, काठमाडौं : रत्न पुस्तक भण्डार ।

युनेस्को (सन् २००३), अमूर्त सांस्कृतिक सम्पदा संरक्षणसम्बन्धी महासन्धि ।

योगेश, वराह क्षेत्र (२०७३), वराह क्षेत्र माहात्म्य, वराह क्षेत्र, सुनसरी : वराह क्षेत्र सेवाश्रम धर्मशाला ।

योगी नरहरिनाथ, **स्कन्दपुराण (हिमवत्खण्ड)**, काठमाडौँ : नई प्रकाशन, २०७१ ।

राई, इन्द्रहाङ (२०७८), खुवालुङ, (सम्पा. दिवेश बान्तावा र अन्य वर्ष १, अङ्क-३, पुष), काठमाडौँ, बागबजार : दिवेश बान्तवा राई ।

राई, चतुरमान (२०७५), दुमी राई समाजमा पाइने मिथक, किंवदन्ती र लोककथाहरू, ललितपुर : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

राई, चन्द्रकुमार हतुवाली (२०७६), किरात संस्कृति भाग-२ युएसए, मुक्ति नारायण राई र चन्द्रकुमार राई ।

राई, सुमाया (ब्लाष्ट दैनिक, २०७७ फागुन १३ गते) काठमाडौँ ।

राई, मुन्चे, विद्रोही साँइला (२०७८) **खुवालुङ एक ढुङ्गा, एक बडापत्र** (सम्पा. भोगीराज चाम्लिङ), काठमाडौँ : बेला पब्लिकेशन ।

राई, राजेश, (२०७८) **खुवालुङ एक ढुङ्गा, एक बडापत्र** (सम्पा. भोगीराज चाम्लिङ), काठमाडौँ : बेला पब्लिकेशन ।

राई, जङ्गबहादुर (२०७८) **खुवालुङ एक ढुङ्गा, एक बडापत्र** (सम्पा. भोगीराज चाम्लिङ), काठमाडौँ : बेला पब्लिकेसन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राई, युवकुमारी (२०७८) खुवालुङ एक ढुङ्गा, एक बडापत्र (सम्पा. भोगीराज चाम्लिङ), काठमाडौं : बेला पब्लिकेसन ।

राई, निर्कुधन (२०७८) खुवालुङ एक ढुङ्गा, एक बडापत्र (सम्पा. भोगीराज चाम्लिङ), काठमाडौं : बेला पब्लिकेसन ।

राई, खड्ग पुमा (२०७८) खुवालुङ एक ढुङ्गा, एक बडापत्र (सम्पा. भोगीराज चाम्लिङ), काठमाडौं : बेला पब्लिकेसन ।

राई, भरत वात्पाङ (२०७८) खुवालुङ एक ढुङ्गा, एक बडापत्र (सम्पा. भोगीराज चाम्लिङ), काठमाडौं : बेला पब्लिकेसन ।

राई, लोकबहादुर (२०७८) खुवालुङ एक ढुङ्गा, एक बडापत्र (सम्पा. भोगीराज चाम्लिङ), काठमाडौं : बेला पब्लिकेसन ।

राई, ताराहाङ, (२०५३), किरात मूलको एक हाँगा खुम्बुको सामेक नै गोत्र हो, काठमाडौं : क्याप्टेन जमनारायण राई, ।

राई, इशारा सन्तकुमार र अन्य (२०५५), दोवाङदुम साम्कालिङ, काठमाडौं : किरात राई यायोक्वा केन्द्रीय कार्य समिति ।

राई, बमबहादुर, (२०५५), किरात इतिहास, काठमाडौं : श्रीमती गङ्गा राई ।

......., (२०५८), पौराणिक किरात इतिहास, दिक्तेल मझुवा : श्रीमती गङ्गा राई ।

राई, दुर्गाहाङ याक्खा, (२०५८), किरात याक्खाको इतिहास, छलफल ।

राई, जे.बी., (२०६१), "किरात धर्म र मुन्धुम," निप्सुङ, काठमाडौं : कि.रा.पा. केन्द्रीय समिति ।

राई, खगेन्द्रबहादुर, (२०६२), किरात खुम्बु साम्पाङ, ललितपुर : किरात साम्पाङ राई उत्थान समाज, केन्द्रीय समिति ।

राई, जयप्रसाद, (२०६२), रिदुम मुन्धुम (ज्ञान दर्शन), काठमाडौं : मेजर बालकृष्ण राई ।

राई, हिमालधन, (२०६४), आदिवासी जनजातिको मूलबाटो, काठमाडौं : श्री सुच्चा राई कल्याणकारी समाज ।

राई, रामचन्द्र, (२०६६), प्राचीन किरातहरूले छाडेका सम्पदाहरू, काठमाडौं : यशोदा खापुङ ।

राई, भक्त, (२०६६), "राई जातिमा प्रचलित लोकगीत", गरिमा, ललितपुर : साझा प्रकाशन, वर्ष २७, अङ्क ३, पूर्णाङ्क ३१, फाल्गुन, पृ.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१०६-१०९ ।

राई, भक्त, (२०६६), "राई जातिमा प्रचलित लोकगीत", गरिमा, ललितपुर : साझा प्रकाशन, वर्ष २७, अङ्क ३, पूर्णाङ्क ३१, फागुन, पृ. १०६-१०९ ।

राई, भक्त (२०७१) किरात साम्पाङ पहिचानमा लोकगीतको भूमिका, काठमाडौँ : नेपाली डायस्पोरा वाङमय प्रतिष्ठान ।

राई, भक्त, (२०७४), पूर्वीय दर्शन, काठमाडौँ : नेपाल प्राज्ञिक अनुसन्धान केन्द्र ।

राई, भक्त, (२०७५), प्रज्ञा लोकवार्ता विवेचना, सम्पा. प्रा.डा. भवेश्वर पंगेनी, काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

लामिछाने, भरत प्रसाद (२०६३ प्र.सं.), संस्कृति र संस्कार, वाराणसी : अनुष्ठान प्रकाशन, उ.प्र. ।

लुइटेल, तिलकप्रसाद (२०६६ अनु.), अथर्ववेद, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

.... (२०६६ अनु.), ऋग्वेद, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

.... (२०६६ अनु.), यजुर्वेद, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

..........(२०६६ अनु.), शामवेद, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

विष्ट, डोरबहादुर, (सन् १९८७), पिपुल अफ नेपाल, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

विष्ट डोर बहादुर, (सन् १९९२), फेटालिज्म एन्ड डेभलपमेन्ट, कलकता : ओरियन्ट लङ्मेन ।

शर्मा, टीकाराम, (२०४४), नेपालमा राजपरम्परा र साहित्यिक रूपरेखा, काठमाडौँ : लेखक स्वयम् ।

शर्मा, नेपाल, वसन्तकुमार (२०५८), नेपाली शब्द सागर, काठमाडौँ : भाभा पुस्तक भण्डार ।

शर्मा, जनकलाल, (२०५८), हाम्रो समाज एक अध्ययन, ललितपुर : साझा प्रकाशन, ते.सं. ।

शर्मा, वसन्तकुमार नेपाल, (२०६४), महाभारत (अनु.), चावहिल : भामा पुस्तक भण्डार ।

सांस्कृत्यायन, कमला, (सन् १९८१), किरात जातिको इतिहास, दार्जिलिङ : वाङ्मय ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिंह, जी.बी., (सन् १९९०), प्राचीन भारतमा किरातहरू (अनु. टी.बी. राई), नाम्ची दक्षिण सिक्किम : निर्माण प्रकाशन ।

सुवेदी, ओमप्रसाद, (२०६५), लैकु पश्चिमका लोकसंस्कृति तथा किरात सभ्यता, प्र.सं. खोटाङ : परिजन सुवेदी ।

सिंह नागरशरण, वराहपुराण, दिल्ली : नाग पब्लिसर्स, सन् २०१० ।

हार्ताम्छाली, नारद, (२०५६), कलाङ, काठमाडौं : हार्ताम्छाली परिवार ।

■

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल प्रज्ञा–प्रतिष्ठान

9 789937 781923

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal